# नेपाली

## कक्षा ४

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि.सं २०७९

*पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने सुझावहरूलाई केन्द्र हार्दिक स्वागत गर्दछ ।*

# हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विकास गरिएको आधारभूत शिक्षा (कक्षा ४) को नेपाली विषयको पाठ्यक्रमअनुरूप परीक्षणबाट प्राप्त सुझावसमेत समायोजन गरी यो पाठ्यपुस्तक विकास गरिएको हो ।

यस पाठ्यपुस्तकको लेखन तथा परिमार्जन डा.केशव भुसाल, श्री महेश भट्ट, श्री लेखनाथ दाहाल, श्री टुकराज अधिकारी, श्री इन्दु खनाल र श्री चिनाकुमारी निरौलाबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री अणप्रसाद न्यौपाने, प्रा.डा कृष्णप्रसाद घिमिरे, डा. देवी नेपाल, श्री विष्णु ज्ञवाली, डा. जानुका नेपाल र श्री गणेशप्रसाद भट्टराईको योगदान रहेको छ । यस पाठ्यपुस्तकको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

यस पाठ्यपुस्तकले विद्यार्थीमा निर्धारित सक्षमता विकासका लागि विद्यार्थीलाई सहयोग गर्ने छ । यसले विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण र आधारभूत सामग्रीका रूपमा कक्षा क्रियाकलापबाट हुने सिकाइलाई मजबुत बनाउन सहयोग गर्ने छ । त्यसैले यो शिक्षकको सिकाइ क्रियाकलापको योजना नभई विद्यार्थीका सिकाइलाई सहयोग पुऱ्याउने सामग्री हो । पाठ्यपुस्तकलाई विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित बनाउने प्रयास गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा गरिएको छ । यस पुस्तकलाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०७९

# विषयसूची


| क्र.स. | शीर्षक | विधा | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| पाठ : १ | सबै मेरा गुरु | कविता | १ |
| पाठ : २ | सुनको मूर्ति | कथा | ८ |
| पाठ : ३ | मलाई पुस्तक मन पर्छ | निबन्ध | २० |
| पाठ : ४ | साथीलाई चिठी | चिठी | ३१ |
| पाठ : ५ | खेलकुदको महत्त्व | संवाद | ३९ |
| पाठ : ६ | झुटको परिणाम | कथा | ४९ |
| पाठ : ७ | समाजसेवी महावीर पुन | जीवनी | ६० |
| पाठ : ८ | कुरिलो खेती | निबन्ध | ७२ |
| पाठ : ९ | घमन्डको फल | कथा | ८१ |
| पाठ : १० | सानी नदी | कविता | ९२ |
| पाठ : ११ | नारायणहिटी दरबार सङ्ग्रहालय | निबन्ध | १०० |
| पाठ : १२ | निसाफ | कथा | १११ |
| पाठ : १३ | घले गाउँ | नियात्रा | १२१ |
| पाठ : १४ | जूनतारा छुन | कविता | १३२ |
| पाठ : १५ | साथी | कथा | १३८ |
| | परिशिष्ट | सुनाइ पाठ | १५२ |


## पूर्व पठन पाठ १

**तल दिइएका चित्रले के सन्देश दिएका छन्, भन्नुहोस् :**










मूल पाठ

# सबै मेरा गुरु

कालीप्रसाद रिजाल



संसार नै मेरो स्कुल सबै मेरा गुरु
सबैबाट शिक्षा लिन्छु म त खुरुखुरु ।

घामबाट शिक्षा लिन्छु सबको भलो गर्ने
ज्ञानको ज्योति फैलाएर अन्धकार हर्ने
वृक्ष पनि उदार छन् दिन्छन् मिठो माया
पौरखीलाई फलफूल बटुवालाई छाया ।

पर्वतले पनि मलाई शिक्षा दिँदै भन्छ
कर्तव्य र आदर्शमा अटल बन्नुपर्छ
खोला पनि पुस्तकै हो संसारले पढ्ने
लक्ष्य आफ्नो नछोडेर अघि अघि बढ्ने ।

कानैनेर भुनभुनाई माहुरीले भन्छ
एकताले जस्तोसुकै काम पनि बन्छ
फूल भन्छ सधैँ मलाई मिठो वास छर
काँडैकाँडा बिचमा पनि मुस्कुराउने गर ।

शब्दार्थ

गुरु : शिक्षा दिने व्यक्ति
भलो : हित, कल्याण
उदार : ठुलो मन भएको, मनकारी
पौरखी : मिहिनेती, परिश्रमी
कर्तव्य : जिम्मेवारी, उचित व्यवहार
आदर्श : अनुकरण गर्न योग्य
वास : वासना, सुवास

## शब्दभण्डार

१. **तल दिइएका शब्दको मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) एकता | प्रकाश छेकिँदा पर्ने ओझेल |
| (ख) छाया | हासिल वा प्राप्त गर्नुपर्ने कुरा |
| (ग) लक्ष्य | एक हुँदाको अवस्था |
| (घ) कर्तव्य | पर्वत जस्तै स्थिर |
| (ङ) अटल | मुस्काउने काम |
| (च) मुस्कान | पूरा गर्नुपर्ने काम |

२. **कवितामा प्रयोग भएका 'माया छाया' जस्तै अन्य लय मिल्ने शब्द पहिचान गरी लेख्नुहोस् ।**

३. **तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

माया, एकता, काम, फूल, अन्धकार, मिठो

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

संसार, शिक्षा, काँडा, पर्वत, पुस्तक, पौरखी, लक्ष्य

२. **'सबै मेरा गुरु' पाठ लय मिलाएर पढ्नुहोस् ।**

३. **'सबै मेरा गुरु' पाठको पहिलो हरफमा कतिओटा वर्ण छन्, भन्नुहोस् ।**

४. **तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) घामले हामीलाई के शिक्षा दिन्छ ?

(ख) वृक्षले पौरखीलाई के दिन्छ ?

(ग) कसले कर्तव्य र आदर्शमा अटल हुन सिकाउँछ ?

(घ) हामीले माहुरीबाट कस्तो शिक्षा पाउँछौँ ?

५. पाठको पहिलो र दोस्रो श्लोक कापीमा लेख्नुहोस् ।

६. उदाहरणमा दिइए जस्तै गरी तल दिइएका हरफलाई वाक्यमा लेख्नुहोस् :

जस्तै : कानैनेर भुनभुनाई माहुरीले भन्छ
माहुरीले कानैनेर भुनभुनाई भन्छ ।

(क) सबैबाट शिक्षा लिन्छु म त खुरुखुरु

(ख) घामबाट शिक्षा लिन्छु सबको भलो गर्ने

(ग) खोला पनि पुस्तकै हो संसारले पढ्ने

७. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) वृक्षलाई किन उदार छन् भनिएको हो ?

(ख) पर्वतले हामीलाई के शिक्षा दिन्छ ?

(ग) हामीमा एकता किन आवश्यक पर्छ ?

(घ) हामी किन आफ्नो लक्ष्य नछोडी अघि बढ्नुपर्छ ?

८. तल दिइएका श्लोकको आशय वर्णन गर्नुहोस् :

फूल भन्छ सधैँ मलाई मिठो वास छर
काँडैकाँडा बिचमा पनि मुस्कुराउने गर ।

९. पाठमा संसारलाई किन विद्यालय मानिएको होला, आफ्नो विचार लेख्नुहोस् ।

१०. पाठमा प्रस्तुत गरिएका विषयवस्तुबारे समूहमा छलफल गरी मुख्य मुख्य विषय टिपोट गर्नुहोस् ।

११. तल दिइएको व्यक्ति परिचय सुन्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

## मेरो परिचय

नमस्कार !

मेरो नाम अनुपा पार्की हो । मेरो जन्म वि. सं. २०६८ वैशाख १६ गते भएको हो । मेरा बुबाको नाम अजय पार्की हो । मेरी आमाको नाम भवानी पार्की हो । म चार कक्षामा पढ्छु । मेरो विद्यालयको नाम श्री नवज्योति आधारभूत विद्यालय हो । मेरा धेरै साथी छन् । मेरो मिल्ने साथीको नाम मिनु माझी हो । मलाई समाजसेवा गर्न मन लाग्छ । मेरो लक्ष्य समाजसेवी बनेर देशको सेवा गर्नु रहेको छ ।

माथिको व्यक्ति परिचयमा जस्तै तपाईं पनि आफ्नो परिचय कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. तल दिइएको अनुच्छेद पढ्नुहोस् र उत्तर दिनुहोस् :

राजन, अनिशा, कविता र धीरज मिल्ने साथी हुन् । उनीहरू सँगै विद्यालय जान्छन् । पुस्तक पढ्छन् । कक्षाकार्य गर्छन् । उनीहरू कहिलेकाहीँ चिडियाखाना घुम्न जान्छन् । हात्ती, भालु, लङ्गुर, चितुवा र गैँडा हेरेर रमाउँछन् । बनमान्छे देखेर छक्क पर्छन् । उनीहरू मृगका हुल हेरेर खुसी हुन्छन् ।

(क) माथिको अनुच्छेदमा प्रयोग भएका मानिसका नाम टिप्नुहोस् ।

(ख) माथिको अनुच्छेदमा प्रयोग भएका जनावरका नाम टिप्नुहोस् ।

(ग) माथिको अनुच्छेदमा प्रयोग भएका ठाउँका नाम टिप्नुहोस् ।

२. सबै मेरा गुरु पाठमा प्रयोग भएका कुनै पाँचओटा नाम शब्द शिक्षकका सहायताले टिपोट गर्नुहोस् ।

३. तल दिइएको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका सर्वनाम शब्द कापीमा टिप्नुहोस् :

म, माधव, नमिता र भुवन साथी हौँ । हामी असाध्यै मिल्छौँ । माधव फुर्तिलो छ । ऊ फुटबल खेल्छ । नमिताको स्वर मिठो छ । उनी गीत गाउँछिन् । भुवन सहरमा पढ्छन् । तिनी कहिलेकाहीँ गाउँ आउँछन् । म माधव र नमिता गाउँको विद्यालयमा पढ्छौँ ।

४. कोष्ठकबाट उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(अ) उमेश विद्यार्थी हो । ........पुस्तक पढ्छ । (उनी, ऊ, म)

(आ) अनिश र अनिता साथी हुन् । .....मिलेर पढ्छन् । (उनीहरू, हामी, त्यो)

(इ) बुबा घरमा हुनुहुन्छ । .........घरको रेखदेख गर्नुहुन्छ । (तपाईं, उहाँ, ऊ)

(ई) डोल्मा विदेशमा छिन् । ......अर्को वर्ष फर्किन्छिन् । (यिनी, उनी, तिमी)

(उ) ............पसल जानुहोस् । (उहाँ, तपाईं, म)

(ऊ) ...........खेल्न निस्क्यो । (म, त्यो, तँ)

५. तल दिइएका शब्दलाई मिल्ने समूहमा राख्नुहोस् :

सुमित्रा, ऊ, अर्ना, त्यो, तपाईं, परेवा, म, बिरालो

| नाम | सर्वनाम |
|---|---|
| १. सुमित्रा | १. ऊ |
| २............... | २............... |
| ३............... | ३............... |
| ४ ........... | ४. ........... |

६. शब्दको सुरु र अन्तिममा ह्रस्व इकार (ि) लागेका शब्द पाठबाट पहिचान गरी लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १ सुनेर मौखिक उत्तर दिनुहोस् :

(क) हामीले कसको मान राख्नुपर्छ ?

(ख) काममा जाँगरिलो हुन के गर्नुपर्छ ?

(ग) असल कामको परिणाम कस्तो हुन्छ ?


(घ) बडाले भनेको नमान्दा के हुन्छ ?

२. सुनाइ पाठ १ का अन्तिम दुई पङ्क्ति सुन्दै कापीमा लेख्नुहोस् ।

## परियोजना कार्य

१. काग, कुकुर, कमिला र जूनबाट कस्तो शिक्षा लिन सकिन्छ, अभिभावक वा साथी समूहमा छलफल गरी लेख्नुहोस् ।

**तल दिइएको सन्दर्भ पढ्नुहोस् :**



हामीलाई हजुरबुबा, हजुरआमाले थरी थरीका कथा सुनाउनुहुन्छ । बालबालिकालाई सुताउन कथा सुनाउने गर्नुहुन्छ । खेतबारीमा काम गर्दा पनि कथा भन्ने चलन छ । यस्ता कथामा बाघ, भालु, सुगा, मैना, काग आदि पात्रका रूपमा आएका हुन्छन् । कथामा जनावर र पन्छीले मानिसले झैँ कुराकानी गर्छन् । त्यति मात्र हो र ! जनावर र पन्छीले मानिसले झैँ जुक्तिबुद्धि लगाएर काम गर्छन् । यस्ता कथाले हाम्रो आनीबानी, सोचविचार र व्यवहार बदल्न मदत पुऱ्याउँछन् । हामीलाई अनुशासन र कर्तव्य सिकाउँछन् । त्यसैले हामीले कथा सुन्ने र सुनाउने गर्नुपर्छ ।

मूल पाठ

# सुनको मूर्ति

सुषमा आचार्य



कुनै एउटा गाउँ थियो । त्यहाँ कान्छालाल र रूपमती नाम गरेका दुई जना बुढाबुढी बस्थे । उनीहरू साह्रै इमानदार थिए । सधैँ अरूको भलो चिताउँथे । उनीहरूका छोराछोरी थिएनन् । उनीहरूको गाउँ सहरभन्दा धेरै टाढा थियो । त्यो गाउँमा आठदशओटा घर मात्र थिए । गाउँ घना जङ्गलको छेउमा थियो । गाउँमा बेला बेला चितुवा, भालु, बाँदर, ब्वाँसो जस्ता जङ्गली जनावर आउँथे ।

बुढाबुढीको थोरै बारी थियो । उनीहरूले बारीमा मकै, फलफूल र तरकारी लगाउने गर्थे । बाली पाक्नै लाग्दा बाँदरले खाइदिन्थे । बुढाबुढीले केही खान

शब्दार्थ

इमानदार : इमान भएको, साँचो व्यवहार गर्ने
घना : बाक्लो
ब्वाँसो : कुकुर प्रजातिको जङ्गली जनावर
बाली : खेतबारीमा लगाएको खेती

पाउँदैनथे । आफैँले लगाएको बाली बाँदरले खाइदिँदा बुढाबुढी साह्रै नै चिन्तित थिए ।

एक दिनको कुरा हो । उनीहरूले बाँदरलाई धपाउन के गर्ने होला भनेर सल्लाह गरे । बाँदरले मूर्तिलाई आफ्ना पुर्खा मान्छन् भन्ने उनीहरूले सुनेका थिए । पुर्खा भएको ठाउँमा केही हानि गर्दैनन् भन्ने थाहा पाएका थिए । त्यसैले उनीहरूले मूर्ति बनेर बारीमा उभिने निधो गरे । अर्को दिन बिहानै बुढा पेटभरि खाना खाएर बारीमा उभिन भनेर निस्के । बारीमा पुगेपछि बुढा मूर्ति झैँ ठिङ्ग उभिए । यता बुढी भने यसपालि टन्नै बाली भित्र्याउन पाइने भो भनेर मक्ख पर्न थालिन् ।

सदा झैँ दिउँसोपख बाँदरका बगाल उफ्रँदै बारीतिर आउन थाले । बुढा हलचल नगरी उभिइरहेका थिए । आफूलाई देखेर बाँदर कहिले नआउने गरी भाग्छन् भन्ने सोचिरहेका थिए । यत्तिकैमा एउटा चङ्खे बाँदर बारीभित्र पस्यो । मकै भाँचेर खानै लाग्दा नजिकै मूर्ति उभिएको देख्यो । ऊ मूर्तिनजिक पुग्यो । ओहो ! यो त मूर्ति पो रहेछ, आफ्ना पुर्खाको मूर्ति भनी ढोग्न थाल्यो ।

मूर्तिलाई ढोगेपछि चङ्खे बाँदर बगाल भएतिर कुद्दै गयो । हाम्रा पुर्खा ! हाम्रा पुर्खा ! भन्दै चिच्याउन थाल्यो । यो सुनेर सबै बाँदरका कान ठाडा भए । उनीहरू खुसीले उफ्रँदै मूर्तिनिर पुगे । पुर्खा भेटेको खुसीमा उनीहरू नाच्न थाले । यत्तिकैमा चङ्खे बाँदरले एउटा जुक्ति निकाल्यो । उसले सबैलाई एकछिन शान्त रहन भन्यो र आफ्नो जुक्ति सुनायो, "उहाँ हाम्रो पुर्खा हुनुहुन्छ । पुर्खा भनेका हाम्रा भगवान हुन् । त्यसैले उहाँलाई यहाँ एक्लै छाड्नुहुँदैन । हाम्रो वासस्थानतिर लग्नुपर्छ । दिनहुँ पूजा गरेर राख्नुपर्छ ।"

चङ्खेको कुरा सुनेपछि बाँदरले होमा हो मिलाए । अर्को एउटा बाँदरले थप्दै भन्यो, "हाम्रा पुर्खालाई बोकेर लग्नुपर्छ । सुनैसुनले सिँगार्नुपर्छ । सुनको मूर्ति बनाएर

*निधो : कुनै कामको टुङ्गो*
*जुक्ति : उपाय*
*वासस्थान : बस्ने ठाउँ*

राख्नुपर्छ ।" ती सबै कुरा बुढा मान्छेले सुनिरहेका थिए । तैपनि उनी चुपचाप उभिइरहे । उनलाई बाँदरले के गर्ने हुन् ? कता पुऱ्याउने हुन् ? अब के पो हुने हो ? भनेर पिर पर्न थाल्यो ।

एकछिनपछि बाँदर मूर्तिको वरिपरि घुम्न थाले । चारैतिरबाट मूर्तिलाई नियाल्न थाले अनि बिस्तारै काँधमा बोकेर लान थाले । बुढालाई भने डरले सताउन थाल्यो । यत्तिकैमा चङ्खे बाँदरले भन्यो, "बिस्तारै गर है ! हाम्रा पुर्खा लड्लान् । लडे भने राम्रो हुँदैन, अशुभ हुन्छ ।"

जाँदाजाँदै उनीहरू खोलानजिक पुगे । खोला तर्नुपर्ने भयो । त्यस ठाउँका बाँदरको अचम्मको बानी रहेछ, खोला तर्दा गीत गाउनुपर्ने । खोलामा पुगेपछि बाँदरले गीत गाउन थाले । उनीहरूको गीत सुनेर बुढाको हाँसो फुत्केला जस्तो भयो तर उनी हाँसो खपेर बसिरहे ।

खोला तरेपछि बाँदरहरू उकालो लागे । एकैछिनमा बुढालाई डाँडाको टुप्पामा पुऱ्याए । यहीँ राख्नुपर्छ भन्न थाले । बुढालाई दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले भने झैँ भयो । चङ्खे बाँदरले "अब हामीले मूर्तिलाई सिँगार्नुपर्छ । ल, सुनको बाकस ल्याऊ" भन्न भन्यो । बाँदरसँग पनि सुनका बाकस हुँदा रहेछन् भनेर बुढा छक्क परे । एकैछिनमा अर्को बाँदरले दुईओटा सुनका बाकस लिएर आयो । मूर्तिको छेउमा असर्फी खन्यायो । चङ्खे बाँदरले अब मूर्तिको शरीरभरि असर्फी टाँस्नुपर्छ भन्न थाल्यो ।

शरीरभरि सुनका असर्फी टाँस्ने कुरा सुनेपछि बुढा डराउन थाले । बाँदरले बुढाले लगाएका लुगा फुकाल्न थाले । लुगा फुकाल्न थाल्दा बुढालाई खपिनसक्नु भयो । उनको शरीरमा छुनै हुँदैन थियो । काउकुती लाग्थ्यो । उनी चल्मलाउन थाले ।

*नियाल्नु : गडेर हेर्नु*
*असर्फी : सुनको मुद्रा*
*काउकुती : पेट, पैताला जस्ता अङ्गमा छुँदा लाग्ने कुतकुती*
*चल्मलाउनु : हलचल गर्नु*

खितित्त हाँस्न थाले । मूर्ति हाँसेको देखेर सबै बाँदर के भयो भन्दै डराए । उनीहरू सबै असर्फी छाडेर कुलेलम ठोके ।

बाँदरहरू त्यहाँबाट भागेपछि बुढाले सुनका असर्फी बटुलेर बाकसमा हाले । उनी बाकस बोकेर घर फर्के । उनले असर्फी रहेको बाकस बुढीलाई दिए । बुढीले बाकस खोलेर हेरिन् । बाकसभित्र असर्फी देखेर छक्क परिन् । उनले बुढालाई सोधिन्, "यतिका असर्फी ! कहाँबाट ल्याउनुभो ? कसले दियो ?" बुढाले सबै कुरा बेलिबिस्तार लगाए । बुढाका कुरा सुनेर बुढी अचम्म परिन् । उनलाई यो सबै कुरा गाउँलेलाई कति बेला सुनाऊँ भयो । अर्को दिन उनले गाउँलेलाई बोलाइन् । रामलाल, बिर्खलाल, चनमती, सुनमाया उपस्थित भए । बुढीले गाउँलेलाई सबै घटना सुनाइन् । बाकस खोलेर असर्फीसमेत देखाइन् ।

सुनका असर्फी देखेर गाउँले आश्चर्यमा परे । धेरैजसो गाउँलेले भने, "तपाईंहरूले आजसम्म कसैको कुभलो चिताउनुभएन । कसैको नराम्रो सोच्नुभएन । कसैलाई हानि हुने काम गर्नुभएन । त्यसैको फलका रूपमा आज असर्फी पाउनुभयो । तपाईंहरूको जुक्तिले गर्दा गाउँमा बाँदर पनि आउँदैनन् होला । हामीलाई पनि हाइसन्चो हुने भयो ।" केही समय बसेर गाउँले आआफ्नो घरतिर लागे ।

घर पुगेपछि बिर्खलालको मनमा लोभ जाग्यो । उसले त्यसैगरी असर्फी पाउने आशा गऱ्यो । अर्को दिन ऊ कसैलाई थाहा नदिई बारीमा मूर्ति बनेर उभियो । उसलाई कतिखेर बाँदर आउलान् र बोकेर लग्लान् भन्ने लागिरह्यो । एकछिनपछि उसैगरी बाँदर आए । बारीमा मूर्ति उभिएको देखे । हामीले डाँडामा छाडेको मूर्ति यहाँ आएर कसरी उभियो भन्दै छक्क परे । अब यसलाई पनि लिएर जाऊँ भन्दै बोक्न थाले ।

मूर्ति लिएर खोलाछेउ पुगेपछि बाँदरले गीत गाउन थाले । बाँदरका गीत सुनेर बिर्खलालले हाँसो खप्न सकेन । ऊ खित्का छाडेर हाँस्यो । हाँसो सुनेपछि बाँदरले यो त हाम्रो पुर्खा होइन रहेछ भनेर त्यसलाई खोलामा फलिदिए । बिचरा

बिर्खलाल ! के गर्न सक्थ्यो र ? उसलाई खोलाले बगाउँदै लग्यो । बाँदर भने उकालो लागे ।

बिर्खलाल बल्लतल्ल पौडेर खोलाको किनारमा पुग्यो । साँझपख ऊ मलिन अनुहार लिएर घर फर्क्यो । उसलाई देखेर बुढीले सोधिन्, "के भयो तपाईंलाई ? यस्तो हालत कसले बनाइदियो ?" बिर्खलालले रुन्चे स्वरमा सबै घटना बुढीलाई सुनायो । बुढाका कुरा सुनेर बुढीले सम्झाउँदै भनिन्, "अर्काले गर्‍यो भन्दैमा देखासिकी गर्नुहुँदैन । आज ठुलो दुर्घटनाबाट बच्नु भएछ । अब यस्तो कहिल्यै नगर्नुहोला ।" बुढीका कुरा सुनेपछि उसले टाउको हल्लाउँदै भन्यो, "अब यस्तो कहिल्यै गर्दिनँ । लोभले लाभ, लाभले विलाप हुने रहेछ । काम गर्दा सोचेर मात्र गर्नुपर्ने रहेछ ।"

*मलिन : निन्याउरो, अँध्यारो*
*दुर्घटना : दुःखदायी घटना*

## शब्दभण्डार

**१. समूह क मा दिइएका अर्थ बुझाउने शब्दसँग जोडा मिलाउनुहोस् :**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| (क) पहाडको तल्लो भाग | हानि |
| (ख) कसैलाई क्षति पुऱ्याउने काम | बगाल |
| (ग) आफ्ना पूर्वजहरू | हाइसन्चो |
| (घ) बाँदरको हुल | गोलो |
| (ङ) कुनै प्रकारको पिर नभएको अवस्था | फेदी |
| | पुर्खा |

२. **उस्तै अर्थ दिने शब्द तालिकाबाट पहिचान गरी लेख्नुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उपाय | काउकुती | चिन्ता | पुछार | चलाख | पूर्वज | उब्जनी |

फेद, बाली, पुर्खा, चङ्खे, जुक्ति, पिर, कुतकुती

३. **नजिकको टाढा भए जस्तै उल्टो अर्थ बुझाउने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| साँझ | टुप्पो |
| तल | बेइमान |
| फेद | हित |
| इमानदार | बिहान |
| हानि | माथि |

४. **रातो रङ लगाइएका शब्दका ठाउँमा तालिकाबाट उल्टो अर्थ दिने शब्द छानेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| रात | उकालो | सधैँ | टाढा |

(क) गाउँ सहरदेखि नजिक थियो ।

(ख) एक दिनको कुरा हो ।

(ग) बाँदरहरू ओरालो लागे ।

(घ) म कहिलेकाहीँ घुम्न जान्छु ।

५. **उपयुक्त विकल्पमा ठिक चिह्न (√) लगाउनुहोस् :**

(क) निधो शब्दको उस्तै अर्थ दिने शब्द कुन हो ?

(अ) उपाय (आ) टुङ्गो (इ) अँध्यारो (ई) नियम

(ख) चङ्खे शब्दको उल्टो अर्थ दिने शब्द कुन हो ?

(अ) चतुर (आ) चलाख (इ) बाठो (ई) सोझो

(ग) पातलो शब्दको उल्टो अर्थ दिने शब्द कुन हो ?

(अ) बाक्लो (आ) टाढा (इ) सहर (ई) फेद

(घ) आमा शब्दको उस्तै अर्थ दिने शब्द कुन हो ?

(अ) बुबा (आ) माता (इ) काका (ई) काकी

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

जङ्गल, चिन्तित, चङ्खे, दुर्घटना, खितित्त, जुक्ति

२. कथाको पहिलो र दोस्रो अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।

३. 'सुनको मूर्ति' पाठमा जम्मा कतिओटा अनुच्छेद रहेका छन् ? पहिलो अनुच्छेदमा कतिओटा वाक्य रहेका छन्, भन्नुहोस् ।

४. तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) गाउँमा कुन कुन जङ्गली जनावर आउँथे ?

(ख) बाँदरले कान्छालाललाई के गरे ?

(ग) कान्छालाल के सुनेर डराउन थाले ?

(घ) बाँदरले कहाँ पुगेर गीत गाउन थाले ?

(ङ) बाँदरले बिर्खलाललाई किन खोलामा फालिदिए ?

५. कसले कसलाई भनेको हो, भन्नुहोस् :

(क) यतिका असर्फी ! कहाँबाट ल्याउनुभो ? कसले दियो ?

(ख) तपाईंहरूले आजसम्म कसैको कुभलो चिताउनु भएन । कसैको नराम्रो सोच्नुभएन ।

(ग) के भयो तपाईंलाई ? यस्तो हालत कसले बनाइदियो ?

(घ) अब यस्तो कहिल्यै गर्दिनँ । लोभले लाभ, लाभले विलाप हुने रहेछ ।

६. **तल दिइएका घटनाको क्रम मिलाएर लेख्नुहोस् :**

(क) बिर्खलाल निन्याउरो अनुहार लिएर घर फर्के ।

(ख) बिर्खलाल पौडेर खोला किनार पुगे ।

(ग) कान्छालाललाई असर्फीले सिँगारे ।

(घ) बाँदरले कान्छालाललाई बोकेर लगे ।

(ङ) कान्छालाल बारीमा मूर्ति बनेर उभिए ।

(च) कान्छालाल असर्फीको बाकस बोकेर फर्किए ।

(छ) कुनै एउटा गाउँमा दुई जना बुढाबुढी बस्थे ।

७. **तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) कान्छालाल बारीमा गएर किन उभिए ?

(ख) बाँदरले कान्छालालको शरीरमा के टाँसेर सिगार्ने निधो गरे ?


(ग) सुनका असर्फी देखेपछि गाउँलेले के भने ?

(घ) बिर्खलाललाई बुढीले कसरी सम्झाइन् ?

८. **'सुनको मूर्ति' पाठका बिर्खलाल बारीमा उभिन नगएको भए के हुन्थ्यो होला, आफ्नो विचार लेख्नुहोस् ।**

९. **पाठमा कान्छालालले ल्याएका सुनका असर्फी गाउँलेले देखेपछि के के घटना घटेका छन्, भन्नुहोस् ।**

१०. उदाहरणमा दिइए जस्तै गरी लेख्नुहोस् :




उदाहरण : कान्छालाल पुरुष पात्र हुन् ।

११. 'सुनको मूर्ति' पाठको अन्तिम अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् :

उदाहरण : बिर्खलाल पौडेर कहाँ पुग्यो ?

१२. 'सुनको मूर्ति' पाठको सन्देश लेख्नुहोस् ।

१३. तल दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

मानौँ, तपाईं घरमा एक्लै हुनुहुन्छ । आमाबुबा काममा जानुभएको छ । त्यसै वेला घरमा मामा आउनुभयो । अब तपाईं मामालाई कसरी सत्कार गर्नुहुन्छ ? कसरी कुरा गर्नुहुन्छ ? के के सोध्नुहुन्छ ? मामाले सोधेका कुराको जबाफ कसरी दिनुहुन्छ ?

(कक्षामा एक जना विद्यार्थीले मामाको र एक जना विद्यार्थीले भान्जा वा भान्जीको भूमिका अभिनय गरी देखाउनुहोस् ।)

## भाषिक संरचना र वर्णविन्यास

१. तल दिइएको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका विशेषण शब्द टिप्नुहोस् :

कुनै एउटा गाउँ थियो । त्यहाँ कान्छालाल र रूपमती नाम गरेका दुई जना बुढाबुढी बस्थे । उनीहरू साह्रै इमानदार थिए । सधैँ अरूको भलो चिताउँथे । उनीहरूका छोराछोरी थिएनन् । उनीहरूको गाउँ सहरभन्दा धेरै टाढा थियो । त्यस गाउँमा आठदशओटा घर मात्र थिए । गाउँ घना जङ्गलको छेउमा थियो । गाउँमा वेला वेला चितुवा, भालु, बाँदर, ब्वाँसो जस्ता जङ्गली जनावर आउँथे ।

२. माथिको अनुच्छेदमा इमानदार शब्दले बुढाबुढीको, घना शब्दले जङ्गलको, जङ्गली शब्दले जनावरको वर्णन गरे झैँ तलका शब्दलाई वर्णन गर्ने शब्द के हुन सक्छन्, चिनेर लेख्नुहोस् :

अग्लो, मिहिनेती, लोभी, चङ्खे, पाँच

(क)........बाँदर

(ख) .......बिर्खलाल

(ग) .......विद्यार्थी

(घ) ........ओटा सिसाकलम

(ङ) .........पर्वत

३. 'सुनको मूर्ति' पाठमा प्रयोग भएका कुनै पाँचओटा विशेषण शब्द शिक्षकका सहायताले टिप्नुहोस् ।

४. दिइएका विशेषण शब्द प्रयोग गरी साथीको वर्णन गर्नुहोस् :

मिलनसार, सहयोगी, अनुशासित, मिहिनेती, असल

५. शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार (ु) लागेका पाँच पाँचओटा शब्द पाठबाट पहिचान गरी लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ २ सुन्नुहोस् र तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) साधुले केलाई बिरालो बनाइदिए ?

(ख) कुकुर बनेको मुसालाई केले आक्रमण गऱ्यो ?

(ग) गाउँलेले सिंह बनेको मुसालाई के भन्थे ?

(घ) सिंह बनेको मुसालाई साधुले किन मुसा नै बनाउने विचार गरे ?

**२. सुनाइ पाठ २ सुनेर तलका वाक्य पूरा गरी भन्नुहोस् :**

(क) सिंह बनेको..........यताउति हिँड्न थाल्यो ।

(ख) .............लाई यो रहस्य सबै थाहा थियो ।

(ग) मुसाको यस्तो नीच बुद्धि थाहा पाएर..........खिन्न भए ।

(घ) तँलाई .........बन्न सुहाउँदैन ।

**३. सिंह बनेको मुसाका ठाउँमा तपाईं भएको भए के गर्नुहुन्थ्यो, भन्नुहोस् ।**

### सिर्जनात्मक कार्य

**१. खाली ठाउँ भरी कथा पूरा गर्नुहोस् :**

एउटा गाउँमा जादुगर बस्थ्यो । ........ले सर्प समात्थ्यो । ........लाई बाँसको ढुङ्ग्रामा बन्द गरेर राख्थ्यो । एक दिन मुसो.........को घरभित्र पस्यो । मुसो भोकाएको ....... । मुसो खाना खोज्दै थियो । ......ले ढुङ्ग्रो भेटायो । मुसाले........को मुख काट्यो ।....... ढुङ्ग्राभित्र पस्यो । सर्पले मुसालाई भेटायो । सर्पले .......लाई एकै गाँस बनायो । मुसो खान पाएर ...... मक्ख पऱ्यो । सर्प .......बाट फुत्कियो । सर्प खुसी भयो ।

तल दिइएको चित्र हेर्नुहोस् र चित्रमा के भइरहेको छ, छलफल गर्नुहोस् :



मूल पाठ

# मलाई पुस्तक मन पर्छ



मेरो नाम धनीराम चौधरी हो । म अमरज्योति आधारभूत विद्यालयमा पढ्छु । मेरो घरमा आमा, बुबा, काका, काकी हुनुहुन्छ । मेरा भाइबहिनी छन् । मेरो भाइ गीत गाउन मन पराउँछ । बहिनी खेल खेल्न मन पराउँछे । मलाई भने पुस्तक पढ्न मन पर्छ ।

मेरो घरमा एउटा पढ्ने कोठा छ । हामी तीनै जना त्यहीँ बसेर पढ्छौँ । गृहकार्य गर्छौँ । म भाइबहिनीलाई गृहकार्य गर्न सहयोग गर्छु । मलाई आमाबुबा र काकाकाकीले पढ्न सिकाउनुहुन्छ ।

मेरो पढ्ने कोठामा सानो आलमारी छ । आलमारीमा हामी तीनै जनाका पुस्तक छन् । हामीले आआफ्ना पुस्तक छुट्टाछुट्टै राख्ने गरेका छौँ । आलमारीमा नेपाली, अङ्ग्रेजी, गणित विषयका पुस्तक छन् । विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाका पुस्तक पनि छन् । त्यहाँ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाको पुस्तकसमेत छ । मलाई नेपाली पुस्तक सबैभन्दा बढी मन पर्छ । नेपाली पुस्तकमा राम्रा राम्रा कथा, मिठा मिठा कविता र रङ्गीन चित्र छन् । रमाइला संवाद र निबन्ध छन् । मेरो आलमारीमा केही बालसाहित्यका पुस्तक पनि छन् । बालसाहित्यका पुस्तकमध्ये मलाई बालकविता र बालकथाका पुस्तक बढी मन पर्छ । यी पुस्तक कुनै रङ्गीन छन् । कुनै सादा छन् । सबैजसो कथा र कवितामा चित्र पनि छन् । मलाई चित्र हेर्दै पढ्न मन लाग्छ । कहिलेकाहीँ चित्र मात्रै हेरेर पनि वर्णन गर्न मन लाग्छ ।

मेरो घरमा थारु भाषा बोलिन्छ । मेरो विद्यालयमा थारु र नेपाली दुवै भाषा बोलिन्छ । म दुवै भाषा बोल्न मन पराउँछु । विद्यालयमा अङ्ग्रेजी विषयबाहेक अरू सबै विषय नेपाली भाषामा पढाइ हुन्छ । मेरा केही साथी अङ्ग्रेजी बोल्नुपर्छ भन्छन् । म तिनीहरूलाई आफ्नो भाषा र संस्कृतिलाई माया गर्नुपर्छ भन्छु ।

मेरा आमाबुवा मलाई अङ्ग्रेजी धेरै पढ भन्नुहुन्छ । भाइबहिनीलाई पनि अङ्ग्रेजी बोल्न लगाउनुहुन्छ । आफूलाई ममी, ड्याडी र काकाकाकीलाई अङ्कल अन्टी भन भन्नुहुन्छ । मलाई भने आमाबुवा र काकाकाकी नै भन्न मन लाग्छ । मेरो घरमा पाहुना आउँदा पनि उनीहरूसँग अङ्ग्रेजी बोल भन्नुहुन्छ । गुड मर्निङ भन्न लगाउनुहुन्छ । मलाई भने थारु भाषामा रामराम भन्न मन लाग्छ । नेपाली भाषामा नमस्कार, शुभप्रभात भन्न मन लाग्छ । हालखबर सोध्न

*शब्दार्थ*

*आलमारी : भित्रपट्टि खण्ड खण्ड भएको सामान राख्ने काठ वा स्टिलको बाकस, दराज*

*बालसाहित्य : बालबालिकाका लागि लेखिएका कथा, कविता, निबन्ध आदि रचना*

*सादा : अनेक रङ वा बुट्टा नभएको*

हाउ आर यु भन्नुपर्छ भन्नुहुन्छ । मलाई भने का बा हालखबर ? आराम बाटी ? हजुर सन्चै हुनुहुन्छ ? भनी सोध्न मन लाग्छ । म मनमा लागेका कुरा आफ्नै भाषामा राम्रोसँग भन्न सक्छु । मलाई मेरै भाषामा कुराकानी गर्न सजिलो लाग्छ ।

मेरा आमाबुबा र काकाकाकीले मलाई पाइलट बन भन्नुहुन्छ । भाइलाई इन्जिनियर बनाउँछु भन्नुहुन्छ । बहिनीलाई डाक्टर बनाउँछु भन्नुहुन्छ । तिमीहरू के बन्ने ? तिम्रो लक्ष्य के हो ? भनेर कहिल्यै सोध्नुहुन्न । हामी तीनै जनाका आआफ्नै रुचि छन् । मलाई भने शिक्षक बन्न मन लाग्छ । साहित्यकार बन्न मन लाग्छ । आमाबुबाले पाइलट बन्न कर गर्दा किन कर गर्नुभएको होला जस्तो लाग्छ । कहिलेकाहीँ सोच्ने गर्छु, "किन सबैले पाइलट, डाक्टर र इन्जिनियर मात्रै बनुन् भन्ने चाहना राख्छन् होला ?"

मेरा बुबा विद्यालयमा पढाउनुहुन्छ । उहाँले हाम्रा लागि पुस्तक किन्न आफ्नो तलबबाट केही पैसा छुट्याउने गर्नुभएको छ । त्यसैबाट बालसाहित्यका पुस्तक किनिदिनुहुन्छ । हामी बालसाहित्यका पुस्तक पालैपालो पढ्छौँ । पढेका कुरा एकअर्कालाई सुनाउँछौँ । कहिलेकाहीँ आमाबुबा र काकाकाकीलाई पनि पढेको कुरा सुनाउने गर्छौं ।

मेरो विद्यालयमा पुस्तकालय छ । कम्प्युटर प्रयोगशाला छ । म पुस्तकालयमा दिनहुँजसो जाने गर्छु । मेरा साथीभाइ पनि पुस्तकालय जान्छन् । हामी पुस्तकालयमा आफूलाई मन पर्ने पुस्तक खोजेर पढ्छौँ । म कहिलेकाहीँ कम्प्युटर प्रयोगशालामा पनि जाने गर्छु । त्यहाँ इन्टरनेट पनि जोडिएको छ । म कम्प्युटरमा बालकविता र बालकथाका सामग्री खोजेर पढ्ने गर्छु । त्यहाँ भिडियोसहितका बालकथा र बालकविता पनि पाइन्छन् । म ती सामग्री खोलेर हेर्छु ।

*लक्ष्य* : *हासिल गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने कुरा, उद्देश्य*
*तलब* : *काम गरेबापत तोकिएको समयमा पाइने रकम*
*प्रयोगशाला* : *विभिन्न यन्त्र तथा उपकरण जडान गरिएको कोठा*
*इन्टरनेट* : *मोबाइल, कम्प्युटर आदिमा जोडेर चलाउन सकिने विद्युतीय सञ्जाल*

मेरो विद्यालयमा कुनै शुक्रबार हाजिरजवाफ र नृत्य प्रतियोगिता हुन्छ । कुनै शुक्रबार हिज्जे र शब्दार्थ प्रतियोगिता हुन्छ । कहिलेकाहीँ अन्ताक्षरी गायन र सिर्जनात्मक लेखन प्रतियोगितासमेत हुन्छ । मलाई सबै प्रतियोगितामा सहभागी हुन मन लाग्छ । तीमध्ये हाजिरजवाफ र सिर्जनात्मक लेखन प्रतियोगितामा भाग लिन बढी मन लाग्छ ।

मेरो विद्यालयमा वर्षको एक पटक स्रष्टा सम्मान कार्यक्रम पनि हुन्छ । त्यस कार्यक्रममा स्थानीय कवि, गजलकार र कथाकारको उपस्थिति हुन्छ । म कार्यक्रमको अन्त्यसम्म बस्छु । साहित्यकारका रचना सुन्छु । उहाँहरूलाई सम्मान गरेको देख्छु । मलाई पनि साहित्यकार बनूँ बनूँ जस्तो लाग्छ । उहाँहरूले सानैदेखि बालकथा र बालकविताका पुस्तक पढेर साहित्यकार बनेको बताउनुहुन्छ । म पनि छोटा छोटा कथा र कविता कोर्ने गर्छु । मेरा केही कविता स्थानीय पत्रिकामा पनि छापिएका छन् । भोलि के थाहा ? म पनि साहित्यकार पो बन्छु कि !

*हाजिरजवाफ : सोध्नेबित्तिकै छिटो दिइने उत्तर*
*हिज्जे : वर्णविन्यास, शब्दमा अक्षरहरूको रखाइ*
*स्रष्टा : सृष्टि वा रचना गर्ने*

## शब्दभण्डार

**१. तल दिइएका अर्थ बुझाउने शब्द शिक्षकका सहायताले लेख्नुहोस् :**

(क) गर्मी ठाउँमा पाइने एक प्रकारको वनस्पति र वर्ष

(ख) कुनै काम गर्न दिइने दबाब, सरकारलाई तिर्नुपर्ने दस्तुर र हात

(ग) पढ्ने सुविधासहित पुस्तक राखिएको ठाउँ र पुस्तक घर

(घ) काइँयोले कपाल मिलाउनु र कलमले कागजमा कोरकार गर्नु

**२. उदाहरणमा देखाइए जस्तै शब्दको मिल्ने अर्थमा ठिक र नमिल्ने अर्थमा बेठिक चिह्न लगाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| | सादा | √ | देखावटीपन नभएको |
| | | × | धेरै रङ भएको |
| | | √ | बुट्टा वा रङ नभएको |
| (क) | हाल | ☐ | धेरै पहिले |
| | | ☐ | अहिले वा भर्खरै |
| | | ☐ | समाचार वा खबर |
| (ख) | भाग | ☐ | कुनै वस्तुको अंश वा खण्ड |
| | | ☐ | सानो दराज |
| | | ☐ | भाग्ने काम |
| (ग) | अन्त | ☐ | अन्य ठाउँमा वा अरूतिर |
| | | ☐ | कुनै कामको समापन |
| | | ☐ | कुनै कामको सुरुआत |
| (घ) | काल | ☐ | समय वा वेला |
| | | ☐ | मृत्यु वा निधन |
| | | ☐ | पर्खनु वा हेर्नु |

**३. तल दिइएका शब्दका फरक फरक दुईओटा अर्थ छन् । ती अर्थ पहिचान गरी जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) घर | नतिजा |
| | जिद्दी |
| (ख) कर | बेहुलो |
| | गृह |
| (ग) तर | दुधको तर |
| | आशीर्वाद |
| (घ) वर | हात |
| | खोला तर्ने काम |
| (ङ) फल | भवन |
| | फलफूल |

**४. तल दिइएका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

कार्यक्रम प्रतियोगिता संस्कृति आलमारी प्रयोगशाला इन्टरनेट

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

ज्योति, प्रविधि, संस्कृति, स्वास्थ्य, विद्यालय, रङ्गीन, कम्प्युटर

२. **पाठको पहिलो अनुच्छेद एक मिनेटमा सस्वरवाचन गर्नुहोस् ।**

३. **'मलाई पुस्तक मन पर्छ' पाठमा जम्मा कतिओटा अनुच्छेद रहेका छन् ? सबैभन्दा छोटो र सबैभन्दा लामो अनुच्छेद कुन छ, पहिचान गरेर शिक्षकलाई भन्नुहोस् ।**

४. **'मलाई पुस्तक मन पर्छ' पाठको तेस्रो अनुच्छेद मनमनै पढ्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) सानो आलमारी कहाँ राखिएको छ ?

(ख) आलमारीमा कति जनाका पुस्तक छन् ?

(ग) आलमारीमा कुन कुन विषयका पुस्तक छन् ?

(घ) नेपाली पुस्तकमा के के छन् ?

(ङ) बालसाहित्यका पुस्तक कस्ता छन् ?

५. **तल दिइएका शब्दमा बिचका वर्ण झिकेर नयाँ शब्द बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| खबर | कविता | किसान | पाहुना | हाजिर | गणित |

६. **तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) धनीरामका भाइबहिनी के के गर्न मन पराउँछन् ?

(ख) धनीरामले नेपाली पुस्तक किन मन पराउँछन् ?

(ग) थारु भाषामा नमस्कार गर्दा र हालखबर सोध्दा के भनिँदो रहेछ ?

(घ) धनीरामको विद्यालयमा शुक्रबार कुन कुन प्रतियोगिता हुन्छन् ?

७. **'मलाई पुस्तक मन पर्छ' पाठको पहिलो अनुच्छेदबाट तीनओटा प्रश्न बनाउनुहोस् । ती प्रश्नका उत्तर साथीलाई सोध्नुहोस् ।**

८. दिइएका बुँदाका आधारमा अनुच्छेद तयार पार्नुहोस् :

(क) मेरो नाम समिता रोकाया हो ।

(ख) मेरो घर जुम्ला हो ।

(ग) म चार कक्षामा पढ्छु ।

(घ) मेरो घरनजिकै बारी छ ।

(ङ) बारीमा धेरै स्याउ फल्छन् ।

(च) बुबा स्याउ बेच्न नेपालगन्ज जानुहुन्छ ।

(छ) बुबा स्याउ बेचेर मलाई पुस्तक किनिदिनुहुन्छ ।

९. तल दिइएको स्वागत मन्तव्य शिक्षक वा साथीबाट सुन्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

सर्वोदय आधारभूत विद्यालयको वार्षिक उत्सव कार्यक्रम थियो । त्यस कार्यक्रममा चार कक्षाकी छात्रा सुनन्दा पासवानले अतिथिलाई यसरी स्वागत गरिन् :

यस कार्यक्रमका अध्यक्षज्यू
अतिथिज्यूहरू
विद्यालयका सम्पूर्ण गुरुजन
प्रिय साथीहरू !

हाम्रो विद्यालयले प्रत्येक वर्ष वार्षिक उत्सव मनाउँदै आएको छ । यस वर्ष पनि हामी वार्षिक उत्सव मनाउन उपस्थित भएका छौँ । यस अवसरमा म यहाँहरू सबैलाई हार्दिक नमस्कार गर्दछु । हाम्रो निमन्त्रणालाई स्वीकार गरेर आउनुभएका अतिथिज्यूहरूलाई हार्दिक स्वागत गर्दछु । यहाँहरूको उपस्थितिले यस कार्यक्रमको शोभा बढेको छ । हजुरहरूले आजका सबै कार्यक्रम हेर्नुहुने छ भन्ने आशा लिएकी छु । साथै कार्यक्रमको अन्त्यसम्म बस्नुहुने छ भन्ने विश्वास लिएकी छु । यहाँहरू सबैलाई फेरि पनि हार्दिक स्वागत गर्दै मेरो मन्तव्य टुङ्ग्याउँछु, धन्यवाद !

तपाईंको विद्यालयमा बाल दिवस कार्यक्रम आयोजना हुँदा अतिथिलाई स्वागत गर्ने जिम्मा तपाईंलाई दिइयो भने कसरी स्वागत गर्नुहुन्छ, कक्षामा अभिनयसहित देखाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. तल दिइएको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका शब्द कापीमा टिप्नुहोस् :

मेरो घरमा एउटा पढ्ने कोठा छ । हामी तीन जना त्यहाँ बसेर पढ्छौँ । हामी गृहकार्य गर्छौं । म भाइबहिनीलाई गृहकार्य गर्न सहयोग गर्छु । आमाबुबा र काकाकाकीले मलाई पढ्न सिकाउनुहुन्छ ।

(माथिको अनुच्छेदमा रातो रङ लगाइएका शब्द क्रियापद हुन् । क्रियापदले वाक्य टुङ्ग्याउने काम गर्छन् ।)

२. तल दिइएका शब्दबाट क्रियापद शब्द छानी कापीमा टिप्नुहोस् :

गिलास, निदाउँछ, भन्यो, राम्रो, हामी, पढ्छे, पुस्तक, सुन्छ
अासल, जान्छन्, पानी, हुन्छ, सुन्यो, आउनुहुन्छ, खाने छ

३. 'मलाई पुस्तक मन पर्छ' पाठबाट पाँचओटा क्रियापद टिपोट गर्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

४. तल दिइएका शब्दको प्रयोग गरी वाक्य बनाउनुहोस् :

उठ्छ, गयो, आउनुहुन्छ, खेल्छे, रमाए

५. पाठको तेस्रो अनुच्छेदबाट शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार (ी) लागेका शब्द पहिचान गरी लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ३ सुन्नुहोस् र तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) पैसा कसरी बचत गर्न सकिन्छ ?

(ख) मानिसले बचत गरेको पैसाबाट के के काम गरेका छन् ?

(ग) हामीले बचत गरेको पैसा कस्तो काममा खर्च गर्नुपर्छ ?

(घ) मान्छे कसरी अमर बन्छ ?

**२. तपाईंले पाएको पैसा कसरी बचत गर्नुहुन्छ ? बचत भएको पैसाले भविष्यमा के गर्ने सोच्नुभएको छ, कक्षामा छलफल गर्नुहोस् ।**


**३. रेडियो वा टेलिभिजनबाट प्रसारण हुने बाल कार्यक्रम सुन्नुहोस् । बाल कार्यक्रम सुनेर थाहा पाएका कुरा कक्षामा भन्नुहोस् ।**

## सिर्जनात्मक कार्य

१. तपाईंले अध्ययन गर्ने विद्यालयका बारेमा एक अनुच्छेद लेखी कक्षामा सुनाउनुहोस् ।

# पाठ ४

**भानुभक्तले छोरा रमानाथलाई लेखेको चिठीको पुरानो नमुना पढ्नुहोस् :**



तपाईँलाई थाहा छ ! पहिला पहिला चिठी यसै गरी लेखिन्थ्यो । अझ त्योभन्दा पहिला चिठीको आदानप्रदान गर्न परेवा प्रयोग गरिन्थ्यो रे । त्यसपछि बिस्तारै मानिसले चिठी लेखेर खबर आदानप्रदान गर्न थाले । घरायसी विषयवस्तु समेटेर चिठी लेख्न थाले । आजभोलि चिठी लेखेर खबर आदानप्रदान गर्ने चलन कम भएको छ । प्रविधिको प्रयोग गरेर खबर आदानप्रदान गर्न थालिएको छ । यसका लागि फोन र इमेलको प्रयोग हुने गरेको छ । तपाईँहरू आफ्ना विचार अरूसमक्ष कसरी पुऱ्याउनुहुन्छ, कक्षामा छलफल गर्नुहोस् ।

मूल पाठ

# साथीलाई चिठी

मिति २०७८।०९।१५
जनकपुरधाम, धनुषा

प्रिय साथी चन्द्रमाला,

सुमधुर सम्झना ।

म यहाँ आराम छु । तिमी पनि आरामै छयौ होला भन्ने आशा गरेकी छु । यहाँ केही दिनदेखि इन्टरनेट सेवा बन्द भएकाले अनलाइनमा कुरा हुन पाएको छैन । त्यसैले यो पत्र लेख्दै छु ।

हामीबिच अनलाइनमा कुरा हुँदा तिमीले जनकपुर घुम्न आउने रहर गरेकी थियौ । समय मिलेको थिएन । अहिले हाम्रो विद्यालयमा जाडो बिदा सुरु भएको छ । तिम्रो विद्यालयमा चार कक्षाको परीक्षा पनि सकियो होला । त्यसैले यो समय हामी दुवैका लागि उपयुक्त रहेको छ ।

प्रिय साथी, जनकपुर नेपालको प्रसिद्ध सहर हो । यहाँ विभिन्न जातजाति र धर्मावलम्बीका मानिसको बसोबास रहेको छ । यहाँको मुख्य भाषा मैथिली हो । यहाँ सम्म परेका फाँट छन् । उद्योग र कलकारखाना छन् । फराकिला सडक छन् । सडकमा थुप्रै गाडी र साइकल गुड्छन् । मलाई राम्रोसँग साइकल चलाउन आउँछ । हामी दुवै जना यसपालि साइकल चढेर जनकपुर घुमौँला ।

*शब्दार्थ*

*आशा : चाहेको वस्तु पाउने इच्छा*
*अनलाइन : इन्टरनेटमा जोडिएको अवस्था*
*धर्मावलम्बी : कुनै धर्म मान्ने मानिस*
*उद्योग : वस्तुको व्यावसायिक उत्पादन गर्ने कारखाना*

जनकपुर सीताको जन्मस्थल हो । यहाँ जानकी मन्दिर रहेको छ । यसलाई नौलखा मन्दिर पनि भनिन्छ । यसको दर्शन गर्न देशविदेशबाट लाखौँ दर्शनार्थी आउँछन् । यो मन्दिर हाम्रो घरदेखि नजिकै पर्छ । तिमी आएपछि जानकी मन्दिरको दर्शन गर्न जाऔँला । यहाँ गङ्गासागर, धनुषसागर, जनकसरोवर जस्ता थुप्रै सागर छन् । सूर्यकुण्ड, अग्निकुण्ड, विहारकुण्ड जस्ता प्रसिद्ध कुण्ड छन् । यहाँका सागरमा हरेक दिन साँझपख आरती गरिन्छ । हामी फलफूल र अक्षता लिएर पूजा गर्न जाऔँला । आरती पनि हेरौँला ।

जनकपुर चित्रकला, रेलवे र माछाका लागिसमेत प्रख्यात छ । मिथिला चित्रकला नारीद्वारा घरका भित्ता र पर्खालमा कोरिने चित्रकला हो । हामी यसको अवलोकन गर्दै सहरतिर घुमौँला । यहाँ रेलवे सेवा रहेको छ । हामी आमाबुबासँगै रेल हेर्न निस्कौँला । जनकपुर माछाका लागि पनि प्रख्यात सहर हो । अनलाइनमा तिमीले माछा मन पर्ने कुरा सुनाएकी थियौ । हामी सँगै बसेर माछाका विभिन्न परिकार खाँदै आनन्द लिऔँला ।

जनकपुरका बारेमा भन्नुपर्ने अझ धेरै कुरा छन् । सबै कुरा चिठीमा लेखेर सकिँदैन पनि । आशा छ, तिमी जनकपुर घुम्न अवश्य आउने छयौ । थप कुरा इन्टरनेट सुचारु भएमा अनलाइनबाट पनि गरौँला । नभए भेटमा गरौँला । अहिले लाई यति नै ।

उही तिम्री साथी

चञ्चला यादव

*जन्मस्थल : जन्मेको ठाउँ*


*दर्शन : हेर्ने काम, हेराइ*

*आरती : देवीदेवताको वरिपरि धूपबत्ती बालेर गरिने अर्चना*

*अक्षता : देवीदेवतालाई चढाउन वा टीका लगाउन भिजाइएको चामल*

*चित्रकला : कागज, कपडा आदिमा रङ दलेर वा रङले कोरेर चित्र बनाइने कला*

## खामको नमुना




## शब्दभण्डार

**१. तल दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोज्नुहोस् :**

(क) कुनै काम गर्न जाग्ने इच्छा

(ख) फैलिएको वा सम्म परेको जमिन

(ग) दर्शन गर्न आउने मानिस

(घ) थरी थरीका खानेकुरा

**२. तलको तालिकामा दिइएका विषयवस्तु पढ्नुहोस् :**

| सम्मान जनाउने शब्द | नाता/सम्बोधन जनाउने शब्द | शिष्टाचार जनाउने शब्द |
|---|---|---|
| *प्रिय* | *भाइ/बहिनी/साथी* | *सुमधुर सम्झना* |
| *आदरणीय* | *दाजुभाउजू/दिदीभिनाजु* | *सादर नमस्कार/ प्रणाम/ढोग* |
| *पुजनीय* | *आमाबुबा* | *साष्टाङ्ग दण्डवत् / ढोग/प्रणाम* |
| *श्री* | *प्रधानाध्यापक/प्रमुख* | *ज्यू* |

३. जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| प्रिय | बुबा |
| श्रीमान् | दिदी |
| आदरणीय | साथी |
| पूजनीय | प्रधानाध्यापक |

४. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

पत्र, विद्यालय, भाषा, साइकल, दर्शन, अवलोकन

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

धर्मावलम्वी, दर्शनार्थी, चित्रकला, साँझ, उद्योगधन्दा, प्रसिद्ध

२. 'साथीलाई चिठी' पाठको तेस्रो अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।

३. 'साथीलाई चिठी' पाठमा जम्मा कतिओटा अनुच्छेद रहेका छन्, सबैभन्दा लामो अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

४. 'साथीलाई चिठी' पाठको चौथो अनुच्छेद मनमनै पढ्नुहोस् र तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) सीताको जन्मस्थल कहाँ हो ?

(ख) जनकपुरमा कुन मन्दिर रहेको छ ?

(ग) जानकी मन्दिरको अर्को नाम के हो ?

(घ) जानकी मन्दिरको दर्शन गर्न कहाँ कहाँबाट दर्शनार्थी आउँछन् ?

(ङ) जनकपुरमा कुन कुन सागर रहेका छन् ?

५. चञ्चला यादवले पाठमा कुन कुन कुराको वर्णन गरेकी छन्, चार वाक्यमा लेख्नुहोस् ।

६. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मिथिला चित्रकला भनेको के हो ?

(ख) जनकपुरमा कुन कुन कुण्ड रहेका छन् ?

(ग) जनकपुर सहर किन प्रख्यात रहेको छ ?

(घ) चञ्चला यादवले आफ्नी साथीलाई कहाँ कहाँ घुमाउने बताएकी छन् ?

७. 'साथीलाई चिठी' पाठमा आधारित भई चारओटा प्रश्न तयार पार्नुहोस् र तिनको उत्तर साथीलाई सोध्नुहोस् ।

९. तपाईं चन्द्रमाला भएको भए चञ्चला यादवको चिठीको उत्तर कसरी दिनुहुन्थ्यो, लेख्नुहोस् ।

९. तल दिइएको शुभकामना सन्देश पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

हार्दिक शुभकामना !

हरितालिका तिजको शुभ अवसरमा देशविदेशमा रहनुभएका सबै
नेपालीमा सुख, शान्ति र समृद्धिको
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

अनिता परियार

अध्यक्ष

रामापिथेकस टोल सुधार समिति

(तपाईं आफ्ना साथीलाई चाडपर्वका अवसरमा कसरी शुभकामना दिनुहुन्छ, कक्षामा सुनाउनुहोस् ।)

## भाषिक संरचना र वर्णविन्यास

१. **कोष्ठकबाट मिल्ने शब्द छानी वाक्य पूरा गर्नुहोस् :**

(क) म ........... कलम छ । (सँग, लागि)

(ख) भाइ पसल ......... लाग्यो । (लागि, तिर)

(ग) टेबुल ........ कलम छ । (माथि, अनुसार)

(घ) बुबाले मेरा ...... पुस्तक ल्याउनुभयो । (लागि, तिर)

(ङ) घर ............ बाटो बन्दै छ । (भित्र, अगाडि)

२. **कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) तिमी मेरो घर आऊ ..................खेलौँला । (अनि, तर, र)

(ख) बहिनी असल छिन् ............सबैले उनलाई माया गर्छन् । (त्यसैले, तर, अथवा)

(ग) म हातमुख धुन्छु ............. चिया खान्छु । (र, कि, पनि)

(घ) समृद्धि प्रथम हुन्छिन्.............. उनी मिहिनेत गर्छिन् । (अथवा, कि, किनभने)

(ङ) मैले पाठ पढेँ .............. प्रश्नको उत्तर आएन । (र, तैपनि, त्यसैले)

३. **मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) हरि भन ..... बिदाको दिन तिमी के गर्छौ ? (त, नि, र)

(ख) उनले भनेको ठिकै त हो ..... । (पो, नि, न)

(ग) पहिले पहिले ढुङ्गाका हतियार हुन्थे ..... । (पो, खै, रे)

(घ) साथीलाई सहयोग गरे ..... साथीले पनि सहयोग गर्छन् । (पो, क्यारे, लौ)

(ङ) ....., तिम्रो गृहकार्य देखाऊ त । (खै, नै, पो)

४. 'साथीलाई चिठी' पाठबाट पालि, सँग, समेत, सम्म, तिर प्रयोग भएका एक एक वाक्य टिप्नुहोस् ।

५. तल दिइएका 'समूह क' का शब्द 'समूह ख' का कुन क्रियापदसँग मिल्छन्, जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| भुर्र | बस्यो |
| मुसुमुसु | खायो |
| थ्याच्च | दौड्यो |
| कपाकप | हाँस्यो |
| खुर्र | उड्यो |

६. जून, समूह, लिम्बू शब्दमा जस्तै शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार ( ू ) लागेका तीन तीनओटा शब्द पहिचान गरी लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ चार सुन्नुहोस् र तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) सञ्चार भनेको के हो ?

(ख) सञ्चारका साधनअन्तर्गत के के पर्छन् ?

(ग) विद्युतीय सञ्चार भन्नाले के बुझिन्छ ?

(घ) इमेल र इन्टरनेट चलाउन केको आवश्यकता पर्छ ?

(ङ) इमेल किन प्रयोग गरिन्छ ?


२. हुलाकबाट चिठी पठाउन र विद्युतीय माध्यमबाट इमेल पठाउन कुन सहज हुन्छ ? किन, समूहमा छलफल गरी भन्नुहोस् ।


३. रेडियो, एफएम वा टेलिभिजनबाट मौसमसम्बन्धी समाचार सुन्नुहोस् र उक्त समाचार कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ५

**तलका चित्रमा दिइएका खेलमध्ये तपाईं कुन कुन खेल खेल्नुभएको छ, पालैपालो कक्षामा सुनाउनुहोस् :**









मूल पाठ

# खेलकुदको महत्त्व



(चन्दननाथ आधारभूत विद्यालयमा खेलकुद कार्यक्रम आयोजना गरिएको छ । उक्त कार्यक्रममा स्थानीय खेलाडीलाई सम्मान गर्न लागिएको छ । कार्यक्रम सुरु हुनुभन्दा पहिले कक्षा चारका विद्यार्थी र खेलकुद शिक्षकबिच खेलकुदबारे कुराकानी हुन्छ ।)

विद्यार्थी : (सबै विद्यार्थीले एकैसाथ हात जोड्दै) नमस्कार गुरु !

शिक्षक : नमस्कार ! नमस्कार ! सबै जना सन्चै छौ ?

विद्यार्थी : (सबै जनाले एकै स्वरमा) सन्चै छौँ गुरु । (यत्तिकैमा अनिता र आरिफ शिक्षकसँग कुरा गर्न अगाडि सर्छन् । अरू विद्यार्थी ध्यान दिएर सुन्न थाल्छन्)

आरिफ : धेरै समयपछि खेलकुद कार्यक्रम आयोजना हुन लागेको छ । यसले पढाइमा केही दिन असर गर्ने भयो है गुरु ?

शिक्षक : होइन नि ! खेलकुदले कहीँ पढाइलाई असर गर्छ र ! यसले त फाइदा पो पुऱ्याउँछ त !

आरिफ : (आश्चर्य मान्दै) हो र गुरु ! कसरी ? हामीलाई बताइदिनुहोस् न ।

शिक्षक : हाम्रो शरीरलाई तन्दुरुस्त राख्न गरिने क्रियाकलापमध्ये खेलकुद पनि एक हो । सामान्यत: खेलकुद खेल्ने र कुद्ने काम हो । पहिले पहिले व्यायाम र मनोरञ्जनका लागि मात्र खेल खेलिन्थ्यो । आजभोलि व्यवसाय र प्रतिस्पर्धाका रूपमा पनि खेल खेलिन्छ । यसबाट हाम्रो शरीर तन्दुरुस्त हुन्छ । मन स्वस्थ रहन्छ । यसले अनुशासनमा रहन मदत गर्छ ।

अनिता : (शिक्षकका कुरा सुनेर अचम्म मान्दै) हो र गुरु ? खेलकुदअन्तर्गत के के खेल पर्छन् नि ?

शिक्षक : (हातले इसारा गर्दै) ल सुन है त, खेल घरभित्र खेलिने र घरबाहिर खेलिने गरी दुई प्रकारका हुन्छन् । घरभित्र खेलिने खेल हल वा कोठामा खेलिन्छन् । यसअन्तर्गत सतरन्ज, टेबलटेनिस, क्यारमबोर्ड, बाघचाल जस्ता खेल पर्छन् । घरबाहिर खेलिने खेल ठुला ठुला रङ्गशाला तथा खुला मैदानमा खेलिन्छन् । यसअन्तर्गत भलिबल, दौड, फुटबल, कराँते, क्रिकेट, डन्डीबियो, कपर्दी जस्ता खेल पर्छन् ।

अनिता : (खुसी हुँदै) अनि नि गुरु, कसैले पढाइमा मात्र ध्यान दिनुपर्छ भन्छन् । कसैले पढाइ र खेलकुद दुवैमा ध्यान दिनुपर्छ भन्छन् । खेलकुदबाट धेरै फाइदा हुन्छ पनि भन्छन् । यसबारे बताइदिनुहुन्छ कि ?

शिक्षक : स्याबास ! राम्रो जिज्ञासा राख्यौ । पढाइ र खेलकुद दुवै महत्त्वपूर्ण हुन्छन् । त्यसैले पढाइलाई छोडेर खेलकुदतिर मात्र लाग्नुहुँदैन ।

*शब्दार्थ*

*तन्दुरुस्त : निरोगी, स्वस्थ*

*व्यवसाय : पेसा, रोजगार*

*प्रतिस्पर्धा : हारजितको प्रतियोगिता, होडबाजी*

*सतरन्ज : बुद्धिचालको खेल, चेस*

खेलकुद छोडेर पढाइमा मात्रै पनि ध्यान दिनुहुँदैन । दुवैलाई सँगसँगै अगाडि बढाउन सकिन्छ । खेलकुदका विभिन्न फाइदा छन् । यसले शरीरका विभिन्न अङ्गलाई चलायमान बनाउँछ । व्यक्तिलाई फुर्तिलो बनाउँछ । व्यक्तिमा आत्मविश्वास जगाउँछ । आपसमा सहयोग गर्ने बानीको विकास गराउँछ । मित्रताको भावना वृद्धि गराउँछ । साथीभाइबिचको सम्बन्ध बलियो बनाउँछ । अरूलाई सम्मान गर्न सिकाउँछ । स्वस्थ जीवन बाँच्न मदत गर्छ । यसबाट पैसा कमाउन पनि सकिन्छ ।

आरिफ : (शिक्षकका कुरा सुनेपछि) खेलकुदबाट त धेरै फाइदा पो पुग्दो रहेछ ! कसै कसैले त खेलकुद जित्नैपर्ने प्रतिस्पर्धा हो भन्छन् नि । जितिएन भने अपमान हुन्छ पनि भन्छन्, हो र गुरु ?

शिक्षक : होइन नि ! खेलकुद उस्तै उस्तै समूहका बिच गरिने प्रतिस्पर्धा हो । खेलकुदमा कहिले जित हुन्छ । कहिले हार हुन्छ । एकचोटिको जित सधैँको जित हुँदैन । एकचोटिको हार सधैँको हार हुँदैन । कहिलेकाहीँ खेल मनोरञ्जनका लागि पनि खेलिन्छन् । त्यसैले जित्दा मात्तिनु हुँदैन, हार्दा आत्तिनु हुँदैन । खेलकुदमा हार भएमा आफ्नो कमजोरी पत्ता लगाउनुपर्छ । अरू खेलमा अझ राम्रो गर्ने प्रण गर्नुपर्छ ।

अनिता : खेल खेल्दा केकस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ गुरु ?

शिक्षक : खेलकुदमा व्यक्तिगत प्रतिस्पर्धा पनि गरिन्छ । सामूहिक प्रतिस्पर्धा पनि गरिन्छ । यसमा अस्वस्थ प्रतिस्पर्धा भने गर्नुहुँदैन । अनावश्यक होडबाजी गर्नुहुँदैन । नराम्रो भावना राख्नुहुँदैन । खेल खेल्नुभन्दा पहिले नै हारजित निश्चित गर्नुहुँदैन । खेलका क्रममा छलकपट

*चलायमान : चलिरहने, गतिशील*

*आत्मविश्वास : आफूमा हुने विश्वास*

*प्रण : प्रतिज्ञा, बाचा*

गर्नुहुँदैन । विपक्षी समूहलाई होच्याउनुहुँदैन । सानो ठान्नुहुँदैन । खेलकुदका क्रममा अनुशासनको पालना गर्नुपर्छ ।

आरिफ : खेलकुदमा शारीरिक तन्दुरुस्तीको आवश्यकता पर्छ भन्छन् । शारीरिक रूपमा कमजोर पनि खेल खेल्न सक्छन् त गुरु ?

शिक्षक : सक्छन् नि, खेलकुद फरक क्षमता भएकाका लागि पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । यस्ता खेलाडीका लागि पारालिम्पिक प्रतियोगिता सञ्चालन गर्ने गरिएको छ । कतिपय खेलाडीले यसै ओलम्पिकका माध्यमबाट आफूलाई विश्वमै चिनाएका छन् ।

अनिता : मलाई पनि खेल क्षेत्रमा अगाडि बढ्ने निकै रहर छ । यसका लागि के गर्नुपर्ला गुरु ?

शिक्षक : खेलकुदलाई विद्यालय शिक्षाको एउटा अङ्ग मानिन्छ । हाम्रो विद्यालयमा पनि समय समयमा खेलकुदसम्बन्धी प्रतियोगिता आयोजना हुने गरेका छन् । रुचि लागेका खेलमा तिमी पनि सहभागी बन । विद्यालयबाहिर पनि विभिन्न किसिमका खेलकुद प्रतियोगिता आयोजना गरिन्छन् । त्यस्ता प्रतियोगिता वडास्तरीय, पालिकास्तरीय र जिल्लास्तरीय हुन्छन् । राष्ट्रियस्तरमा पनि प्रतियोगिता हुन्छन् । पछि पछि तिमीले यस्ता प्रतियोगितामा सहभागिता जनाउन सक्छ्यौ ।

अनिता : खेलकुदमा सहभागी हुने कतिपय व्यक्ति चर्चित खेलाडी बन्न सक्छन् रे भन्ने पनि सुनिन्छ, हो गुरु ?

शिक्षक : हो नि अनिता ! तिमीले ठिक भन्यौ । खेलाडी राष्ट्रका गहना हुन् । प्रेरणाका स्रोत हुन् । हाम्रा आदर्श हुन् । वैकुण्ठ मानन्धर, सङ्गीना वैद्य, पारस खड्का, दीपक विष्ट, सन्दीप लामिछाने, गौरिका सिंह आदि नेपालका प्रसिद्ध खेलाडी हुन् । यी खेलाडीले खेलकुदका माध्यमबाट

*पारालिम्पिक : शारीरिक रूपमा फरक क्षमता भएका खेलाडीले खेल्ने प्रतियोगिता*

आफूलाई चिनाएका छन् । देशको इज्जत पनि बढाएका छन् ।

आरिफ : हाम्रा कतिपय साथी मोबाइल र कम्प्युटरमा खेल खेल्छन् । मोबाइल र कम्प्युटरमा खेल खेल्नु राम्रो हो र गुरु ?

शिक्षक : तिमीले ठिक कुरा उठायौ आरिफ ! अचेल कम्प्युटर र मोबाइलमा खेल खेल्ने चलन बढ्दै गएको छ । यसले न त शरीर स्वस्थ बनाउँछ न त बुद्धि नै बढाउँछ । यस्ता खेल खेल्नुभन्दा चउर वा मैदानमा खेल खेल्नु उपयुक्त हुन्छ ।

(यत्तिकैमा उद्घोषकले कार्यक्रम सुरु भएको जानकारी गराएपछि शिक्षक मञ्चतर्फ प्रवेश गर्नुहुन्छ । अनिता, आरिफलगायतका विद्यार्थी मञ्चनजिक गएर बस्छन् । कार्यक्रम सुरु हुन्छ ।)

## शब्दभण्डार

**१. तल दिइएका अर्थ बुझाउने शब्द शिक्षकका सहायताले पाठबाट खोजेर लेख्नुहोस् :**

(क) शरीरलाई स्वस्थ र फुर्तिलो राख्न गरिने कसरत

(ख) खेलकुद प्रदर्शनका लागि बनाइएको ठाउँ

(ग) आफ्नो योग्यता र क्षमताप्रतिको विश्वास

(घ) कसैलाई छल्ने वा धोका दिने काम

**२. तल दिइएका उस्तै उच्चारण हुने शब्दबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सित | वन |
| जून | शव |
| दीन | शीत |
| सब | जुन |
| बन | दिन |

३. **दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

रङ्गशाला, प्रतिस्पर्धा, मनोरञ्जन, सम्मान, आयोजना

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

प्रतिस्पर्धा, आत्मविश्वास, तन्दुरुस्ती, पारालिम्पिक, अङ्ग, राष्ट्रिय, जिल्लास्तरीय

२. **माथिको पाठ पात्रअनुसार भूमिका निर्वाह गरी सस्वरवाचन गर्नुहोस् ।**

३. **तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) खेलकुद भन्नाले के बुझिन्छ ?

(ख) खेल कति प्रकारका हुन्छन् ?

(ग) खेलकुदमा के के गर्नुहुँदैन ?

(घ) खेलाडीलाई किन राष्ट्रका गहना मानिन्छ ?

४. **माथिको पाठमा शिक्षकले भनेका खेलकुदसम्बन्धी कुरामध्ये तपाईंलाई कुन कुरा बढी मन पऱ्यो, भन्नुहोस् ।**

५. **माथिको पाठका आधारमा तल दिइएको अनुच्छेद पूरा गर्नुहोस् :**

खेल घरभित्र खेलिने र घरबाहिर खेलिने गरी ..... प्रकारका हुन्छन् । घरभित्र खेलिने खेल हल वा ..... खेलिन्छन् । यसअन्तर्गत सतरन्ज, टेबलटेनिस, क्यारमबोर्ड, बाघचाल जस्ता ..... पर्छन् । घरबाहिर खेलिने खेल ठुला ठुला ..... तथा खुला मैदानमा खेलिन्छन् । यसअन्तर्गत भलिबल, दौड, फुटबल, कराँते, क्रिकेट, डन्डीबियो, कपर्दी ..... खेल पर्छन् ।

६. **तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) घरभित्र र घरबाहिर खेलिने खेलअन्तर्गत कुन कुन खेल पर्छन् ?

(ख) खेलकुदबाट व्यक्तिलाई के के फाइदा हुन्छ ?

(ग) हामीले कम्प्युटर र मोबाइलमा किन खेल खेल्नुहुँदैन ?

(घ) असल खेलाडी कसरी बन्न सकिन्छ ?

७. 'खेलकुदको महत्त्व' पाठको आशय पाँच वाक्यमा लेख्नुहोस् ।

८. खेलकुदमा 'जित्दा मात्तिनु र हार्दा आत्तिनु हुँदैन' भनेर किन भनिएको होला, साथीसँग छलफल गरी लेख्नुहोस् ।

९. 'खेलकुदको महत्त्व' पाठबाट चारओटा प्रश्न निर्माण गर्नुहोस् र तिनको उत्तर साथीलाई सोध्नुहोस् ।

१०. रङ्गशालामा खेलाडीले भलिबल खेलिरहेको चित्र तयार पार्नुहोस् ।

११. तपाईंको समुदायमा सञ्चालन हुने गरेका कुनै खेलकुदका बारेमा साथीसँग भएको कुराकानी लेख्नुहोस् ।

१२. तल दिइएको घटना पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

शनिबारको दिन साथीहरू मिलेर खेतमा बल खेल्दै थिए । अचानक हर्क लडे । उनी खेतको तल्लो गरामा पछारिए । एकछिन अघिसम्म रमाइलो थियो । एकैछिनमा सबैलाई नरमाइलो लाग्यो । रसिकले भने, "हर्कको खुट्टाबाट रगत बग्दै छ । निकै चोट लागे जस्तो छ । हामीले तुरुन्तै अस्पताल लैजानुपर्छ ।" अनिमेषले तुरुन्तै आफ्नो रुमाल निकाले । उनले रगत बगेको ठाउँमा मिलाएर बाँधिदिए । रगत बग्न कम भयो । अधीश र अनिमेषले बोकेर बाटामा निकाले । हर्कले ऐया, ऐया भन्न थाले । उनले सानो स्वरमा पानी मागे । रसिकले नजिकैको धाराबाट पानी ल्याए । उनले हातले पानी खुवाए । सुधनले छिमेकी काकालाई भनेर गाडी निकाल्न लगाए । अनुराग हर्कका बुबालाई लिन गएका रहेछन् । हर्कका बुबा र अनुराग टुप्लुक्क आइपुगे । काकाले गाडी निकाल्नुभयो । सबै मिलेर हर्कलाई अस्पताल लगे ।

हजुरआमा खेतबारीमा काम गर्न जाँदा कुकुरले टोक्यो । उहाँलाई रेबिजविरुद्धको खोप लगाउनुपर्ने भयो । उहाँले अस्पताल जान पटक्कै मान्नुभएन । अब तपाईं हजुरआमालाई अस्पताल जान के भनेर मनाउनुहुन्छ ? एक जना साथी हजुरआमा र अर्को साथी नाति वा नातिनी भएर अभिनयात्मक तरिकाले कक्षामा कुराकानी गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. दिइएको अनुच्छेद पढ्नुहोस् र उत्तर दिनुहोस् :

डोल्मा र पवित्रा घुम्न निस्के । उनीहरू नजिकैको सुन्दर बगैँचामा गए । बगैँचामा राम्रा राम्रा फूल फुलेका थिए । फूलमा पुतली र माहुरी घुमिरहेका थिए । त्यो देखेर डोल्माले भनी, "मलाई सेतो पुतली मन पर्छ ।" पवित्राले भनी, "मलाई माहुरी मन पर्छ ।" तिनीहरू एकछिन बगैँचामा रमाएर घर फर्के ।

प्रश्नहरू

(क) माथिको अनुच्छेदमा प्रयोग भएका नाम शब्द टिप्नुहोस् ।

(ख) माथिको अनुच्छेदमा प्रयोग भएका सर्वनाम शब्द टिप्नुहोस् ।

(ग) माथिको अनुच्छेदमा बगैँचा, पुतली र फूलको वर्णन गर्न कुन कुन विशेषण शब्द प्रयोग भएका छन्, लेख्नुहोस् ।

(घ) माथिको अनुच्छेदमा वाक्य टुङ्ग्याउन कुन कुन क्रिया प्रयोग भएका छन्, लेख्नुहोस् ।

### २. तलका शब्दलाई मिल्ने समूहमा राख्नुहोस् :

रमा, उनी, गर्छ, अमिलो, लुगा, हरियो, सुन्यो, तपाईं, सुगा, तिमी, पढ्छे, चलाख

| नाम | सर्वनाम | विशेषण | क्रियापद |
|---|---|---|---|
| १. ............ | १. ............ | १. ............ | १. ............ |
| २............... | २............... | २............... | २............... |
| ३............... | ३............... | ३............... | ३............... |

३. ठिक भए 'ठिक' र बेठिक भए 'बेठिक' लेख्नुहोस् :

(क) कलम सर्वनाम शब्द हो । (........)

(ख) पहेँलो विशेषण शब्द हो । (........)

(ग) बस्छ क्रियापद हो । (........)

(घ) अग्लो नाम शब्द हो । (........)

(ङ) झोला क्रियापद हो । (........)

(च) हामी सर्वनाम शब्द हो । (........)

४. 'ब' र 'व' प्रयोग भएका पाँच पाँचओटा शब्द पाठबाट टिपोट गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ५ सुनेर मौखिक उत्तर दिनुहोस् :

(क) युवक सुरुमा के गर्थ्यो ?

(ख) धनी मानिससँग युवकको भेट कहाँ भयो ?

(ग) युवक किन मक्ख पर्‍यो ?

(घ) हामीले सफल हुन के गर्नुपर्छ ?

२. सुनाइ पाठ ५ सुनेर ठिक बेठिक छुट्याउनुहोस् :

(क) युवक गाउँमा खेती गर्थ्यो ।

(ख) युवकको जीवनमा एउटै लक्ष्य थियो ।

(ग) युवक अरूले जे गरेको देख्यो त्यही गर्न चाहन्थ्यो ।

(घ) साधुले भनेको युवकले पत्याएन ।

## परियोजना कार्य

१. आफ्नो वरपर खेलिने खेलको सूची बनाउनुहोस् । तीमध्ये तपाईंलाई कुन खेल मन पर्छ, त्यसका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

**तलका प्रश्नका बारेका छलफल गरी निष्कर्ष कक्षामा सुनाउनुहोस् :**

तपाईंलाई कथा मन पर्छ ?

तपाईंले अरूलाई कथा सुनाउनुभएको छ ?

तपाईंले कसैसँग झुटो बोल्नुभएको छ ?

हामीले झुटो बोल्नु हुन्छ कि हुँदैन ?

हामीलाई अभिभावक र गुरुगुरुआमाले भनेका कथा सुन्दा रमाइलो लाग्छ । कथामा रमाइला विषयवस्तु हुन्छन् । कुनै कथा पशुपन्छीसँग सम्बन्धित हुन्छन्। कुनै कथा मानिससँग सम्बन्धित हुन्छन्। यसै गरी कतिपय कथा भूतप्रेतसँग सम्बन्धित पनि हुन्छन् । कथामा हामीलाई असल बन्नुपर्छ भन्ने सन्देश दिइएको हुन्छ। हामी सबैले राम्रो काम गर्नुपर्छ भनिएको हुन्छ। हामीले कसैलाई नराम्रो गर्नुहुँदैन। सबैलाई सहयोग गर्नुपर्छ। आफूभन्दा ठुलालाई आदर र सानालाई माया गर्नुपर्छ। कसैलाई पनि ढाँट्नु र छल्नुहुँदैन । हो, हामीले पढ्ने झुटको परिणाम कथामा पनि अरूलाई झुटो बोल्नुहुँदैन भनिएको छ । सधैँ साँचो बोल्दा फाइदा हुने कुरा गरिएको छ। अरूलाई झुटो बोल्दा आफूले त्यसको परिणाम कस्तो भोग्नुपर्छ, यो जान्नका लागि अब हामी 'झुटको परिणाम' कथा पढौँ :

मूल पाठ

# झुटको परिणाम

रमेश विकल



एउटा गाउँमा एक जना चतुरे नामको मानिस थियो । ऊ निकै गफी र मूर्ख पनि थियो । ऊ आफैँले के बोल्ने हो र त्यसको के परिणाम हुन्छ भन्ने कुराको विचारै गर्दैनथ्यो । तैपनि ऊ आफूलाई खुबै चलाख छु भन्ने ठान्दथ्यो । त्यसैले ऊ भए नभएका गफ गरेर हिँड्थ्यो ।

चतुरे धाक लाउन पनि बडो सिपालु थियो । ऊ आफू नगएका ठाउँमा पनि म गएको छु भन्थ्यो । आफूले नदेखेका कुरा पनि मैले देखेको छु भन्थ्यो । फेरि ऊ आफूले नजानेका कुरा पनि जान्दछु भन्थ्यो । आफूले गर्न नसक्ने कुरा गर्न सक्छु भन्थ्यो । ऊ नभएको कुरा पनि भएको जस्तै पारेर भन्न सक्थ्यो । आफूले मुसो समाएको छ भने ऊ मैले चितुवा समाएको छु भनेर धाक लाउँथ्यो ।

*शब्दार्थ*

*गफी* : *धेरै गफ गर्ने*

*धाक* : *बढाइचढाइ गरिएका कुरा*

नचिन्ने मानिस त चतुरेको कुरा पत्याइहाल्थे । चिने जानेका मानिस भने उसदेखि वाक्क भइसकेका थिए । यस फटाहालाई कुनै जुक्तिले चेताउन सके हुने थियो भनेर उनीहरू विचार गर्थे ।

त्यस्तैमा एक दिन गाउँका ठिटाले चतुरेलाई चेताउनै पर्‍यो भनेर मतो गरे । उनीहरूले चतुरेलाई बोलाएर भने, "चतुरे दाइ हामी रातदिन काम काम भनेर मात्र बस्छौँ । यसो कहिलेकाहीँ घुमफिर, लहडबाजी, मोजमज्जा गर्दैनौँ । त्यसैले हामी साह्रै दुःखी भयौँ । एक पटक हामी सबै मिलेर कहीँ घुमघाम गर्न जाऔँ न ।"

ठिटाका कुरा सुनेर चतुरे गड्डी हाँक्न थालिहाल्यो । ऊ भन्न थाल्यो, "साँच्चै हो त नि । यहाँ आएदेखि मैले कुनै त्यस्तो आनन्द गर्ने पाएको छैन । मधेसमा छँदा त के भन्नु, सात सात दिनमा मोजमज्जा गरिन्थ्यो । कहिले सिनेमा हेर्‍या छ । कहिले पिकनिक गएको छ । त्यो पो रमाइलो तर यहाँ त...!"

ठिटाले भने, "त्यसैले त कतै रमाइलो गर्न जाऔँ भनेको नि । केही नभए पिकनिक नै मनाउन जाऔँ न ।"

सबैले पिकनिक जाने निधो गरे । पिकनिक सुन्दरीजल जाने भन्ने सबैको मत भयो । एक दिन सबै मिलेर सुन्दरीजल पिकनिक गए । चतुरे पनि उनीहरूसँगै गयो ।

उनीहरू सबै सुन्दरीजलको वनभोज मनाउने ठाउँमा पुगे । नुवाइधुवाइ गरी सुन्दरीमाईको दर्शन गरेर सबै जना एक ठाउँमा भेला भए । घाम साह्रै चर्किएको थियो । सबैलाई गर्मी भएको थियो । सबैलाई पौडी खेल्न पाए हुने जस्तो लागेको थियो । त्यस्तैमा ठिटाले चतुरेलाई चेताउने विचार मनमनै गरिहाले । गोपीले चतुरेसँग भन्यो, "चतुरे दाइ तिमीलाई त पौडी खेल्न खुब आउँछ होइन ? यो पोखरीमा पौडन सक्छौ ?"

*वाक्क : रुचि नभएको*
*मतो : विचारको समानता*
*लहडबाजी : मनको भावना*

बस्, गफी चतुरेको मुख अब खुल्यो, "यो जाबो पोखरीमा त के कुरा, मधेसमा छँदा कत्रा कत्रा नदीका भेलमा पस्थेँ । पोहोर मात्र टौदहको पोखरीमा हाम फालेको मान्छेलाई मैले गएर उतारेको हुँ । अरू त कसको बुता चल्थ्यो र ?"

चतुरेको धाकले ठिटा भित्रभित्रै हाँसे तर बाहिरबाट भने लौ पोखरीमा पौडी खेल्ने भनेर सबै जना लुगा फुकाल्न थाले । एक जनाले सबैलाई बिचैमा रोकेर भन्यो, "तिमीहरू पख । हामीहरूमा सबभन्दा शूरा र सिपालु चतुरे दाइ छन् । उनले पहिलो हाम फाल्नुपर्छ । त्यसपछि हामी हाम फालौँ ।"

अब चतुरेलाई फसाद पऱ्यो । उसले आज मलाई सन्चो छैन भनेर अनेक तरहसँग बच्न खोज्यो तर केटाले धेरै नदिएकाले उसलाई पोखरीमा हाम फाल्न करै लाग्यो । बिचरा पौडन नजान्ने हुनाले ऊ प्याकप्याक पर्न थाल्यो । ऊ पानीमा निसासिएर जति प्याकप्याक गर्थ्यो, केटा उसलाई उति नै जिस्क्याएर कराउँथे, "ए चतुरे दाइ ! नदीमा जस्तो पौडी खेलेर आऊ न ! ए चतुरे दाइ ! टौदहमा डुब्न लागेको मान्छेलाई बचाएका होइनौ ? खोइ, आफूलाई किन नबचाएको ?"

आखिर चतुरे साँच्चै डुब्न आँट्यो । त्यो देखेर श्याम भन्ने केटाले झटपट लुगा फुकालेर पोखरीमा हाम फाल्यो । ऊ पौडी खेल्न राम्ररी जान्दथ्यो । उसले चतुरेलाई घिच्याएर पानी बाहिर ल्यायो । चतुरेले पानी धेरै खाइसकेको थियो । ऊ अचेत थियो ।

आखिर सबैले मिलेर चतुरेलाई पानी छदाए । बल्ल बल्ल ऊ बौऱ्यो । उसले कसैको मुख हेर्न सकेन । त्यस दिनदेखि उसलाई सबैले कस्तो छ त सुन्दरीजल पोखरी भनेर जिस्क्याउन थाले । ऊ लाजले भुतुक्क हुन्थ्यो । यसपछि उसले झुटो बोल्न र धाक लगाउन पनि छोडिदियो ।

*बुता : शरीरको क्षमता*
*फसाद : अप्ठेरो वा असजिलो अवस्था*

## शब्दभण्डार

**१. तल दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) कुनै कामको निष्कर्ष, नतिजा

(ख) कुनै कुरा जान्न वा पाउन अपनाइने उपाय

(ग) वर्षाका कारणले उर्लेर बढेको पानीको प्रवाह

(घ) चेत नभएको

**२. छठीमाई, उदाउँदो सूर्य, अस्ताउँदो सूर्य, अर्घ, तलाउ, जलाशय, प्रसाद जस्ता शब्द छठ पर्वसँग सम्बन्धित छन् । तपाईं पनि आफ्नो समुदायमा मनाइने कुनै चाडपर्वसँग सम्बन्धित शब्द टिप्नुहोस् र कक्षामा सुनाउनुहोस् ।**

**३. उपयुक्त विकल्पमा ठिक चिह्न (√) लगाउनुहोस् :**

(क) तलका मध्ये बालबोलीको शब्द कुन हो ?

(अ) नुनु (आ) हजुरबुबा (इ) ठुल्दिदी (ई) कान्छीआमा

(ख) तलका मध्ये ग्रामीण परिवेशसँग सम्बन्धित शब्द कुन हो?

(अ) सहर (आ) मेलापात (इ) सुपर मार्केट (ई) चोक

(ग) तलका मध्ये सहरी परिवेशसँग सम्बन्धित शब्द कुन हो ?

(अ) सडक (आ) घोडेटो (इ) गोरेटो (ई) डोरेटो

(घ) बिउ र अनाज शब्द कुन पेसासँग सम्बन्धित छन् ?

(अ) शिक्षण (आ) चिकित्सा (इ) कृषि (ई) वकालत

४. तल दिइएको कोठेपदबाट तपाईंको परिवेशसँग सम्बन्धित दशओटा शब्द निर्माण गर्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| छि | खे | त | प | ग | च | प्प | ल |
| शि | मे | स | रि | पु | च | स | सु |
| क्ष | र | की | वा | जा | ज्ञ | ल | न |
| क | ड | ल | र | री | कृ | ष | क |
| मा | प | क | व्या | घ | क्ष | च | रा |
| मा | ले | डा | र्मी | प | क | म | ही |
| क | इ | ख | इ | ङ | री | र | ह |
| ह | ढ | जु | का | छ | क्ष | ण | ली |

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

जुक्ति, लहडबाजी, हाँक्नु, सिपालु, समुद्र, भुतुक्क, वाक्क

२. 'झुटको परिणाम' पाठको पहिलो र दोस्रो अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।

३. 'झुटको परिणाम' पाठमा जम्मा कतिओटा अनुच्छेद रहेका छन् ? कथाको पाँचौँ अनुच्छेदमा कतिओटा वाक्य प्रयोग भएका छन्, लेख्नुहोस्

४. तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) चतुरे आफूलाई के ठान्थ्यो ?

(ख) ठिटा पिकनिकका लागि कहाँ गए ?

(ग) गोपीले चतुरेलाई के भन्यो ?

(घ) चतुरे किन अचेत भयो ?

(ङ) चतुरेलाई पोखरीबाट कसले निकाल्यो ?

५. 'भुटको परिणाम' पाठमा भएका पात्रको सूची तयार पार्नुहोस् ।

६. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) चतुरे के गर्न सिपालु थियो ?

(ख) चतुरेको स्वभाव कस्तो थियो ?

(ग) ठिटाले चतुरेलाई किन सबक सिकाउने निधो गरे ?

(घ) चतुरेलाई किन फसाद पऱ्यो ?

(ङ) भुटो बोल्दा चतुरेले के परिणाम भोग्यो ?

७. कसले कसलाई भनेको हो ?

(क) एक पटक हामी सबै मिलेर कहीँ घुमघाम गर्न जाऔँ न ।

(ख) मधेसमा छँदा त के भन्नु, सात सात दिनमा मोजमज्जा गरिन्थ्यो ।

(ग) चतुरे दाइ तिमीलाई त पौडी खेल्न खुब आउँछ होइन ?

(घ) यो जाबो पोखरीमा त के कुरा, मधेसमा छँदा कत्रा कत्रा नदीका भेलमा पस्थेँ ।

(ङ) टौदहमा डुब्न लागेको मान्छेलाई बचाएका होइनौ ? खोइ, आफूलाई किन नबचाएको ?

८. तल दिइएका घटनाको क्रम मिलाएर लेख्नुहोस् :

(क) चतुरेले भुटो बोल्न छोडिदियो ।

(ख) ठिटाले चतुरेलाई चेताउनै पऱ्यो भनेर मतो गरे ।

(ग) चतुरे पोखरीमा साँच्चै डुब्न आँट्यो ।

(घ) श्यामले चतुरेलाई घिच्याएर पानी बाहिर ल्यायो ।

(ङ) चतुरेले मलाई सन्चो छैन भनेर अनेक तरहसँग बच्न खोज्यो

(च) एक दिन सबै मिलेर सुन्दरीजल पिकनिक गए ।

(छ) चतुरे भए नभएका गफ गरेर हिँड्थ्यो ।

९. 'झुटको परिणाम' पाठको सारांश लेख्नुहोस् ।

१०. तल दिएको चित्र वर्णन गर्नुहोस् :



११. तल दिइएका बुँदाका आधारमा कथा लेख्नुहोस् :

(क) एउटा गाउँमा हिरा र गोपी बस्थे ।

(ख) उनीहरू पैसा कमाउन विदेश गए ।

(ग) विदेशबाट पैसा कमाएर फर्के ।

(घ) बाटामा हिरालाई गोपीले कमाएको पैसा कुम्ल्याउन मन लाग्यो ।

(ङ) दुवैले जङ्गलमा पैसा लुकाउने सल्लाह गरे ।

(च) हिरा र गोपी पैसा लुकाएर घर पुगे ।

(छ) लुकाएको सबै पैसा गोपीले राति गएर लिएर आयो ।

(ज) अर्को दिन दुवै जना पैसा लिन गए तर पैसा भेटिएन ।

(झ) पैसा नभेट्दा हिराले गोपीमाथि शङ्का गऱ्यो ।

(ञ) दुवैले वनदेवतालाई बोलाउने निधो गरे ।

(ट) गोपीले आफ्ना बुबालाई रुखको टोड्कामा वनदेवता बनाएर राखेको थियो ।

(ठ) वनदेवताले हिराले पैसा लगेको भन्यो ।

(ड) हिरालाई रिस उठ्यो र रुखमा आगो लगाइदियो ।

(ढ) गोपीका बुबाले आत्तिँदै टोड्काबाट हाम फाले ।

(ण) गोपी र गोपीका बुबा दुवैले हिरासँग माफी मागे ।

(त) हिरालाई उसको पैसा फिर्ता गरिदिए ।

**१२. तल दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

रीता : काका नमस्कार ! कहाँबाट पाल्नुभयो आज बिहानै ?

काका : नमस्ते, यसो डुल्दै आएको नि नानी । के गर्दै छयौ ?

रीता : घर वरपर सफा गर्न लागेको नि काका ।

काका : ठिक गरिछौ नानी ! घर वरपर सफा राख्नुपर्छ भन्ने कुरा कसरी थाहा पायौ नि ?

रीता : हामीलाई गुरुआमाले सिकाउनुभएको नि काका ।

काका : यसरी सफा गर्दा के के फाइदा हुने रहेछ नि ?

रीता : वरपर सफा राख्दा लामखुट्टे, सर्प, भ्यागुता आउँदैनन्, सरुवा रोग लाग्दैन, सुरक्षित भइन्छ ।

काका : ठिक भन्यौ । घर पनि त सुन्दर देखिन्छ नि ।

रीता : हो नि काका ।

काका : आमाबुबा खै त ?

रीता : भित्र हुनुहुन्छ ।

काका : तिमी सफा गर्दै गर । म भित्र गएँ है त ।

रीता : हवस् ।

(रीता सरसफाइमै लाग्छिन् । काका भित्र जानुहुन्छ ।)

**(आफ्नै घरमा काम गरिरहेकी रीतासँग उनका काकाको भेट हुन्छ र कुराकानी सुरु हुन्छ ।)**

**तपाईं घर वरपर कसरी सरसफाइ गर्नुहुन्छ, साथीसँग कुराकानी गर्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका वाक्यमा मिल्ने चिह्न राख्नुहोस् :**

| । | , | ? | ! |

(क) रूपेश विद्यालय जान्छ

(ख) मलाई पुस्तक कापी कलम र झोला चाहिएको छ

(ग) तिमी कता जाँदै छौ

(घ) आहा कति राम्रो हिमाल रहेछ

२. **माथिको पाठबाट पूर्णविराम, अल्पविराम र प्रश्नवाचक चिह्न प्रयोग भएका एक एकओटा वाक्य टिप्नुहोस् ।**

३. **उदाहरणमा दिइए जस्तै गरी शब्द बनाउनुहोस् :**

(क) वि + चार = विचार

प्र + चार =

उप + चार =

आ + चार =

(ख) उप + हार + उपहार

वि + हार =

प्र + हार =

अनु + हार =

(ग) जन + ता = जनता

कवि + ता =

मित्र + ता =

मानव + ता =

(घ) धन + ई = धनी

ज्ञान + ई =

दान + ई =

दाम + ई =

३. **तलका शब्दलाई शुद्ध गरी लेख्नुहोस् :**

एता, यक, यकतारे, एसरी, यउटा, गाएक

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ६ सुन्नुहोस् र तलका भनाइ ठिक भए ठिक र बेठक भए बेठिक भन्नुहोस् :**

(क) किसानले घोडा र गधा पालेका थिए ।

(ख) किसानले पहिले घोडालाई तरकारीको भारी बोकाइदिए ।

(ग) किसानको गधा हिँड्दाहिँड्दै लड्यो ।

(घ) गधाले बोकेको भारी किसान आफैँले बोके ।

(ङ) गधालाई सहयोग नगरेकामा घोडा पछुतायो ।

**२. सुनाइ पाठ ६ सुन्नुहोस् र तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) किसानले तरकारी बेच्न कहाँ जाने विचार गरे ?

(ख) गधाले मलिन स्वरमा घोडालाई के भन्यो ?

(ग) घोडाले गधालाई किन सहयोग गरेन ?

(घ) गधाले बोकेको भारी किसानले कसलाई बोकाइदिए ?

(ङ) घोडाले किन पछुतो मान्यो ?

**३. समस्या परेका मानिसलाई भेट्दा तपाईं के गर्नुहुन्छ, भन्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. आफ्नो विद्यालयले प्रकाशन गरेका विभिन्न सूचना खोजेर पढ्नुहोस् र तलका विषय समेटी सूचना तयार पार्नुहोस् :**

जाडो बिदाको सूचना !


मिति : २०७८।०९।०९

सूचनाको विवरण

प्रकाशक : विद्यालय

**हाम्रो देशका लागि महत्त्वपूर्ण योगदान दिने चित्रमा दिइएका व्यक्तिका बारेमा तपाईँलाई के के थाहा छ, साथी साथी छलफल गर्नुहोस् :**







समाजमा थरी थरी स्वभाव भएका व्यक्ति हुन्छन् । कतिपय व्यक्ति नयाँ नयाँ कुराको खोजी गर्न रुचि राख्छन् । कोही साहित्य सिर्जनामा लागेर देशको सेवा गर्छन् । कोही समाज सेवामा रमाउँछन् । कसैले कलाका क्षेत्रमा योगदान दिन्छन् । यसरी नयाँ नयाँ क्षेत्रमा काम गरी देशका लागि महत्त्वपूर्ण योगदान दिने व्यक्तिलाई सबैले मन पराउँछन् । समाजमा असल स्वभाव भएका व्यक्तिलाई पनि सबैले मन पराउँछन् । समाजमा कतिपय व्यक्ति यस्ता हुन्छन्, तिनको जीवनी पढ्दा आफू पनि त्यस्तै बन्न पाए हुन्थ्यो जस्तो लाग्छ । तपाईँले पनि समाजका लागि राम्रो काम गर्ने व्यक्तिका बारेमा सुन्नुभएको छ होला ? नयाँ नयाँ कुराको खोजी गरी समाजमा योगदान दिने महावीर पुनको जीवनीबारे पढौँ :

मूल पाठ

# समाजसेवी महावीर पुन



गण्डकी प्रदेशको म्याग्दी जिल्लामा नाङ्गी नामको सुन्दर गाउँ छ । त्यस गाउँमा कृष्ण पुन र पुर्बी पुन नाम गरेका दम्पती बसोबास गर्थे । ती दम्पतीले वि.सं. २०११ साल माघ ५ गते एउटा बालकलाई जन्म दिए । तिनै बालक पछि गएर समाजसेवी महावीर पुनका नामले प्रसिद्ध भए ।

महावीर पुनका पिता बेलायती सैनिक थिए । माता कुशल गृहिणी थिइन् । उनको बाल्यकाल नाङ्गीमा भेडाबाख्रा चराएर बित्यो । उनले सात कक्षासम्म गाउँकै हिमाञ्चल विद्यालयमा पढे । आठ कक्षाको पढाइ भने पर्वत जिल्लाको मल्लाजबाट पूरा गरे । उनी आठ कक्षामा पढ्दा दैनिक चार घण्टा हिँडेर विद्यालय पुग्थे ।

पुनलाई उच्च शिक्षा अध्ययन गराउने उनका पिताको ठुलो धोको थियो । गाउँमा माध्यमिक तहको विद्यालयसमेत थिएन । त्यो इच्छा पूरा गर्न उनको परिवार चितवन बसाइँ सऱ्यो । उनले २०२७ सालमा चितवनको खैरहनी माविबाट एसएलसी उत्तीर्ण गरे । त्यसपछि काठमाडौँको अमृत साइन्स क्याम्पसबाट आइएस्सीसम्मको अध्ययन पूरा गरे । परिवारको आर्थिक अवस्था कमजोर भएकाले पढाइ अगाडि बढाउन सकेनन् । त्यसपछि उनी चितवन फर्किए । उनले चितवनका विभिन्न विद्यालयमा १३ वर्षसम्म विज्ञान र गणित विषय पढाए ।

लामो समयसम्म विद्यालयमा पढाएपछि उनमा थप अध्ययन गर्ने हुटहुटी पैदा

*शब्दार्थ*

*प्रसिद्ध : प्रख्यात, ख्यातिप्राप्त*

*हुटहुटी : उत्साह*

भयो । उनले साथीको सल्लाहमा अमेरिका गई उच्च शिक्षा अध्ययन गर्ने निधो गरे । उनी स्नातक तहको अध्ययन गर्न ३३ वर्षको उमेरमा अमेरिका प्रस्थान गरे । उनलाई अमेरिकाको नेब्रास्का विश्वविद्यालयले विज्ञान शिक्षा पढ्न सुरुमा केही छात्रवृत्ति प्रदान गऱ्यो । उनले खुब मिहिनेत गरेर पढ्न थाले । अध्ययनका क्रममा राम्रो अङ्क ल्याएकाले उनलाई पूर्ण छात्रवृत्ति प्रदान गऱ्यो ।

अमेरिकामा पढ्दा उनले गाउँघर फर्केर केही गर्न सकिन्छ कि भनेर सोच्थे । केही नयाँ काम गर्ने योजना बनाउँथे । अध्ययन पूरा गरेपछि उनी नेपाल फर्के र आफ्नो गाउँमा पुगे । त्यति वेला गाउँमा माध्यमिक विद्यालय बनाउने योजना बनिरहेको थियो । यसका लागि गाउँलेले पुनको सहयोग मागे । उनले माध्यमिक विद्यालय खोल्ने काममा सहयोग गरे । सात कक्षासम्म पढाइ हुने विद्यालयलाई १२ कक्षासम्म पढाइ हुने बनाए । उनले सोही विद्यालयमा स्वयंसेवकका रूपमा पढाउन सुरु गरे । विद्यालयको आयस्रोतका लागि चौँरी पाल्ने, चिज उत्पादन गर्ने, माछा पाल्ने, नेपाली कागज बनाउने, खरायो पाल्ने, पर्यटकका लागि लज खोल्ने, जाम बनाउने जस्ता काम गर्न थाले ।

उनले बिस्तारै गाउँको विकासमा ध्यान दिन थाले । गाउँलेसँग छलफल गरी विकासका योजना बनाउन थाले । सुरु सुरुमा गाउँलेले उनका योजनालाई विश्वास गर्दैनथे । उनी आफ्नो काममा निरन्तर लागिरहन्थे । उनी आफ्ना विद्यार्थीलाई कम्प्युटर सिकाउन चाहन्थे । त्यति वेला कम्प्युटर निकै महँगो थियो । उनीसँग पैसा थिएन । त्यसै वेला अस्ट्रेलियाका विद्यार्थीले दुईओटा कम्प्युटर दिएर सहयोग गरे । विद्यार्थीलाई कम्प्युटर सिकाउन दुईओटाले मात्र पुग्दैनथ्यो । उनले थप कम्प्युटर ल्याउने योजना बनाए ।

पुनले विदेशबाट पुराना कम्प्युटरका पार्टपुर्जा ल्याए । नेपाल आउने विदेशीहरूलाई पनि पुराना कम्प्युटरका पाटपुर्जा ल्याइदिन अनुरोध गरे । ती पाटपुर्जालाई काठका

*प्रस्थान : एक ठाउँबाट अर्को ठाउँमा जाने काम*

*आयस्रोत : आम्दानीको स्रोत*

बाकसको फ्रेममा जोडेर कम्प्युटर तयार गरे । उनले तयार गरेका कम्प्युटर विद्यालयलाई सित्तैमा बाँडे । उनको कार्यबाट प्रभावित भएर बिबिसीले 'काठको कम्प्युटर' शीर्षकमा समाचार प्रसारण गऱ्यो । त्यस समाचारले संसारका धेरै मानिसको ध्यान आकर्षण भयो । त्यसपछि उनलाई सहयोग गर्न विश्वका विभिन्न देशबाट स्वयंसेवक आउन थाले । उनीहरूले पुनसँग मिलेर काम गर्न थाले ।

महावीर पुन वेला वेलामा थप अध्ययनका लागि नेब्रास्का विश्वविद्यालय गइरहन्थे । उनले नेब्रास्काबाट स्नातकोत्तर गर्नुका साथै सूचना प्रविधिका बारेमा पनि अध्ययन गरे । त्यस वेला उनले आफ्नो गाउँ र नेपालका बारेमा वेबसाइट बनाए । त्यति वेलासम्म नेपालमा कसैले पनि वेबसाइट बनाएका थिएनन् । पुनलाई विदेशबाट साथीले इमेल पठाइरहन्थे । गाउँमा इन्टरनेट पुगेको थिएन । उनलाई इमेल हेर्न महिनामा एक पटक पोखरा पुग्नुपर्थ्यो । उनी गाउँमै इन्टरनेट भइदिएको भए कति सजिलो हुन्थ्यो भनी सोच्न थाले । पछि उनले गाउँमै इन्टरनेट पुऱ्याउने अठोट लिए ।

पुनसँग इन्टरनेट जोड्नका लागि पैसा थिएन । उपकरण पनि थिएनन् । यसका लागि उनले विदेशी विद्यार्थीबाट केही सहयोग पाए । उनले रुखमा उपकरण जोडेर इन्टरनेट सेवा सुरु गरे । त्यसपछि गाउँलेले इन्टरनेट चलाउन थाले । भिडियो कल गर्न थाले । उनले इन्टरनेट सेवालाई १५० भन्दा धेरै गाउँसम्म विस्तार गरे ।

महावीर पुनले विज्ञान प्रविधिमार्फत् देशको विकास गर्न चाहन्थे । देशलाई समृद्ध बनाउन नयाँ नयाँ अनुसन्धान र आविष्कार गर्नुपर्छ भन्ने सोच राख्थे ।

| | | |
|---|---|---|
| *प्रसारण* | : | *कुनै विषय वा वस्तुलाई प्रसार गर्ने काम* |
| *वेबसाइट* | : | *कुनै व्यक्ति वा संस्थाको सार्वजनिक प्रसारका लागि तयार पारिएको वेबपेज* |
| *इमेल* | : | *सूचना, अभिलेख आदि आदानप्रदान गर्ने विद्युतीय प्रणाली* |
| *अनुसन्धान* | : | *कुनै कुराको खोज* |
| *आविष्कार* | : | *नयाँ वस्तु पत्ता लगाउने काम* |

यसका लागि उनले २०६९ सालमा राष्ट्रिय आविष्कार केन्द्र नामक संस्था खोले । सुरुमा यो संस्था खोल्न उनलाई निकै गाह्रो भयो । उनीसँग पर्याप्त पैसा थिएन। उनले चालेको अभियानलाई धेरै नेपालीले मन पराए। स्वेच्छाले सहयोग गरे। कसैले ज्ञान र सिप दिएर सहयोग गरे । कसैले प्रचारप्रसार गरेर सहयोग गरे । कसैले चन्दा दिएर सहयोग गरे । आम जनताबाट पाएको सहयोगले उनले राष्ट्रिय आविष्कार केन्द्र सञ्चालनमा ल्याए ।

राष्ट्रिय आविष्कार केन्द्र अहिले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको परिसरमा रहेको छ । त्यहाँ प्रतिभा भएका जोसुकै व्यक्तिले काम गर्न सक्छन् । विद्यालयमा पढ्ने विद्यार्थीले पनि त्यहाँ गएर अनुसन्धान गर्न सक्छन् । नयाँ नयाँ चिज बनाउन सक्छन् । नयाँ कुराको अनुसन्धान गर्न सक्छन् । त्यसका लागि आविष्कार केन्द्रले सबै किसिमको सहयोग गर्छ ।

राष्ट्रिय आविष्कार केन्द्रका अनुसन्धानकर्ताले विभिन्न किसिमका सामग्री बनाएका छन् । दुर्गम गाउँघरतिरका स्वास्थ्य चौकीमा औषधी ढुवानी गर्ने स्वचालित ड्रोनको विकास गरेका छन् । भर्खर जन्मेको बच्चालाई तातो राख्नका लागि आवश्यक पर्ने बेबी वार्मर नामको मेसिन तयार पारेका छन् । किसानले उत्पादन गरेको तरकारी केही हप्तासम्म भण्डारण गर्ने सब्जीकोठी बनाएका छन् । किसानका लागि बाँदर धपाउने यन्त्रको निर्माण गरेका छन् । पेट्रोल र डिजेलबाट चल्ने पुराना गाडीलाई विद्युतीय गाडीमा बदल्ने काम गरेका छन् । विभिन्न कामका लागि आवश्यक रोबोट बनाएका छन् । यस केन्द्रमा धेरै मानिसले धेरै किसिमका अनुसन्धान गरिरहेका छन् ।

*परिसर : आसपासको क्षेत्र, हाता*
*ढुवानी : एक ठाउँबाट अर्को ठाउँमा सामान ओसारपसार गर्ने काम*
*ड्रोन : रिमोटका माध्यमबाट आकाशमा उडाइने एक किसिमको यन्त्र*
*रोबोट : मानिसले जस्तै काम गर्ने एक प्रकारको यन्त्र, यन्त्रमानव*

समाजसेवी पुन विश्वका प्रतिष्ठित पुरस्कारबाट पनि सम्मानित भएका छन् । उनले सन् २००७ मा 'रोमन म्यागसेसे' पुरस्कार प्राप्त गरेका थिए । यसलाई एसियाको नोबेल पुरस्कार पनि भनिन्छ । उनलाई सन् २००७ मा नेब्रास्का विश्वविद्यालयले मानार्थ विद्यावारिधि पनि प्रदान गरेको थियो ।

समाजसेवी पुनले आफ्नो सम्पूर्ण जीवन समाज सेवामा समर्पित गरेका छन्। उनी नेपाललाई चाहिने सामग्री नेपालमै उत्पादन गर्नुपर्छ भन्छन् । देशमै रोजगारी सिर्जना गर्नुपर्छ भन्छन् । नेपाली उत्पादन विदेशमा निर्यात गर्न सके देश धनी हुन्छ भन्ने सोच राख्छन् । उनी संसारका नेपालीमाझ असल शिक्षक, आविष्कारक र समाजसेवीका रूपमा चिनिन्छन् ।

*विद्यावारिधि : स्नातकोत्तर वा एमफिलभन्दा माथिल्लो तहको उपाधि*

## शब्दभण्डार

**१. तल दिइएका अर्थ जनाउने शब्द पाठबाट खोज्नुहोस् :**

(क) समाजको सेवा गर्ने व्यक्ति
(ख) कुनै व्यक्ति वा संस्थाले अध्ययन गर्ने विद्यार्थीलाई दिने रकम
(ग) धेरै मोल पर्ने
(घ) आफ्नो इच्छाले सामाजिक सेवामा लाग्ने व्यक्ति
(ङ) आफ्नै मनको चाहना

**२. उदाहरणमा दिइए जस्तै तल दिइएका पदावलीको छोटो रूप लेख्नुहोस् :**

माध्यमिक विद्यालय - मा.वि.

(क) त्रिभुवन विश्वविद्यालय -
(ख) राष्ट्रिय आविष्कार केन्द्र -
(ग) नेपाल प्रज्ञा प्रतिष्ठान -
(घ) पाठ्यक्रम विकास केन्द्र -

**३. उदहारणमा दिइए जस्तै तल दिइएका सङ्क्षिप्त शब्दको पूरा रूप लेख्नुहोस् :**

जि.स.स. - जिल्ला समन्वय समिति

(क) गो.प. -
(ख) गा.पा. -
(ग) न.पा. -
(घ) जि.प्र.का. -
(ङ) ने.बै.लि.

## बोध र अभिव्यक्ति

**१. तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

अनुसन्धान, आविष्कार, ड्रोन, प्रसिद्ध, हुटहुटी, प्रस्थान, आयस्रोत, प्रसारण

## २. तल दिइएका वाक्य कुन कुन अनुच्छेदमा प्रयोग भएका छन्, लेख्नुहोस् :

| वाक्यहरू | अनुच्छेद |
|---|---|
| (क) महावीर पुनका पिता बेलायती सैनिक थिए । | .......... |
| (ख) उनले माध्यमिक विद्यालय खोल्ने काममा सहयोग गरे । | .......... |
| (ग) उनले तयार गरेका कम्प्युटर विद्यालयलाई सित्तैमा बाँडे । | .......... |
| (घ) विद्यालयमा पढ्ने विद्यार्थीले पनि त्यहाँ गएर अनुसन्धान गर्न सक्छन् । | .......... |

## ३. तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) महावीर पुनको जन्म कहिले र कहाँ भएको हो ?

(ख) पुनले सन् २००७ मा कुन पुरस्कार प्राप्त गरेका थिए ?

(ग) पुन आफूलाई आएका इमेल हेर्न कहाँ पुग्थे ?

(घ) पुनलाई नेब्रास्का विश्वविद्यालयले किन पूर्ण छात्रवृत्ति दियो ?

(ङ) पुनले कसरी कम्प्युटर तयार पारे ?

## ४. पाठका आधारमा तलका घटनाको क्रम मिलाई लेख्नुहोस् :

(क) पुनको परिवार म्याग्दीबाट चितवन बसाइँ सर्‍यो ।

(ख) पुनले २०६९ सालमा राष्ट्रिय आविष्कार केन्द्रको स्थापना गरे ।

(ग) पुन स्नातक अध्ययन गर्न ३३ वर्षको उमेरमा अमेरिका प्रस्थान गरे ।

(घ) पुनले काठको बाकसको फ्रेममा पुराना पाटपुर्जा जोडेर कम्प्युटर तयार गरे ।

(ङ) पुनले रुखमा उपकरण जोडेर इन्टरनेट सेवा सुरु गरे ।

(च) वि. सं. २०११ साल माघ ५ गते महावीर पुनको जन्म भयो ।

(छ) पुनले आफूले पढेको विद्यालयमा स्वयंसेवकका रूपमा पढाउन सुरु गरे ।

५. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पुनले विद्यालयको आयस्रोत जुटाउन के के गरे ?

(ख) पुनले गाउँमा इन्टरनेट सेवा कसरी सुरु गरे ?

(ग) पुनले देशलाई समृद्ध बनाउन के गर्नुपर्ने दृष्टिकोण राखेका छन् ?

(घ) पुनले राष्ट्रिय आविष्कार केन्द्रको स्थापना कसरी गरे ?

(ङ) राष्ट्रिय आविष्कार केन्द्रले कस्ता सामग्रीको उत्पादन गरेको छ ?

६. पाठको अन्तिम अनुच्छेद पढ्नुहोस् र मुख्य मुख्य विषयवस्तु टिपोट गर्नुहोस् ।

७. महावीर पुनको जीवनीबाट कस्तो शिक्षा पाउन सकिन्छ, लेख्नुहोस् ।

८. 'समाजसेवी महावीर पुन' पाठको दसौँ अनुच्छेदबाट चारओटा प्रश्न निर्माण गर्नुहोस् र तिनको उत्तर साथीलाई सोध्नुहोस् ।

९. तल दिइएको चित्र वर्णन गर्नुहोस् :



१०. दिइएको कुराकानी पढ्नुहोस् र नन्दराजको ठाउँमा तपाईं हुनुभएको भए तस्विर ल्याउन प्राधानाध्यापकसँग कसरी अनुमति लिनुहुन्थ्यो, कक्षामा भूमिकासहित देखाउनुहोस् :

*(नेपाली शिक्षकले महावीर पुनको जीवनी पढाउने दिन उनको तस्बिर कक्षामा लान छुटाउनु भएछ ।)*

शिक्षक : नन्दराज ! मैले अफिसबाट महावीर पुनको तस्बिर ल्याउन बिर्सेछु । तिमी गएर ल्याऊ है त ।

नन्दराज : हुन्छ गुरु । (नन्दराज अफिसतिर जान्छन्, अफिसमा पुगेपछि प्रधानाध्यापकलाई देख्छन् ।)

नन्दराज : (प्रधानाध्यापकलाई हात जोड्दै) नमस्कार गुरु ! म भित्र आउन सक्छु ?

प्रधानाध्यापक : नमस्कार ! हुन्छ आऊ । केही काम थियो कि ?

नन्दराज : नेपाली पढाउने गुरुले महावीर पुनको तस्बिर ल्याउन मलाई पठाउनु भएको हो गुरु ।

प्रधानाध्यापक : हो र ? (तस्बिरतिर देखाउँदै) उ त्यो भित्तामा छ, लैजाऊ ।

## भाषिक संरचना र वर्णविन्यास

१. तल दिइएको अनुच्छेदबाट क्रियापद टिपोट गर्नुहोस् ।

महावीर पुनका पिता बेलायती सैनिक थिए । माता कुशल गृहिणी थिइन् । उनको बाल्यकाल नाङ्गीमा भेडाबाख्रा चराएर बित्यो । उनले सात कक्षासम्म गाउँकै हिमाञ्चल विद्यालयमा पढे । कक्षा आठको पढाइ भने पर्वत जिल्लाको मल्लाजबाट पूरा गरे । उनी आठ कक्षामा पढ्दा दैनिक चार घण्टा हिँडेर विद्यालय पुग्थे ।

२. उदाहरणमा दिइए जस्तै गरी क्रियापदका रूप परिवर्तन गर्नुहोस् :

उदाहरण : बस्छ = बस्यो, खान्छ = खायो

(क) पढ्छ ......................

(ख) भन्छ ........................

(ग) खेल्छ ........................

(घ) हेर्छ ........................

(ङ) जान्छ ........................

३. 'समाजसेवी महावीर पुन' पाठको चौथो अनुच्छेदबाट बितेको समय जनाउने क्रियापद प्रयोग भएका कुनै तीन वाक्य टिपोट गर्नुहोस् ।

४. गएँ, बसेँ, पढेँ, खेलेँ, फर्कें क्रियापदको प्रयोग गरी एक एक वाक्य बनाउनुहोस् ।

५. तल दिइएका शब्द पाठ हेरी शुद्ध गरी लेख्नुहोस् :

कृस्ण, कुसल, साइन्श, मानिष, शूचना, षोच, किशान

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ७ सुन्नुहोस् र तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) भक्तराज आचार्यको जन्म कहिले र कहाँ भएको हो ?

(ख) आचार्य के नामले प्रसिद्ध रहेका छन् ?

(ग) आचार्यलाई किन बहुमुखी प्रतिभाका धनी मानिन्छ ?

(घ) आचार्यले कति सालमा उत्कृष्ट गायकको पुरष्कार पाएका थिए ?

२. भक्तराज आचार्यका कुन कुन गीत प्रसिद्ध रहेका छन् ?

३. तपाईं भविष्यमा के बन्न चाहनुहुन्छ ? किन, कक्षामा सुनाउनुहोस् ।

## सिर्जनात्मक कार्य

१. तल दिइएको व्यक्तिगत विवरण पढ्नुहोस् र तपाईं पनि आफ्नो व्यक्तिगत विवरण तयार पार्नुहोस् ।

### व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | सविता जोशी |
| जन्म मिति | : | २०६७।०२।१५ |
| बुबाको नाम | : | प्रवीण जोशी |
| आमाको नाम | : | सुशीला जोशी |
| प्रदेश | : | सुदूरपश्चिम |
| जिल्ला | : | दार्चुला |
| गाउँपालिका | : | दुहुँ |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| भाषाको ज्ञान | : | नेपाली र दार्चुलेली |
| शिक्षा | : | चार कक्षामा अध्ययनरत |
| रुचि | : | अध्ययन, खेलकुद र भ्रमण |
| भविष्यको योजना | : | समाजसेवा गर्ने |


पूर्व पठन

# पाठ ८

१. तल दिइएका चित्रका बारेमा छलफल गर्नुहोस् :









# कुरिलो खेती



उपासना जनता आधारभूत विद्यालयको चार कक्षामा पढ्छिन् । उनको घर विद्यालयनजिकै छ । उनी नियमित रूपमा विद्यालय जान्छिन् । विद्यालयमा छुट्टी भएको दिन उनले आमाबुबालाई काममा सघाउने गर्छिन् ।

उपासनाका बुबाको मुख्य पेसा कृषि हो । उनले विभिन्न थरीका तरकारी खेती गर्छन् । उनले खेतबारीमा आलु, गोलभेँडा, प्याज, लसुन, धनिया, फर्सी, काँक्रो, करेला आदि लगाएका छन् । यसपालि उनले कुरिलो खेती पनि सुरु गरेका छन् । उनी आफ्नो अधिकांश समय खेतबारीमै बिताउने गर्छन् । उपासनालाई बुबाको काम असाध्यै मन पर्छ । कुरिलो खेती पहिलो पटक देखेकी हुनाले उनी कुरिलो खेतीप्रति बढी आकर्षित हुन्छिन् । उनलाई खेतबारीमा लगाइएका तरकारीमध्ये कुरिलो सबैभन्दा बढी मन पर्छ ।

**शब्दार्थ**

कृषि : बालीनालीसम्बन्धी काम, खेती, किसानी

कुरिलो : टुप्पाको तरकारी खान हुने एक प्रकारको काँडादार बोट

उपासनाका बुबाले छोरीलाई तरकारी वरपर उम्रिएका घाँस उखेल्न लगाउँछन् । तरकारीमा पानी र मल हाल्न लगाउँछन् । उपासनाले अरू तरकारीमा भन्दा कुरिलामा निकै ध्यान दिन्छिन् । उनले कुरिलो वरपर घाँस उम्रेको छ कि भनेर बारम्बार हेर्ने गर्छिन् । उम्रेको देखेमा उखेलिहाल्छिन् । कुरिलाको फेदमा पानी पुगे नपुगेको नियालेर हेर्छिन् । कुरिलाका सबै बोटमा मल पुगे नपुगेको पनि हेर्ने गर्छिन् । उपासनाका बुबालाई छोरीले कुरिलालाई बढी माया गरेको देख्दा औधी खुसी लाग्छ । उनी छोरीतिर हेरेर मुसुक्क हाँस्दै भन्छन्, "कुरिलाको उत्पादन राम्रो भयो भने तिम्रा लागि नयाँ पुस्तक र कापी किनिदिने छु ।" बुबाको कुरा सुनेर उपासना खुसीले गद्गद हुन्छिन् ।

उपासनाले कहिलेकाहीँ विद्यालयका साथीलाई बुबाको तरकारी खेतीबारे सुनाउने गर्छिन् । उनले कुरिलाबारे अरू तरकारीको भन्दा बढी बयान गर्छिन् । उनका साथी पनि अरू तरकारीको भन्दा कुरिलाको कुरा सुन्न बढी मन पराउँछन् । उनीहरूलाई कुरिलाका फाइदाबारे थाहा पाउन मन लाग्छ ।

बेलाबखत उपासनाका साथी उनको खेतबारी हेर्न जान्छन् । उनीहरूलाई खेतबारीमा देखेर उपासनाका बुबा साह्रै खुसी हुन्छन् । उनले छोरीका साथीलाई निकै माया गर्छन् । उपासनाका साथीले कुरिलाबारे जान्ने इच्छासमेत राख्छन् । उनीहरूले कुरिलो के हो ? कुरिलो खेती कसरी गरिन्छ ? यसबाट के के फाइदा हुन्छ ? भनेर जिज्ञासा राख्छन् । यी जिज्ञासाको जवाफ उपासनाका बुबाले सजिलो तरिकाले दिन्छन् ।

उपासनाका बुबा भन्छन्, "नानीबाबुहरू ! कुरिलो बहुवर्षीय तरकारी बाली हो । यसलाई संस्कृतमा शतावरी, नारायणी र शतमुली पनि भनिन्छ । यसमा काँडासहितका काण्ड, झुप्पादार पात र मसिना हाँगा हुन्छन् । यसका सयभन्दा धेरै जात हुन्छन् । कुरिलो खेती नेपालका पूर्वदेखि पश्चिमसम्मका भूभागमा गर्न सकिन्छ । यसको खेती न्यानो हावापानी भएको ठाउँमा गरिन्छ । हिउँ

*बेलाबखत : कहिलेकाहीँ*
*बहुवर्षीय : धेरै वर्षसम्मको*

परिरहने भूभागमा यसको खेती गर्न सकिँदैन । तुसारो परिरहने भेगमा पनि यसको उत्पादन राम्रो हुँदैन ।

कुरिलो खेतीका लागि बलौटे माटो राम्रो मानिन्छ । खुकुलो माटामा यसका जरा सातआठ फिट गहिराइसम्म पुग्छन् । कुरिलाको गानाबाट टुसाको विकास हुन्छ । गर्मी समयमा टुसाको विकास छिटो हुन्छ भने जाडो समयमा ढिलो हुन्छ । कुरिलाका टुसा खानका लागि उपयुक्त हुन्छन् । यसका टुसा टिपिएन भने बिस्तारै अग्ला हुन्छन् र हाँगाका रूपमा विकसित हुन्छन् । कुरिलाका भाले र पोथी बोट हुन्छन् । तिनलाई चिन्न भने गाह्रो हुन्छ । यसलाई एक पटक लगाएपछि राम्रो स्याहार गरेमा धेरै वर्षसम्म उत्पादन लिन सकिन्छ ।

नानीबाबुहरू ! कुरिलाका धेरै फाइदा छन् । कुरिलो पोसिलो तरकारी हो । कुरिलाका टुसालाई तरकारीका रूपमा प्रयोग गर्न सकिन्छ । कुरिलाका टुसा उमालेर रस बनाई खान सकिन्छ । यसका टुसालाई अचार र सलादका रूपमा पनि प्रयोग गर्न सकिन्छ । कुरिलामा भिटामिन ए र भिटामिन सी प्रशस्त मात्रामा पाइन्छ । यसमा फाइबर र क्याल्सियम पनि पाइन्छ । कुरिलो सबैका लागि लाभदायक तरकारी हो । यो विभिन्न रोग लागेका बिरामीका लागि निकै उपयोगी हुन्छ ।

कुरिलाका जराबाट विभिन्न थरीका औषधी बनाइन्छ । यसको टुसा र जरा बिक्री गरेर प्रशस्त आम्दानी गर्न सकिन्छ । हाल नेपालका विभिन्न जिल्लामा यसको व्यावसायिक खेती गर्न थालिएको छ । त्यसैले नानीबाबुहरू ! औषधी, स्वास्थ्य र व्यवसायका दृष्टिले कुरिलो अत्यन्तै उपयोगी तरकारी हो ।"


उपसनाका बुबाबाट उनका साथीले कुरिलाबारे धेरै जानकारी पाउँछन् । उनीहरूले कुरिलो खेतीको महत्त्वबारे आफ्ना आमाबुबालाई सुनाउने निधो गर्छन् ।


*बलौटे : बालुवा धेरै भएको माटो*
*सलाद : कुरिलो, मुला, काँक्रो आदिका चाना वा टुक्रा बनाई तयार पारिएका खानेकुरा*
*फाइबर : फलफूल, सागपात आदिमा पाइने रेसादार वस्तु*
*लाभदायक : फाइदाजनक, हितकारी*
*व्यावसायिक : व्यवसायसँग सम्बन्धित*

## शब्दभण्डार


१. तल दिइएका चित्र पहिचान गर्नुहोस् :











२. कुन सामग्री के कामका लागि प्रयोग गरिन्छन्, जोडा मिलाउनुहोस्::

| | |
|---|---|
| कोदालो | अन्न पिँध्न |
| जाँतो | घाँस काट्न |
| हँसिया | खेतबारी खन्न |
| ठेकी | खेतबारी जोत्न |
| हलो | दही मही राख्न |

३. **तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

तुसारो, जरा, खेतबारी, हाँगा, आम्दानी, जमिन, किसान

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

काँडा, बलौटे, बहुवर्षीय, व्यवसाय, महत्त्व, रक्तचाप

२. **'कुरिलो खेती' पाठको चौथो अनुच्छेद एक मिनेटभित्र सस्वरवाचन गर्नुहोस् ।**

३. **तल दिइएका वाक्य पाठको कुन कुन अनुच्छेदमा रहेका छन् पहिचान गरी लेख्नुहोस् :**

(क) कुरिलो बहुवर्षीय तरकारी बाली हो ।

(ख) कुरिलाका टुसा खानका लागि उपयुक्त हुन्छन् ।

(ग) औषधी, स्वास्थ्य र व्यवसायका दृष्टिले कुरिलो अत्यन्तै उपयोगी तरकारी हो ।

४. **तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) उपासनाका बुबाले खेतबारीमा के के लगाएका छन् ?

(ख) उपासनालाई सबैभन्दा बढी मन पर्ने तरकारी कुन हो ?

(ग) उपासनाका बुबाले कुरिलाको उत्पादन बढी भएमा के किनिदिने भनेका छन् ?

(घ) कुरिलाका फाइदाबारे कसलाई जान्न मन लागेको छ ?

(ङ) कुरिलो खेतीका लागि कस्तो माटो आवश्यक पर्छ ?

५. **तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) कुरिलो कस्तो तरकारी बाली हो ?

(ख) कस्तो हावापानी भएको ठाउँमा कुरिलो खेती गर्न सकिन्छ ?

(ग) कुरिलो कसरी खान सकिन्छ ?

(घ) कुरिलो खानाले के के फाइदा हुन्छ ?

(ङ) उपासनाका बुबाको कुरा सुनेर उनका साथीले के निधो गरे ?

६. उपासनाका बुबाको कुराबाट तपाईंले के के थाहा पाउनुभयो ?

७. 'कुरिलो खेती' पाठले दिन खोजेको सन्देश शिक्षकका सहायताले लेख्नुहोस् ।

८. 'कुरिलो खेती' पाठको तेस्रो अनुच्छेद पढी तीनओटा प्रश्न निर्माण गर्नुहोस् ।

९. 'कुरिलो खेती' शीर्षकमा पाँच वाक्यको एउटा अनुच्छेद तयार पार्नुहोस् ।

१०. तपाईंलाई कुन तरकारी खेतीका बारेमा जानकारी छ, कक्षामा दुई दुई जनाको समूह बन्नुहोस् र कुराकानी गर्नुहोस् ।

११. तल दिइएको कुराकानी पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

शुक्रबार विद्यालय छुट्टी भएपछि सोनिया र सौरभ सँगै घरतिर लाग्छन् । उनीहरूबिच बाटामा कुराकानी हुन्छ ।)

सोनिया : आहा ! भोलि त शनिबार हो । म त बुबालाई फकाएर घुम्न जान्छु होला । तिमी के गर्छौ नि सौरभ ?

सौरभ : मेरो त भोलि खेतमा रोपाइँ छ । म त रोपाइँ गर्न खेतमा जान्छु ।

सोनिया : हो र ? रोपाइँ कसरी गरिन्छ नि सौरभ ?

सौरभ : पहिला हलो वा ट्याक्टरले खेत जोतिन्छ । जोतेको खेतमा पानी लगाइन्छ। पानी लगाएको खेत फेरि जोतिन्छ। त्यसपछि दाँदे वा फ्याउरी लगाएर हिलो सम्म पारिन्छ । यति गरेपछि धान रोप्नका लागि खेत तयार हुन्छ। खेतमा रोपारले धानको बिउ रोप्छन् ।

सोनिया : तिमीले पनि धान रोप्न जानेका छौ त ?

सौरभ : जान्दछु नि, तर म रोप्नुभन्दा बियाडबाट धानको बिउ उखेल्छु । बिउ बोकेर रोप्ने ठाउँसम्म पुऱ्याउँछु । रोपाइँ गर्दा हिलामा खुब खेल्न पाइन्छ । आहा ! क्या रमाइलो हुन्छ ।

सोनिया : त्यसो भए म पनि रोपाइँमा जान्छु है त ?

सौरभ : हुन्छ नि किन नहुनु ? बरु छिटो गरेर भोलि मेरो घर आऊ न । सँगै जाऔँला, हुन्न ?

सोनिया : हुन्छ ।

**(लसुन, मल, बारी, कोदालो, गोडमेल जस्ता शब्द प्रयोग गरी लसुन खेती गर्ने तरिकाबारे साथीसँग कुराकानी गर्नुहोस् ।)**

## भाषिक संरचना र वर्णविन्यास

**१. तल दिइएको अनुच्छेदबाट क्रियापद पहिचान गरी टिपोट गर्नुहोस् :**

उपासना जनता आधारभूत विद्यालयको चार कक्षामा पढ्छिन् । उनको घर विद्यालयनजिकै छ । उनी नियमित रूपमा विद्यालय जान्छिन् । विद्यालयमा छुट्टी भएको दिन उनले आमाबुबालाई काममा सघाउने गर्छिन् ।

**२. उदाहरणमा दिइए जस्तै गरी क्रियापदका रूप परिवर्तन गर्नुहोस् :**

उदाहरण : डुल्यो = डुल्छ आयो = आउँछ

(क) गऱ्यो ................

(ख) भन्यो ................

(ग) हिँड्यो ................

(घ) देख्यो................

(ङ) गयो ................

**३. 'कुरिलो खेती' पाठको दोस्रो अनुच्छेदबाट वर्तमान वा अहिलेको समय जनाउने**

क्रियापद प्रयोग भएका कुनै तीनओटा वाक्य टिपोट गर्नुहोस् ।

४. तपाईं कक्षामा के के गर्नुहुन्छ, चार वाक्यमा लेख्नुहोस् ।

५. दिइएका शब्द शुद्ध गरी लेख्नुहोस् :

छेमा, क्षेस्किनी, अछेता, क्षिमेकी अछेर, पछ्य

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ८ सुनेर तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) मङ्गल शेर्पाले आफ्नो बारीमा केका बोट लगाएका छन् ?

(ख) शेर्पाले कति जनालाई रोजगारी दिएका छन् ?

(ग) शेर्पाले स्याउ खेतीलाई के नाममा दर्ता गराएका छन् ?

(घ) शेर्पा स्याउ सङ्कलन केन्द्रमा किन जान्छन् ?

२. मङ्गल शेर्पा कस्ता किसान हुन्, कक्षामा भन्नुहोस् ।

३. सुनाइ पाठ ८ सुनेका आधारमा स्याउ खानाले हुने फाइदा पाँच वाक्यमा भन्नुहोस् ।


## परियोजना कार्य

१. मानौं तपाईंका बारीमा प्रशस्त फलफूल फलेका छन् । तपाईंका अभिभावकले फलफूल कसरी टिप्नुहुन्छ ? बजारसम्म कसरी पुर्‍याउनुहुन्छ ? बिक्रीबाट कमाएको पैसा के गर्नुहुन्छ, सोधेर लेख्नुहोस् ।

पूर्व पठन　　पाठ ९

तल दिइएका चित्रका आधारमा कथा बनाउनुहोस् । कथाले के सन्देश दिएको छ, बताउनुहोस् :



मूल पाठ

# घमन्डको फल



द्वापर युगको कुरा हो । गोकुल भन्ने गाउँ थियो । त्यस गाउँमा नन्द नाम गरेका व्यक्ति थिए । उनी गाउँका मुखिया थिए । गाउँमा उनको ठुलो सम्मान थियो । उनले कृष्ण र बलरामलाई छोराका रूपमा प्राप्त गरेका थिए । कृष्ण र बलराम अलि ठुला भएपछि उनको इज्जत झनै बढेको थियो ।

गोकुलमा प्रत्येक वर्ष इन्द्रको पूजा गरिन्थ्यो । वर्षा राम्रोसँग होस् भन्ने गोकुलबासीको चाहना हुन्थ्यो । एक दिनको कुरा हो, गाउँका सारा मानिस एक ठाउँमा भेला भए । उनीहरूले पूजाका सामग्री तयार पार्न थाले । यो देखेर कृष्णले नन्दबाबासँग सोधे, "बुबा, किन गाउँभरिका मानिस जम्मा भएका छन् ? किन यति धेरै पूजाका सामग्री तयार पारिँदै छन् ?"

कृष्णका कुरा सुनेर नन्दले भने, "हामी इन्द्रको पूजा गर्ने तयारी गर्दै छौँ । इन्द्र खुसी हुनुभयो भने वर्षा गराइदिनुहुन्छ । पानी नै जीवन हो । गाईवस्तु, पन्छी

शब्दार्थ

मुखिया : गाउँको मुख्य मानिस, तालुकदार

सम्मान : मान

र मानिस सबैलाई पानीको आवश्यकता पर्छ । पानीबिना हामी बाँच्न सक्दैनौँ । पानीकै कारण हाम्रो खेतीपाती राम्रो हुन्छ ।"

नन्दबाबाको कुरा सुनेपछि कृष्णले भने, "मानिस, पशुपन्छी र अन्य सबै प्राणीले आफ्नो आफ्नो काम गर्नुपर्छ। कामअनुसार नै कर्मको फल पनि भोग्नुपर्छ। पहाड, खोलानाला, बादल, बोटबिरुवा र प्रकृतिको आआफ्नो महत्त्व छ । हाम्रै गाउँमा गोवर्द्धन पर्वत छ । यहाँ रुखबिरुवा र वनस्पति छन् । यही पर्वत र वनस्पतिका कारण हाम्रो प्रकृति स्वच्छ भएको हो । यसैकारण हामी बाँचेका छौँ । प्रकृतिकै कारण समयमा वर्षा भएको छ । यहाँको हावा स्वच्छ भएको छ । अन्नबाली सप्रिएको छ । त्यसैले हामीले इन्द्रको होइन, गोवर्द्धन पर्वत र वनस्पतिको पूजा गर्नुपर्छ ।"

कृष्णको कुरा सबैलाई ठिक लाग्यो । त्यस वर्ष उनीहरूले इन्द्रको पूजा गरेनन् । गोवर्द्धन पर्वत र प्रकृतिको पूजा गरे । यो कुरा स्वर्गका राजा इन्द्रले थाहा पाए । उनी रिसले चुर भए । कृष्णको लहैलहैमा लागेर मेरो पूजा नगर्नेलाई म ठिक पार्छु भन्ने सोचे । उनले बादललाई मुसलधारे पानी पार्न भने । उनले गोकुल गाउँ नै डुबाउन आदेश दिए ।

त्यसपछि त ठुला ठुला असिना र पानी बर्सन थाल्यो । हावाहुरी चल्न थाल्यो । मौसम चिसो भयो । सबै जाडाले थरथर काम्न थाले । इन्द्रको पूजा नगर्दा हामीले दुःख पायौँ भन्ने सबैलाई लाग्यो । केही उपाय निकाल्न सबैले कृष्णलाई भने । कृष्णले पहिले प्रकृतिको र त्यसपछि गोवर्द्धन पर्वतको स्तुति गरे । उनले हातले सिङ्गो गोवर्द्धन पर्वत उठाए । सबै त्यही पर्वतमुनि बसे ।

सात दिन सात रातसम्म घनघोर वर्षा भयो तर गोकुलबासीको कुनै हानि

*कर्म : काम*
*पर्वत : पहाड*
*मुसलधारे : दर्कने, मुसल जत्रै धारा झर्ने*
*स्तुति : प्रार्थना*
*घनघोर : डरलाग्दो*

भएन । वर्षा गराउँदा गराउँदा बादलमा पानीको मात्रा नै कम भयो । अब मैले केही गर्न सक्दिनँ भन्ने इन्द्रलाई लाग्यो । उनले हार माने । उनको घमन्ड चकनाचुर भयो । उनको रिस पनि शान्त भयो । उनी स्वर्गबाट सिधै गोकुल आए ।

उनले हात जोड्दै कृष्णसँग भने, "म शक्तिशाली छु, मलाई सबैले मान्नुपर्छ । सबैले मेरो पूजा गर्नुपर्छ भन्ने मलाई घमन्ड थियो । त्यसैले मैले धेरैलाई दुःख दिएँ । म प्रकृतिलाई होइन, मलाई मान्नुपर्छ भन्थेँ । वास्तवमा प्रकृतिकै कारण पृथ्वीमा सबै पशुपन्छी र प्राणीको रक्षा भएको हो । मेरो अहङ्कारका कारण धेरै मानिस, पशुपन्छी, प्राणी र वनस्पतिले दुःख पाए । यसमा म माफी चाहन्छु ।"

इन्द्रको यस्तो कुरा सुनेर कृष्णले भने, "इन्द्र, तपाईंलाई शक्ति र ऐश्वर्यको मात लागेको थियो । अब तपाईंको घमन्ड शान्त भएको छ । अब तपाईंले एउटा बाचा गर्नुपर्छ । जहाँ प्रकृति स्वच्छ हुन्छ, जहाँका मानिस प्रकृतिको रक्षा गर्छन्, त्यहाँ सधैँ समयमा ठिक्क वर्षा गराउनुपर्छ ।"

कृष्णको कुरा इन्द्रले स्वीकार गरे । उनले प्रकृतिको रक्षा गर्ने र प्रकृति स्वच्छ भएका ठाउँमा चाहिँदो वर्षा गराउने बाचा गरे ।

गोकुलबासी खुसी भए । इन्द्र फर्किएर स्वर्गतिर गए । त्यस वर्षदेखि पृथ्वीमा गोवर्द्धन पर्वत र प्रकृतिको पूजा गर्ने चलन चल्यो । अहिले पनि तिहारको चौथो दिन गोवर्द्धन पूजा गर्ने चलन छँदै छ ।

*शक्तिशाली : शक्तिले भरिएको, बलवान्*
*ऐश्वर्य : धेरै धनसम्पत्ति*
*रक्षा : सुरक्षा, जोगाउने काम*
*स्वीकार : मन्जुरी, समर्थन*
*बाचा : प्रतिज्ञा, सङ्कल्प*

## शब्दभण्डार

**१. तल दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोज्नुहोस् :**

(क) पुराणमा बताइएअनुसार चारमध्ये एक युग

(ख) गाउँको मुख्य मानिस

(ग) धेरै जना एकै ठाउँमा जम्मा हुने काम

(घ) आकाशबाट पानी झर्ने काम

(ङ) आकाशबाट मुसल जत्रै धारा भएर झर्ने पानी

**२. मिल्दो अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) रिसले चुर हुनु | फुर्ती हराउनु |
| (ख) घमन्ड चकनाचुर हुनु | धेरै रिसाउनु |
| (ग) लहैलहैमा लाग्नु | जस्तो काम गरिन्छ त्यस्तै फल पाउनु |
| (घ) कर्मको फल भोग्नु | मात्तिनु |
| (ङ) मात लाग्नु | जे भन्छन् त्यही मान्नु |

**३. समूह 'क' र समूह 'ख' मा दिइएका शब्द पढी तिनको सम्बन्ध भन्नुहोस् :**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| फूल | सयपत्री, लालीगुराँस, गुलाफ, मखमली |
| जनावर | गाई, भैंसी, बाख्रा, घोडा |
| पन्छी | काग, ढुकुर, परेवा, भँगेरा |
| अन्न | चामल, गहुँ, मकै, कोदो |
| तरकारी | काउली, भन्टा, लौका, सिमी |
| फलफूल | स्याउ, सुन्तला, केरा, अम्बा |

४. समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| कुर्ता, सुरुवाल, टोपी, सर्ट | पुस्तक |
| नेपाली, गणित, विज्ञान, सामाजिक | लुगा |
| नेपाल, भारत, चीन, अमेरिका | मिठाई |
| लड्डु, पेडा, जेरी, लालमोहन | देश |
| हात, मुख, नाक, कान | फलफूल |
| लिची, मेवा, कटहर, अनार | अङ्ग |

५. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

खेतीपाती, पशुपन्छी, वनस्पति, बाचा, स्विकार्नु

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

मुसलधारे, घनघोर, गोवर्द्धन, स्वच्छ, पृथ्वी, प्रकृति

२. 'घमन्डको फल' पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुन्दै लेख्नुहोस् ।

३. 'घमन्डको फल' पाठ पालैपालो सस्वरवाचन गर्नुहोस् ।

४. 'घमन्डको फल' पाठमा जम्मा कतिओटा अनुच्छेद छन्, सबैभन्दा लामो अनुच्छेदमा कतिओटा वाक्य छन्, बताउनुहोस् ।

५. 'घमन्डको फल' पाठका पात्र कृष्णबारे तीन वाक्य लेख्नुहोस् ।

६. तलको अनुच्छेद मनमनै पढ्नुहोस् र उत्तर भन्नुहोस् :

नन्दबाबाको कुरा सुनेपछि कृष्णले भने, "मानिस, पशुपन्छी र अन्य सबै प्राणीले आफ्नो आफ्नो काम गर्नुपर्छ । कामअनुसार नै कर्मको फल पनि

भोग्नुपर्छ । पहाड, खोलानाला, बादल, बोटबिरुवा र प्रकृतिको आआफ्नो महत्त्व छ । हाम्रै गाउँमा गोवर्द्धन पर्वत छ । यहाँ रुखबिरुवा र वनस्पति छन् । यही पर्वत र वनस्पतिका कारण हाम्रो प्रकृति स्वच्छ भएको हो । यसै कारण हामी बाँचेका छौँ । प्रकृतिकै कारण समयमा वर्षा भएको छ । यहाँको हावा स्वच्छ भएको छ । अन्नबाली सप्रिएको छ । त्यसैले हामीले इन्द्रको होइन, गोवर्द्धन पर्वत र वनस्पतिको पूजा गर्नुपर्छ ।"

प्रश्नहरू

(क) मानिसले केको फल भोग्नुपर्छ ?

(ख) प्रकृति स्वच्छ हुनाको कारण के हो ?

(ग) कसका कारण समयमै वर्षा भएको छ ?

(घ) हामीले केको पूजा गर्नुपर्छ ?

७. 'घमन्डको फल' पाठका आधारमा क्रम मिलाएर लेख्नुहोस् :

( ) नन्दले कृष्ण र बलरामलाई छोराका रूपमा पाएका

( ) कृष्णको कुरा सबैलाई ठिक लागेर गोवर्द्धन पर्वत र प्रकृतिको पूजा गरेका

( ) घमन्ड चकनाचुर भएपछि इन्द्रले कृष्णसँग माफी मागेका

( ) कृष्णले गोवर्द्धन पर्वत र वनस्पतिको पूजा गर्नुपर्ने बताएका

( ) इन्द्रले प्रकृतिको रक्षा गर्ने र प्रकृति स्वच्छ भएको ठाउँमा पानी पार्ने बाचा गरेका

( ) गोकुलमा प्रत्येक वर्ष इन्द्रको पूजा गर्ने गरिएको

( ) कृष्णले हातले सिङ्गो गोवर्द्धन पर्वत उठाएर सबैको रक्षा गरेका

( ) स्वर्गका राजा इन्द्रले रिसाएर सात दिनसम्म पानी पारेका

८. 'घमन्डको फल' पाठबाट कुनै चारओटा प्रश्न तयार पार्नुहोस् र तिनको उत्तर साथीलाई सोध्नुहोस् ।

९. 'घमन्डको फल' पाठका पात्र कृष्ण र इन्द्रमध्ये तपाईंलाई को राम्रो लाग्यो ? किन, आफ्नो विचार लेख्नुहोस् ।

१०. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) गोकुलमा प्रत्येक वर्ष इन्द्रको पूजा किन गरिन्थ्यो ?

(ख) प्रकृतिले हामीलाई के के कुरामा सहयोग गरेको हुन्छ ?

(ग) कृष्णले गोकुलवासीलाई कसरी बचाए ?

(घ) इन्द्रले किन माफी माग्नुपर्‍यो ?

११. आफ्नो घर वरपरका पहाड, डाँडापाखा र वनस्पतिको वर्णन गरेर एक अनुच्छेद लेख्नुहोस् ।

१२. आकाशबाट पानी परेन भने यो पृथ्वी, मानिस, पशुपन्छी, प्राणी र वनस्पतिको अवस्था कस्तो हुन्छ होला, कक्षामा साथीहरूको समूह बनाउनुहोस् र छलफल गर्नुहोस् । छलफलको निष्कर्ष कक्षामा सुनाउनुहोस् ।

१३. तल दिइएको चित्र वर्णन गर्नुहोस् :



१४. तल दिइएको अनुच्छेद पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

जाडो महिना सुरु हुन्छ । कात्तिक, मङ्सिर, पुस, माघ महिनामा असाध्यै जाडो हुन्छ । तुसारो पर्छ, कतिपय ठाउँमा त हिउँ पनि पर्छ । हात खुट्टा कक्रिन्छन् । यस्तो वेला हामीलाई चिसो मौसम त नआए पनि हुन्थ्यो जस्तो लाग्छ । गर्मी सुरु हुन्छ । चैत, वैशाख, जेठ असारमा चर्को घाम लाग्छन् । गर्मी असाध्यै बढ्छ । खलखली पसिना आउँछ । त्यस वेला यो गर्मीभन्दा त चिसो नै ठिक जस्तो लाग्छ । जब वर्षा सुरु हुन्छ अनि दर्कने पानी पर्छ । बाढी पहिरो जान्छ । हिलो, मैलो हुन्छ । त्यस वेला हामीलाई पानी नपरे पनि हुन्थ्यो जस्तो लाग्छ । यी सबै प्रकृतिमा हुने परिवर्तन हुन् । यी सबै अवस्था हामीलाई आवश्यक छन् ।

**कहिल्यै पानी परेन, सधैँ गर्मी भयो वा सधैँ जाडो भयो भने कस्तो होला, कक्षामा सुनाउनुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. तलको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका शब्द टिपोट गर्नुहोस् :

हामी अर्को महिना वनभोज जाने छौँ । वनभोज गएर मिठा मिठा परिकार खाने छौँ । रमाइलो गर्ने छौँ । मन परेका खेल खेल्ने छौँ । साथीहरूसँग घुम्ने छौँ । साँझपख घर फर्कने छौँ ।

२. उदाहरणमा दिइए जस्तै गरी क्रियापद बनाएर तालिकामा भर्नुहोस् :

| | लेख् | बस् | पढ् | खेल् |
|---|---|---|---|---|
| म | लेख्ने छु | बस्ने छु | पढ्ने छु | खेल्ने छु |
| हामी | लेख्ने छौँ | | | |
| तँ | लेख्ने छस् | | | |
| रमेश | लेख्ने छ | | | |
| सीता | लेख्ने छे | | | |
| उनीहरू | लेख्ने छन् | | | |
| आमा | लेख्नुहुने छ | | | |

३. उदाहरणमा दिइए जस्तै गरी क्रियापदका रूप परिवर्तन गर्नुहोस् :

उदाहरण : **आउँछ = आउने छ** **भन्छ = भन्ने छ**

(क) गर्छ ................ (ख) पढ्छ ...............

(ग) लेख्छ ................ (घ) हिँड्छ ................

(ङ) जान्छ ................ (च) भेट्छ ................

४. 'जाने छु', 'भेट्ने छु', 'गर्ने छु' र 'फर्कने छु' क्रियापदको प्रयोग गरी चार वाक्य लेख्नुहोस् ।

५. चन्द्रबिन्दु ( ँ ) लागेका दशओटा शब्द पाठबाट खोजेर लेख्नुहोस् ।

६. उदाहरणमा दिइए जस्तै तलका शब्दमा शिरबिन्दु ( ं ) लगाएर लेख्नुहोस् :

उदाहरण

सवत् : संवत्

सवाद, प्रशसा, कस, सरक्षण, हस, हिसा

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ९ सुनेर तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) घुरहु किन नदीको किनारतिर गएका थिए ?

(ख) महात्माले नदीमा के देखे ?

(ग) महात्माले घुरहुलाई के भनेर सम्झाए ?

(घ) 'बिच्छी र महात्मा' पाठको सन्देश के हो ?

२. **घुरहुले नदी किनारमा घुम्न जाँदा देखेको घटना घर फर्किएर कसरी सुनाए होलान्, अनुमान गरी भन्नुहोस् ।**

## परियोजना कार्य

१. **तल दिइएका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् र मिल्ने शीर्षक दिनुहोस् :**

(क) कुनै ठाउँमा कछुवा र खरायो बस्नु

(ख) खरायोलाई दौडन सक्छु भन्ने घमन्ड हुनु

(ग) कछुवालाई दौडन कर गर्नु

(घ) कछुवाले खरायोको प्रस्ताव मान्नु

(ङ) दौडमा खरायो धेरै टाढा पुग्नु

(च) कछुवालाई धेरै पछाडि देखेर खरायोले आराम गर्नु


(छ) आराम गर्दा गर्दै खरायो निदाउनु

(ज) कछुवा आफ्नै गतिमा हिँडेर दौड जित्नु

(झ) अल्छी नगरी निरन्तर काम गर्नाले सफल भइने सन्देश

# पूर्व पठन — पाठ १०

**तल दिइएको चित्रबारे कक्षामा छलफल गर्नुहोस् :**



तपाईंले नदी देख्नुभएको होला । नदीका मुहान पनि देख्नुभएको होला । कुनै नदीका मुहान हिमालमा हुन्छन् । कुनैका मुहान पहाडमा हुन्छन् । नदी हिउँदमा साना हुन्छन् । बर्खामा ठुला हुन्छन् । नदी हिमाल र पहाडबाट बग्छन् । नदीबाट बिजुली निकाल्न सकिन्छ । नदीबाट खेतबारीमा सिँचाइ गर्न सकिन्छ । नदीबाट घरायसी आवश्यकता पनि पूरा गर्न सकिन्छ । यसरी नदीबाट हामीले धेरै फाइदा लिन सक्छौँ ।

मूल पाठ

# सानी नदी


माधवप्रसाद घिमिरे

सानी नदी पर्वतबाट झर्छिन्
हाहा र हूहू वनभित्र गर्छिन्
खोला र नाला सँगिनी हजार
आएर भेट्छन् वनको पुछार ।

त्यो घामछायामय कुन्जभित्र
छन् इन्द्रिनीका रचना विचित्र
आनन्दमा चट्ट फिँजाइ लट्टा
खेल्छिन् छहारीमुनि नित्य गट्टा ।

रिसाइ पाखा पहरा लछार्छिन्
ढुङ्गा र मूढा तटमा पछार्छिन्
बाढी र पैरासित गडगडाई
थर्काउँछिन् पर्वतराजलाई ।

घुमेर हेरीकन गाउँलाई
पहाड पाखा हरिया बनाई
जान्छिन् यिनी दूर समुद्र भेट्न
सक्तैन कोही यिनलाइ रोक्न ।



शब्दार्थ

कुन्ज : लहरा वा पातहरूले ढाकिएको ठाउँ
छहारी : रुखको छाया
पहरा : ढुङ्गाका अग्ला अग्ला पहाड
तट : नदीको किनार
पर्वतराज : हिमालय
समुद्र : पानीले भरिएको सागर, महासागर

## शब्दभण्डार

१. **तल दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) धेरै बोटबिरुवा वा रुख भएको क्षेत्र

(ख) घामपानी परेका बेला आकाशमा देखिने सप्तरङ्गी रूप

(ग) बनाउने काम वा निर्माण

(घ) सधैँ वा निरन्तर

(ङ) ज्यादै ठुलो भेल

२. **तल दिइएका लय मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| झर्छिन् | पछार्छिन् |
| भित्र | गट्टा |
| लट्टा | गर्छिन् |
| लछार्छिन् | मित्र |

३. **उदाहरणमा दिइए जस्तै गरी मिल्ने शब्द निर्माण गर्नुहोस् :**

उदाहरण : कुञ्ज = पुञ्ज गाउँ = ठाउँ

(क) पर्वत = .............................. (ख) पहरा = ..............................

(ग) रोक्न = .............................. (घ) सानी = ..............................

(ङ) भेट्छन् = .............................. (च) वन = ..............................

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

इन्द्रेनी, नित्य, गट्टा, कुञ्ज, पैरो, लछार्छिन्

२. **'सानी नदी' पाठ लय हाली गाउनुहोस् ।**

३. 'सानी नदी' पाठमा छन्द मिलाउनका प्रयोग गरिएका निम्नलिखित शब्दको शुद्ध रूप पढ्नुहोस् :

| कविता प्रयोग भएका शब्द | शुद्ध रूप |
|---|---|
| (क) हूहू | हुहु |
| (ख) इन्द्रिनी | इन्द्रेनी |
| (ग) फिँजाइ | फिँजाई |
| (घ) रिसाइ | रिसाई |
| (ङ) मूढा | मुढा |
| (च) यिनलाइ | यिनलाई |

४. तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) सानी नदी कहाँबाट झर्छिन् ?

(ख) सानी नदी वनभित्र के गर्छिन् ?

(ग) खोलानालाहरूको भेट कहाँ हुन्छ ?

(घ) सानी नदी छहारीमुनि के खेल्छिन् ?

(ङ) सानी नदी कसलाई थर्काउँछिन् ?

५. 'सानी नदी' पाठको पहिलो श्लोक कापीमा सार्नुहोस् ।

६. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सानी नदी कसलाई भेट्न जान्छिन् ?

(ख) सानी नदीका साथी को को हुन् ?

(ग) सानी नदीले पहाड पाखालाई कस्तो बनाउँछिन् ?

(घ) नदीबाट हामीलाई के के फाइदा हुन्छ ?

७. खाली ठाउँमा मिल्ने शब्द भरी श्लोक पूरा गर्नुहोस् :

त्यो घामछायामय ......................

छन् ...................... रचना विचित्र

...................... चट्ट फिँजाइ ......................

खेल्छिन् ......................मुनि नित्य...................... ।

८. उदाहरणमा दिइए जस्तै गरी तल दिइएको श्लोकलाई वाक्यमा लेख्नुहोस् :

जस्तै : थर्काउँछिन् पर्वतराजलाई ।

सानी नदी पर्वतराजलाई थर्काउँछिन ।

जान्छिन् यिनी दूर समुद्र भेट्न

सक्तैन कोही यिनलाई रोक्न ।

९. तल दिइएको श्लोकको आशय वर्णन गर्नुहोस् :

घुमेर हेरिकन गाउँलाई

पहाड पाखा हरिया बनाई ।

१०. नदी किनारको खेतमा मानिस काम गरिरहेको विषयलाई समेट्ने गरी चित्र बनाउनुहोस् ।

११. तल दिइएको शिक्षक र सविनाको संवाद पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

आकाशले आफ्ना दाइको विवाहमा घर बस्नुपर्ने भएकाले तीन दिनको बिदा पाऊँ भनी प्रधानाध्यापकलाई निवेदन लेखे र त्यो निवेदन सुबिनामार्फत विद्यालयमा पठाए ।)

सुविना : (अफिसको ढोकामा उभिएर) नमस्कार गुरु !

शिक्षक : नमस्ते सुविना ! तिम्रो कक्षा सुरु भएन ? किन यहाँ आएकी ?

सुविना : गुरु ! आकाशले बिदाका लागि निवेदन पठाएका छन् । त्यही बुझाउन आएकी ! लिइदिनुहुन्छ गुरु ?

शिक्षक : हुन्छ, भैहाल्छ नि ! खै ल्याऊ त ।

सुविना : (भित्र गएर शिक्षकलाई निवेदन दिँदै) लिनुहोस् गुरु ! अब म फर्कन सक्छु गुरु ?

शिक्षक : हुन्छ । तिमी जान सक्छ्यौ ।

सुविना : धन्यवाद गुरु । (सुविना आफ्नो कक्षातर्फ लाग्छिन

**विद्यालयमा खेल खेल्ने समय सुरु भएको छ । तपाईंले शिक्षकसँग भलिबल माग्नुपर्ने भयो । तपाईं शिक्षकसँग भलिबल कसरी माग्नुहुन्छ, अनुरोधको शैलीमा कुराकानी गर्नुहोस्।**

## भाषिक संरचना र वर्णविन्यास

### १. तल दिइएका क्रियापदलाई मिल्ने समूहमा राख्नुहोस् :

**खाँदै छ, डुल्दै थियो, सुत्दै छ, नाच्दै हुने छ, पढ्दै छन्, खेल्दै हुने छ, बस्दै थिए, रमाउँदै हुने छ, हाँस्दै छन्, रुँदै थियो, गर्दै हुने छन्, भन्दै थियो**

| भूत काल : अपूर्ण पक्ष | वर्तमान काल : अपूर्ण पक्ष | भविष्यत् काल : अपूर्ण पक्ष |
|---|---|---|
| १. डुल्दै थियो | १. खाँदै छ | १. नाच्दै हुने छ |
| २................. | २................. | २................. |
| ३................. | ३................. | ३................. |
| ४................. | ४................. | ४................. |

२. तल दिइएका शब्दलाई मिल्ने समूहमा राख्नुहोस् :

नुहाएको थियो, गाएको हुने छ, उठेको छ, डुलेको थियो, भनेको छ, बजाएको हुने छ, किनेको छ, चलाएको थियो, पकाएको हुने छ, भेटेको थियो, गरेको छ, घुमेको हुने छ

| भूत काल : पूर्ण पक्ष | वर्तमान काल : पूर्ण पक्ष | भविष्यत् काल : पूर्ण पक्ष |
|---|---|---|
| १. नुहाएको थियो | १. उठेको छ | १. गाएको हुने छ |
| २. ................ | २. ................ | २. ................ |
| ३. ................ | ३. ................ | ३. ................ |

३. उदाहरणमा दिइए जस्तै गरी वाक्यका पदको क्रम मिलाउनुहोस् :

उदाहरण

म जान्छु घर ।

म घर जान्छु ।

(क) भलिबल खेल्छ भाइ ।

(ख) उठ्छु म चाँडै बिहान ।

(ग) विद्यालय हामी जान्छौँ सधैँ ।

(घ) मेरी आमा गर्नुहुन्छ मलाई माया ।

(ङ) उनले बोलाइन् मलाई खाना खान ।

४. तल दिइएका शब्द शुद्ध गरी लेख्नुहोस् :

अंक, चंगा, अंडा, झंडा, घंटा, चंचल, अंबा, खंबा, कंठ, पंच

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १० सुन्नुहोस् र सँगसँगै गाउनुहोस् ।

२. सुनाइ पाठ १० सुनी मौखिक उत्तर दिनुहोस् :

(क) चरालाई के मन परेको छैन ?

(ख) चरा बस्ने पिँजरा कस्तो छ ?

(ग) चराले कस्तो चाहना राखेको छ ?

(घ) सुनाइ पाठ १० को शीर्षक के हो ?

३. बुट्टेदार पिँजराभित्र दानापानी खान पाउँदा पनि चराले किन खुला आकाशमा उड्न खोजेको होला ? कक्षामा छलफल गर्नुहोस् र शिक्षकलाई सुनाउनुहोस् ।

## परियोजना कार्य

१. तपाईंको गाउँघरमा गाइने स्थानीय गीत अभिभावकबाट सुनेर लेख्नुहोस् र कक्षामा गाउनुहोस् ।

## पाठ ११

हामीले पुराना वस्तु देखेका छौँ । हाम्रा हजुरबुबा, हजुरआमाले प्रयोग गरेका सामान पनि घरमा होलान् । पहिलेका मानिसले प्रयोग गरेका सामान हाम्रा आमाबुबाले जतन गरेर राखेको पनि देखेका छौँ होला । यस्तै देशका नाम चलेका मानिसले प्रयोग गरेका सामान पनि कतिपय मानिसले जम्मा पारेर राखेका हुन्छन् । कसैले खेलाडीले लगाएका लुगा, जुत्ता आदि जोगाएर राखेका हुन्छन् । कसैले प्रसिद्ध खेलाडीले खेलेको बल सुरक्षित राखेका हुन्छन् । कसै कसैले त पुराना महत्त्वपूर्ण सामान जम्मा पारेर राखेका हुन्छन् । यस्ता पुराना सामानको आफ्नै महत्त्व हुन्छ । 'सङ्ग्रह' भनेको जम्मा पार्नु हो र 'आलय' भनेको घर हो । त्यसैले सङ्ग्रहालयको अर्थ पुराना र महत्त्वपूर्ण सामान जम्मा पारेर राखिएको ठाउँ हो ।

कुनै सङ्ग्रहालयमा पहिले पहिलेका सैनिकले प्रयोग गरेका सामग्री राखिएका हुन्छन् । कुनै सङ्ग्रहालयमा खेलकुदसम्बन्धी सामग्री राखिएका हुन्छन् । कुनै सङ्ग्रहालयमा जीवजन्तुका विभिन्न अङ्ग जम्मा पारेर राखिएको हुन्छ । कतै विभिन्न संस्कृति झल्कने सामान जम्मा पारेर राखिएको हुन्छ । जम्मा पारेर राखिएका सामानका आधारमा सङ्ग्रहालयको नाम पनि फरक फरक राखिएको हुन्छ । छाउनी सङ्ग्रहालय, हनुमान ढोका सङ्ग्रहालय, नारायणहिटी सङ्ग्रहालय आदि नेपालका प्रसिद्ध सङ्ग्रहालय हुन् । यीमध्ये यस पाठमा नारायणहिटी सङ्ग्रहालयका बारेमा वर्णन गरिएको छ । नारायणहिटी सङ्ग्रहालयका बारेमा जानकारी लिन तलको पाठ पढौँ :

मूल पाठ

# नारायणहिटी दरबार सङ्ग्रहालय



काठमाडौँको खुलामञ्च अगाडि रत्नपार्क रहेको छ । रत्नपार्कबाट घण्टाघर हुँदै जाँदा केही पर महेन्द्रको सालिक छ । सालिकको पछाडिपट्टि फराकिलो सडक छ । सडकका दुवैपट्टि लहरै रुख छन् । त्यहाँबाट अगाडि हेर्दा सुन्दर भवन देखिन्छ । त्यही भवन नै नारायणहिटी दरबार सङ्ग्रहालय हो ।

नारायणहिटी सङ्ग्रहालय नेपालका प्रमुख सङ्ग्रहालयमध्ये एक हो । यसको स्थापना वि.सं. २०६५ साल असार १ गते भएको हो । सङ्ग्रहालय बन्नुभन्दा पहिला यो नेपालका राजाको दरबार थियो । नेपालमा गणतन्त्र स्थापना भएपछि यसलाई सङ्ग्रहालयका रूपमा विकास गरिएको हो । यस सङ्ग्रहालयमा सानाठुला गरी ७७ भन्दा बढी कोठा रहेका छन् । तीमध्ये ४७ ओटा कोठाको नाम जिल्लाका नामबाट राखिएको छ । ती कोठालाई कक्ष भन्ने गरिएको छ ।

नारायणहिटी सङ्ग्रहालयको चारैतिर सुन्दर बगैँचा रहेको छ । यस सङ्ग्रहालयभित्र

*शब्दार्थ*

*सङ्ग्रहालय : महत्त्वपूर्ण वस्तु सङ्ग्रह गरी राखिएको ठाउँ*

*गणतन्त्र : जनताबाट निर्वाचित व्यक्ति राष्ट्रप्रमुख हुने शासन प्रणाली*

प्रवेश गर्दा सिँढी उक्लनुपर्छ । सिँढीका दायाँबायाँ माछा, मयूर, घोडा, हात्ती र सिंहका मूर्ति राखिएका छन् । सिँढी उक्लेपछि सङ्ग्रहालयको मूलढोका आउँछ । त्यसलाई गौरीशङ्कर प्रवेशद्वार भनिन्छ । यस द्वारबाट भित्र प्रवेश गरेपछि ठुलो बैठक कक्ष आउँछ । त्यसलाई कास्की बैठक नाम दिइएको छ । यस कक्षका भित्ता कलात्मक चित्रले सजाइएको छ । सङ्ग्रहालय बन्नुभन्दा पहिले यस कक्षमा शपथ ग्रहण समारोह आयोजना गरिन्थ्यो । राजकीय भ्रमणमा आएका विदेशी पाहुनालाई स्वागत गरिन्थ्यो । विभिन्न देशबाट नियुक्त भएर आएका राजदूतले ओहदाको प्रमाणपत्र पेस गर्थे । यसै कक्षबाट तत्कालीन राजा ज्ञानेन्द्र शाहले दरबार छाड्ने घोषणा गरेका थिए ।

कास्की कक्षबाट बायाँपट्टि जाँदा म्याग्दी, पर्वत, रुकुम कक्ष पुगिन्छ । त्यसपछि रोल्पा, दैलेख, बैतडी, अछाम कक्ष देख्न पाइन्छ । त्यसैगरी बाजुरा र जुम्ला कक्षको पनि अवलोकन गर्न सकिन्छ । यी कक्षलाई विभिन्न तस्बिर, ससाना मूर्ति, उपहार, कुर्सी र टेबुलले सजाइएको छ । शाहकालमा विदेशी राष्ट्रप्रमुख आउँदा राजदरबारमै बस्ने चलन थियो । विदेशी राष्ट्रप्रमुखले भेटघाट, भोजन र आरामका लागि यी कक्ष प्रयोग गर्थे ।

जुम्ला कक्षबाट भऱ्याङ उक्लिएपछि डोल्पा र तनहुँ कक्ष हुँदै गोरखा कक्ष पुगिन्छ । यस कक्षलाई नारायणहिटी सङ्ग्रहालयको मुख्य आकर्षण मानिन्छ । यस कक्षको छाना प्यागोडा शैलीमा निर्माण गरिएको छ । यसको मुख्य आकर्षण राजसिंहासन हो । राजसिंहासनमा सुन र चाँदीको प्रयोग गरिएको छ । यसको निर्माण नेपाली कालिगडद्वारा गरिएको हो । गोरखा कक्षमा चारओटा अग्ला अग्ला स्तम्भसमेत रहेका छन् । स्तम्भका माथिल्ला भागमा शक्तिकी देवी अष्टमातृका

*शपथ : कुनै पद ग्रहण गर्दा गरिने प्रतिज्ञा*
*राजकीय : राज्यसित सम्बन्ध भएका*
*ओहदा : पद वा दर्जा*
*घोषणा : कुनै निर्णय सुनाउने काम*
*राष्ट्रप्रमुख : देशको प्रमुख*
*प्यागोडा शैली : तलैपिच्छे पाली निकालिने एक प्रकारको निर्माण शैली*
*कालिगड : हस्तकलाको काम गर्ने व्यक्ति, कारिगर*
*स्तम्भ : घर वा भवनको खामो, खम्बा वा थाम*

र अष्टभैरवका आकृति कोरिएका छन् । यस कक्षलाई ४८ फिट अग्लो झुम्मरले सजाइएको छ । २०४७ सालको संविधान यसै कक्षबाट घोषणा गरिएको थियो । यस कक्षमा सुशोभन समारोह, युवराज घोषणा जस्ता कार्यक्रम गरिन्थे ।

गोरखा कक्षको दायाँपट्टि मुगु कक्ष रहेको छ । यस कक्षमा राजा त्रिभुवनले प्रयोग गरेका पुस्तक, टेलिफोन, कुर्सी, टेबुल आदि सजाएर राखिएको छ । मुगु कक्षबाट पुनः कास्की कक्षमा फर्किने गरी अवलोकनको व्यवस्था मिलाइएको छ । कास्की कक्ष फर्किंदा घुमाउरो भऱ्याङ हुँदै ओर्लनुपर्छ । भऱ्याङ ओर्लनेबित्तिकै लमजुङ कक्षको ढोकामा पुगिन्छ । यस कक्षमा राजकीय भोज आयोजना गर्दा प्रयोग गरिएका सामान राखिएका छन् ।

लमजुङ कक्षबाट अगाडि बढ्दै जाँदा गुल्मी, धादिङ, धनकुटा र सिन्धुली कक्षमा पुगिन्छ । गुल्मी कक्ष राजाको निजी कार्यकक्ष थियो । यस कक्षमा राजाले कार्यालय सञ्चालन गर्दा प्रयोग गरेका सामान राखिएका छन् । धादिङ कक्ष विश्राम कक्षका रूपमा थियो । यस कक्षमा टिभी, कुर्सी, टेबुल, सोफा, पुस्तकलगायतका सामान राखिएका छन् । धनकुटा कक्ष तत्कालीन राजारानीको शयन कक्ष थियो । यस कक्षमा पलङलगायतका सामान राखिएका छन् । सिन्धुली कक्ष भने रानीको शृङ्गार कक्षका रूपमा थियो । यस कक्षमा रानीले प्रयोग गरेका शृङ्गारका सामान राखिएका छन् । यी कक्ष राजपरिवारले निजी कक्षका रूपमा प्रयोग गर्थे । यी कक्षको अवलोकनबाट राजारानीको व्यक्तिगत जीवनयापनबारे जानकारी लिन सकिन्छ ।

नारायणहिटी सङ्ग्रहालयको भुइँतलामा धनुषा कक्ष रहेको छ । यस कक्षमा शाहकालका पदकको सङ्कलन गरिएको छ । धनुषा कक्षबाट पर्सा, चितवन र

*आकृति : कुनै वस्तु वा व्यक्तिको स्वरूप, आकार*
*झुम्मर : कोठा सजाउन सिलिङमा झुन्ड्याएर राखिने काँचबाट निर्मित वस्तु*
*सुशोभन : अति राम्रो*
*शयन : सुत्ने ठाउँ*
*शृङ्गार : सजाउने वा सिँगार्ने काम*
*श्रीपेच : राजमुकुट*

कपिलवस्तु कक्ष हुँदै रुपन्देही कक्षमा पुगिन्छ । यस कक्षमा श्रीपेच र राजदण्ड राखिएका छन् । श्रीपेच राजसंस्थाको सबभन्दा ठुलो प्रतीक हो । यो हिरा, मोती, माणिक, सुनलगायतका धातुले बनाइएको छ । यसमा ७३० ओटा हिरा र २३७२ ओटा मोतीका दानाको प्रयोग गरिएको छ । श्रीपेचको पछाडिको भागमा आकर्षक कल्की रहेको छ । कल्की हुमायु चराको सिउरबाट बनाइएको हो । राजदण्डमा ५९ तोला सुनको प्रयोग गरिएको छ । यसै कक्षमा रानीको ताज पनि राखिएको छ । ताजमा ९४३ ओटा हिराका टुक्रा प्रयोग गरिएको छ । यी सामग्रीलाई गोली नछिर्ने सिसाभित्र सुरक्षित गरिएको छ । रुपन्देही कक्षसँगै रहेको सुर्खेत कक्षमा झारी, चमर आदि राखिएका छन् । यी दुवै कक्षलाई नेपाली सेनाका जवानले चौबिसै घण्टा पहरा दिने गर्छन् ।

सुर्खेत कक्षको अवलोकनपछि सगरमाथा द्वार हुँदै त्रिभुवन सदनतिर जाने व्यवस्था मिलाइएको छ । त्रिभुवन सदन नारायणहिटी सङ्ग्रहालय भ्रमण गर्ने सबैले चासो राख्ने ठाउँ हो । यस सदनमा राजपरिवारका सदस्यले महिनाको पहिलो वा अन्तिम शुक्रबार रात्रिभोज गर्थे । हाल यस भवनलाई पुनर्निर्माण गरिएको छ । त्रिभुवन सदन हुँदै सुन्दर बगैँचामा पुगिन्छ । यस बगैँचामा पानीको पोखरी र घुम्नेघर रहेको छ । सङ्ग्रहालय भ्रमणमा जानेहरू बगैँचा, कुण्ड र घुम्नेघरको समेत अवलोकन गर्छन् ।

हाल नारायणहिटी सङ्ग्रहालयका सबै कक्ष खुला गरिएको छैन । यसका अन्य कक्ष क्रमशः खुल्दै जानेछन् । यो सङ्ग्रहालय शाहकालीन इतिहासको सङ्ग्रह हो । यसबाट आउँदा पुस्ताले धेरै जानकारी लिन सक्छन् । यसको सुरक्षा गर्नु हामी सबैको दायित्व हो ।

*राजदण्ड : राजाले हातमा लिने छडी*

*कल्की : चराको टाउकामा हुने सिउर*

*झारी : सानो घाँटी र केही ठुलो पेट भएको एक प्रकारको करुवा*

*चमर : चौँरीगाईको पुच्छरको फुर्को*

## शब्दभण्डार

१. **तल दिइएका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) बहुमूल्य सेतो रत्न

(ख) मुकुट वा शिरपेच

(ग) कुनै व्यक्तिको प्रतिमा

(घ) कुनै वस्तु वा व्यक्तिको स्वरूप, आकार

(ङ) भत्केको वस्तुलाई फेरि बनाउने काम

२. **समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउनुहोस् :**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| सङ्ग्रहालय | असल काम गरेबापत कसैलाई दिइने तक्मा |
| प्यागोडा शैली | महत्त्वपूर्ण वस्तु सङ्ग्रह गरी राखिएको ठाउँ |
| पदक | कुराकानी आदानप्रदान गर्न प्रयोग गरिने यन्त्र |
| टेलिफोन | तलैपिच्छे पाली निकालिने प्रकारको निर्माण शैली |

३. **तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

बगैँचा, तस्बिर, कार्यक्रम, भऱ्याङ, भ्रमण, सुरक्षा

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

सङ्ग्रहालय, कक्ष, स्तम्भ, ओहदा, झुम्मर, कल्की

२. 'नारायणहिटी दरबार सङ्ग्रहालय' पाठको पहिलो अनुच्छेद एक मिनेटभित्र सस्वरवाचन गर्नुहोस् ।

३. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) नारायणहिटी दरबार सङ्ग्रहालयको स्थापना कहिले भएको हो ?

(ख) सङ्ग्रहालयका कतिओटा कोठाका नाम जिल्लाका नामबाट राखिएका छन् ?

(ग) धनुषा कक्षमा के सङ्कलन गरिएको छ ?

(घ) श्रीपेच र राजदण्ड कुन कक्षमा राखिएका छन् ?

४. तलका वाक्य पाठका कुन कुन अनुच्छेदमा रहेका छन् :

(क) यस सङ्ग्रहालयमा सानाठुला गरी ७७ भन्दा बढी कोठा रहेका छन् ।

(ख) राजसिंहासनमा सुन र चाँदीको प्रयोग गरिएको छ ।

(ग) कल्की हुमायु चराको सिउरबाट बनाइएको हो ।

(घ) त्रिभुवन सदन हुँदै सुन्दर बगैँचामा पुगिन्छ ।

५. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कास्की बैठकमा कस्ता कार्यक्रम आयोजना गरिन्थे ?

(ख) गोरखा कक्षलाई किन सङ्ग्रहालयको मुख्य आकर्षण मानिन्छ ?

(ग) श्रीपेचमा कुन कुन धातुको प्रयोग गरिएको छ ?

(घ) रुपन्देही कक्ष किन प्रसिद्ध छ ?

६. 'नारायणहिटी दरबार सङ्ग्रहालय' पाठको पाँचौँ अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् ।

७. तलको अनुच्छेद पढ्नुहोस् र शिक्षकको सहायताले मुख्य मुख्य विषयवस्तु टिपोट गर्नुहोस्

जुम्ला कक्षबाट भऱ्याङ उक्लिएपछि डोल्पा र तनहुँ कक्ष हुँदै गोरखा कक्ष पुगिन्छ । यस कक्षलाई नारायणहिटी सङ्ग्रहालयको मुख्य आकर्षण मानिन्छ । यस कक्षको छाना प्यागोडा शैलीमा निर्माण गरिएको छ । यसको मुख्य आकर्षण राजसिंहासन हो । राजसिंहासनमा सुन र चाँदीको प्रयोग गरिएको छ । यसको निर्माण नेपाली कालिगडद्वारा गरिएको हो । गोरखा कक्षमा चारओटा अग्ला अग्ला स्तम्भसमेत रहेका छन् । स्तम्भका माथिल्ला भागमा शक्तिकी देवी अष्टमातृका र अष्टभैरवका आकृति कोरिएका छन् । यस कक्षलाई ४८ फिट अग्लो झुम्मरले सजाइएको छ । २०४७ सालको संविधान यसै कक्षबाट घोषणा गरिएको थियो । यस कक्षमा सुशोभन समारोह, युवराज घोषणा जस्ता कार्यक्रम गरिन्थे ।

८. दिइएको समाचार पढ्नुहोस् र आफ्नो विद्यालयमा सञ्चालन गरिएको कुनै एउटा कार्यक्रम बारेमा समाचार तयार पार्नुहोस् :

### कविता प्रतियोगिता सम्पन्न

कर्ण शाही

वैशाख ११, मुगु । श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा सञ्चालित कविता प्रतियोगिता सम्पन्न भयो । यस प्रतियोगितामा जम्मा नौ जना प्रतियोगीले सहभागिता जनाएका थिए । कविता प्रतियोगितामा जिल्लाका चर्चित कविहरूले निर्णायकको भूमिका निर्वाह गरेका थिए । यस अवसरमा प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगीलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगिताको समापन गर्दै विद्यालयका प्रधानाध्यापकले यस्ता प्रतियोगिताबाट बाल प्रतिभाको विकासमा मदत पुग्ने विचार राख्नुभयो ।

## ७. दिइएको भित्तेपात्रो अध्ययन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

**वैशाख २०७८** — **April/May 2021**

| आइत | सोम | मङ्गल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| | | | नयाँ वर्ष, बिस्केट जात्रा १ (14) | २ (15) | ३ (16) | ४ (17) |
| विश्व सम्पदा दिवस ५ (18) | ६ (19) | चैते दशैं ७ (20) | श्री राम नवमी ८ (21) | ९ (22) | कामदा एकादशी १० (23) | लोकतन्त्र दिवस ११ (24) |
| १२ (25) | १३ (26) | हनुमान जयन्ती १४ (27) | १५ (28) | १६ (29) | १७ (30) | श्रमिक दिवस १८ (1) |
| १९ (2) | २० (3) | २१ (4) | २२ (5) | २३ (6) | वरुथिनी एकादशी २४ (7) | विश्व रेडक्रस दिवस २५ (8) |
| २६ (9) | २७ (10) | मातातीर्थ औंसी २८ (11) | २९ (12) | ३० (13) | ३१ (14) | |

(क) माथिको पात्रोअनुसार वैशाख महिना कति दिनको रहेको छ ?

(ख) महिनाको पहिलो मङ्गलबार कुन पर्व परेको छ ?

(ग) वैशाख महिनामा कतिओटा बुधबार परेका छन् ?

(घ) विश्व रेडक्रस दिवस कहिले परेको छ ?

(ङ) माथिको भित्तेपात्रोअनुसार २०७८ साल जेठ १ गते कुन बार पर्छ ?

## ८. तल दिइएको संवाद पढ्नुहोस् र निर्देशनअनुसार भूमिका निर्वाह गर्नुहोस् :

*(सलिमलाई कापी चाहिएको हुन्छ । ऊ कापी किन्न पसलेकहाँ पुग्छ ।)*

सलिम : दाइ ! सन्चै हुनुहुन्छ ?

पसले : हजुर, ठिक छ । के सेवा गरूँ ?

सलिम : मलाई कापी चाहिएको थियो । छ कि छैन ?

पसले : छ नि ! किन नहुनु ? (कापी देखाउँदै) कुन खालको लानुहुन्छ ? हेर्नुस् त ।

सलिम : (हातमा एउटा कापी उचाल्दै) यसलाई कति पैसा पर्छ ?

पसले : सस्तै छ । (मुसुक्क हाँस्दै) जम्मा ५० रुपियाँ ।

सलिम : सामानको मूल्यसूची राख्ने गर्नुभएको छ ?
पसले : मूल्यसूची त राख्ने गरेको छैन ।
सलिम : सबै सामानको मूल्यसूची त देखिने गरी राख्नुपर्छ नि ।
पसले : तिमीले ठिक कुरा गऱ्यौ, अबदेखि राख्छु ।
(सलिमले ५० रुपियाँ तिर्छन् र कापी लिएर घरतिर लाग्छन् ।)

तपाईंले आफ्नो वरपर निर्माणसम्बन्धी काम भइरहेको देख्नुभयो । तपाईंलाई त्यसबारे जान्न मन लाग्यो । त्यस्तो अवस्थामा तपाईं काम गरिरहेका मान्छेसँग कसरी कुरा गर्नुहुन्छ, कक्षामा साथीसँग कुराकानी गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. तलको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका विभक्ति कापीमा टिप्नुहोस् :

सरलालाई विद्यालय जान मन पर्छ । उनले विद्यालयमा ध्यान दिएर पढ्छिन् । उनी विद्यालयबाट साथीहरूसँग घर फर्किन्छिन् । उनको पढ्ने कोठामा बालसहित्यका पुस्तक छन् । उनले समय मिलाएर ती पुस्तक पनि पढ्छिन् ।

२. कोष्ठकमा दिइएका विभक्ति छानी वाक्य पूरा गर्नुहोस् :

(क) गाई........ घाँस खायो । (मा, ले, को)

(ख) बहिनी.........फुटबल मन पर्छ । (ले, लाई, बाट)

(ग) टेबुल.......पुस्तक छन् । (मा, को, ले)

(घ) रुख.......पात खस्यो । (ले, बाट, लाई)

(ङ) भाइ........झोला राम्रो छ । (को, बाट, लाई)

३. 'नारायणहिटी दरबार सङ्ग्रहालय' पाठबाट 'ले' र 'लाई' विभक्ति प्रयोग भएका एक एक वाक्य टिप्नुहोस् ।

४. 'नारायणहिटी दरबार सङ्ग्रहालय' पाठबाट ह्रस्व इकार ( ि ) र ह्रस्व उकार ( ु ) प्रयोग भएका पाँच पाँचओटा शब्द टिप्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ११ सुन्नुहोस् र तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) अर्घा दरबार कुन जिल्लामा पर्छ ?

(ख) अर्घा दरबारको निर्माण कति वर्ष पहिले भएको हो ?

(ग) अर्घामा कहिले मेला लाग्छ ?

(घ) अर्घा दरबार किन महत्त्वपूर्ण रहेछ ?

२. **'अर्घा दरबार' सुनाइ पाठ सुनेर थाहा पाएका मुख्य चार सूचना शिक्षकलाई सुनाउनुहोस् ।**

३. **तपाईंको वरिपरि रहेका प्राकृतिक सम्पदाबाट समुदायलाई के फाइदा पुगेको छ, कक्षामा छलफल गर्नुहोस् ।**

## परियोजना कार्य

१. **नेपालमा भएका कुनै सङ्ग्रहालयका बारेमा अभिभावकबाट सुनेर वा सामाजिक सञ्जालबाट खोजेर लेखी कक्षामा सुनाउनुहोस् ।**

तल दिइएको सन्दर्भ पढ्नुहोस् :



तपाईं र साथीबिच कुनै विषयमा भनाभन भएको छ ? साथी साथीबिच कहिलेकाहीं भनाभन हुन सक्छ । एउटा साथीले अर्कोलाई आरोप लगाउन सक्छ । साथी साथीमा यस्तो किन हुन्छ होला ? यस्तो अवस्थामा के गर्नुपर्छ होला ? साथीबिच मेलमिलाप गर्न के गर्नुपर्ला ? कक्षामा छलफल गर्नुहोस् ।

'निसाफ' कथामा आफन्तबिच भनाभन हुँदाको घटना देखाइएको छ । कथामा भएको भनाभनमा तपाईं जस्तै एक जना बालकले गरेको निसाफको तरिका प्रस्तुत गरिएको छ । कथामा आफन्तबिच किन भनाभन भएको रहेछ ? बालकले कसरी निसाफ गरेका रहेछन् ? थाहा पाउन तलको कथा पढौं :

मूल पाठ

# निसाफ

कृष्णप्रसाद पराजुली

दुवै छिमेकीका अनुहार रातापिरा भएका थिए । उनीहरू हान्ने राँगाले झैँ एकअर्कालाई हेर्दै थिए । एउटाले दापबाट झिकेर खुकुरी उजाए, अर्कोले तगारोनजिकै ठड्याएको लाठो उचाले । घाम अस्ताउन अस्ताउन लागेको थियो ।



त्यसै बेला प्रवीण विद्यालयबाट घर आइपुग्यो । आँगनमा आइपुग्नासाथ उसले जुन दृश्य देख्यो, त्यो दृश्य देखेर ऊ एकाएक छक्क पऱ्यो । उसका काकाका हातमा खुकुरी थियो, बुबाका हातमा लाठो थियो । अहिलेसम्म दुवैले हिर्काइहालेका भने थिएनन् । चर्काचर्कीसँग बाझ्दै थिए । आफूसँग खेल्ने सुबोध भाइ चाहिँ निन्याउरो अनुहार लगाएर उभिइरहेको थियो ।

*शब्दार्थ*

| | | |
|---|---|---|
| दाप | : | खुकुरी राख्ने काठ वा छालाको खोल |
| तगारो | : | वस्तुभाउलाई बाटो छेक्न लगाइने काठ वा बाँसको तेर्सो बार |
| आँगन | : | घरअगाडि ताछी खुर्की सफा बनाइएको चारकुने खुला जमिन |
| लाठो | : | ठुलो लौरो |
| निन्याउरो | : | मलिन, अँध्यारो |

प्रवीणले सोध्यो, "होइन, तपाईंहरू यसरी किन जुध्न लाग्नुभएको ? यसरी झगडा गर्नुपर्ने अवस्था कसरी आइपऱ्यो ?"

बुवाले भने, "अर्काले कति दुःख गरेर रोपेका बिरुवा यसका छोराले उखेल्नु हुन्छ त ? आज बिरुवा उखेलिए, भोलि के गर्ने हुन्, ठेगान छैन । लाठाले बजाउनुपर्छ कि क्या हो ?"

काकाले भने, "अर्काको बालक छोरालाई लछार्नुहुन्छ ? बिराम गरेको भए मलाई पो भन्नुपर्थ्यो ।

हल्ला भएको सुनेर अरू छिमेकी पनि आइपुगे । छिमेकीहरूले थामथुम पारेका हुँदा हिर्काइहाल्न त सकेनन् तर उनीहरूको झगडा भने निकै चर्किएको थियो ।

छिमेकी कसैले भने, "झगडा मिलाउन प्रहरी कार्यालय जानुपर्छ ।" कसैले भने, "हैन, गाउँपालिकामा जाऔँ ।"

कहाँ जाने के गर्ने निधो भइसकेको थिएन । प्रवीण चलाख थियो, बुद्धिमान् पनि थियो । विद्यालयमा विद्यार्थीबिच झगडा पर्दा उसले आफ्नो जुक्तिबुद्धि लगाएर मेलमिलाप गराएको थियो । यहाँ पनि झगडा साम्य पारेर बुवा र काकाको मेल त गराउनै पऱ्यो तर कसरी ? प्रवीणले एकछिन सोच्यो र भन्यो, "म एउटा कुरा भन्छु, तपाईंहरू मान्नुहुन्छ ?"

"कस्ता कस्ता कहाँ गए मुसाका छाउरा जन्त," काकाले भने । "जा, नकरा, अच्छिउँ खाएँ, बच्छयुँ खाएँ झुसे बारुलो, आज कि यो छैन कि म छैन । यसको पुर्पुरो नसेकी छोड्दिनँ," बुवाले थपे ।

प्रवीणले जोड गर्दै भन्यो, "सुन्न त सुन्नुहोस् ।"

*ठेगान : पत्ता, निधो*
*बिराम : गल्ती, कमजोरी*
*निधो : निर्णय*
*साम्य : शान्त*
*पुर्पुरो : निधार*

त्यहाँ जम्मा हुनेमध्ये एक जना बुढा हजुरबा हुनुहुन्थ्यो । उहाँले भन्नुभयो, "सुनौँ न त नातिका कुरा के भन्न खोजेको हो ?"

प्रवीणले भन्यो, "यो झगडाको निर्णय म गर्छु, चित्त बुझ्यो भने मान्नुहोला ।"

"हुन्छ, हुन्छ, । केटाकेटीको मन लोभ र पापरहित हुन्छ । हेरूँ, बाबुले के निर्णय गर्छन्, कसरी टुङ्गो लगाउँछन् ।" अर्को एक जनाले समर्थन जनाए ।

प्रवीणले बिस्तारै भन्यो, "हेर्नुहोस्, छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी हुन् । त्यसमाथि करेसो जोडिएका दाजुभाइ । उहाँहरूले झगडा गर्नु आफ्नै बेइज्जती होइन र ?" उसले फेरि भन्यो, "हेर्नुहोस्, अरूले बारीमा लगाएका बिरुवा उखेल्नु राम्रो होइन । बिरुवा पनि हामी जस्तै हुन् । बिरुवा हुर्कँदा घरको शोभा नै बेग्लै हुन्छ । गाउँघर अर्कै हुन्छ । बिरुवा उखेल्नु मास्नु हुँदैन भनेर भाइलाई कसैले सिकाएनछ । जानी नजानी उसले गल्ती गर्‍यो । त्यसैले सुबोधले जति बिरुवा उखेलेको छ त्यसको दोब्बर बिरुवा काकाले लगाइदिनुपर्‍यो ।"

काकाले बिचैमा भने, "त्यो त ठिकै छ म दोब्बर बिरुवा लगाइदिउँला तर यसलाई लछारेको के गर्ने नि ?"

प्रवीणले भन्यो, "त्यो पनि म भन्दै छु, केटाकेटीले अनजानमा कुनै बिराम गर्‍यो भने सम्झाएर माया गरेर भन्नुपर्छ, लछार्न पाइँदैन । भाइ सुबोधलाई लछारेकामा मेरा बुबाले दण्ड तिर्नुपर्छ, उसलाई कापी र कलम किनिदिनुपर्छ ।"

"हुन्छ, म किनिदिन्छु," प्रवीणका बुबाले भने ।

"म पनि दोब्बर बिरुवा लगाइदिन्छु ।" काकाले सहमति जनाए । प्रवीणले भन्यो, "अझै एउटा कुरा बाँकी छ, भाइ सुबोधले नचाहिँदो काम गरेकाले यो अवस्था आएको हो । उनले म नचाहिँदो काम गर्दिनँ, भन्नुपर्छ । यस पटक उसलाई माफी भयो । अबदेखि बिरुवा नउखेल्नू है ।"

*समर्थन :* *सहमति*
*शोभा :* *सुन्दरता*
*अनजान :* *केही पनि नजान्ने*
*सहमति :* *समर्थन, स्वीकृति*

सुबोधले रुन्चे स्वरमा भन्यो, "हवस्, थाहा भएको भए नचाहिँदो काम किन गर्थें । अबदेखि विचार गरेर मात्र काम गर्छु ।"

एकै छिनमा सबै चुप भए । त्यसपछि हजुरबाले भन्नुभयो, "आहा ! कस्तो राम्रो नियाँ, कति राम्रो निसाफ ।"

भेला हुने जति सबैले खुसी जनाउँदै ताली बजाए । काकाको खुकुरी दापभित्र पस्यो, बुबाको लाठो जमिनमा बस्यो । काका र बुबाको दिमागमा आफू आफू मिल्नुपर्ने रहेछ भन्ने कुरा घुस्यो ।

## शब्दभण्डार

**१. तल दिइएका अर्थ बुझाउने शब्द शिक्षकका सहायताले पाठबाट खोजेर लेख्नुहोस् :**

(क) दुवै पक्षका कुरा सुनी गरिने न्याय

(ख) कुनै काम वा कुराको टुङ्गो लगाउने काम

(ग) एक अर्कोबिच हुने मेल

(घ) दुई जनाबिच हुने भनाभन वा कुटाकुट

**२. उदाहरणमा दिइए जस्तै गरी समूह जनाउने शब्दसँग जोडा मिलाउनुहोस् :**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| कपाल | डङ्गुर |
| कमिला | बगाल |
| बाँदर | भिड |
| मानिस | ताँती |
| पराल | चुल्ठो |
| फोहोर | कुनिउँ |

३. **मिल्ने विकल्पमा ठिक चिह्न (√) लगाउनुहोस् :**

(क) अङ्गुरको समूहवाचक शब्द कुन हो ?

(अ) झुप्पो (आ) ताँती (इ) चुल्ठो

(ख) भेडाको समूहलाई के भनिन्छ ?

(अ) कुनिउँ (आ) पित्को (इ) बथान

(ग) दाउराको थुप्रोलाई के भनिन्छ ?

(अ) भेल (आ) खलियो (इ) डङ्गुर

(घ) पुस्तकको समूह जनाउने शब्द कुन हो ?

(अ) हुल (आ) त्यान्द्रो (इ) चाङ

(ङ) फौजले कसको समूहलाई जनाउँछ ?

(अ) सेना (आ) नेता (इ) विद्यार्थी

४. **समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउनुहोस् :**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| छक्क | पार्नु |
| थामथुम | पर्नु |
| मुसुक्क | बिर्सनु |
| भुसुक्क | हाँस्नु |
| खुरुखुरु | रुनु |
| धुरुधुरु | काम गर्नु |
| थचक्क | फाल्नु |
| पयाक्क | बस्नु |

५. **तलका शब्द प्रयोग गरी एक एक वाक्य बनाउनुहोस् :**

अनुहार, छक्क, लाठो, थामथुम, जुक्तिबुद्धि, कुरा

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

आँगन, दृश्य, चर्काचर्की, जुध्नु, अवस्था, बिरुवा, बुद्धिमान

२. 'निसाफ' पाठको दोस्रो अनुच्छेद शिक्षकले तोकेको समयभित्र सस्वरवाचन गर्नुहोस् ।

३. 'निसाफ' पाठको पात्र प्रवीणका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

४. तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) प्रवीणका बुबाको हातमा के थियो ?

(ख) बिरुवा कसले उखेलेको थियो ?

(ग) प्रवीणका बुबाले सुबोधका लागि के किनिदिनुभयो ?

(घ) प्रवीणका काकाले कति बिरुवा लगाउने बाचा गर्नुभयो ?

(ङ) भेला भएका मानिसले ताली किन बजाए ?

५. कसले कसलाई भनेको हो ?

(क) तपाईंहरू यसरी किन जुध्न लाग्नुभएको ?

(ख) अर्काले कति दुःख गरेर रोपेका बिरुवा यसको छोराले उखेल्नु हुन्छ त ?

(ग) कस्ता कस्ता कहाँ गए मुसाका छाउरा जन्त ।

(घ) थाहा भएको भए नचाहिँदो काम किन गर्थें ।

(ङ) आहा ! कस्तो राम्रो नियाँ, कति राम्रो निसाफ ।

६. पाठका आधारमा तल दिइएका घटनाको क्रम मिलाएर लेख्नुहोस् :

- सुबोधले माफी माग्यो ।
- दुवैलाई निर्णय चित्त बुझ्यो ।
- सुबोधले उखेलेको भन्दा दोब्बर बिरुवा काकाले लगाइदिनुपर्‍यो ।

- सुबोधले बिरुवा उखेलेकाले प्रवीणका बुबा र काकाबिच झगडा भयो ।
- प्रवीणको कुरामा सबैले समर्थन जनाए ।
- हल्ला भएको सुनेर अरू छिमेकी पनि आइपुगे ।
- प्रवीणले झगडाको निर्णय गर्ने कुरा बतायो ।
- सुबोध निन्याउरो अनुहार लगाएर उभिइरहेको थियो ।
- प्रवीण विद्यालयबाट घर आइपुग्यो ।

७. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्रवीणका बुबा र काकाबिच किन झगडा भएको थियो ?

(ख) छिमेकीले झगडाको निर्णय गर्न कहाँ जाने सल्लाह दिए ?

(ग) प्रवीणको स्वभाव कस्तो थियो ?

(घ) प्रवीणले बुबा र काकाबिचको झगडा कसरी मिलायो ?

८. 'निसाफ' पाठ तपाईँलाई कस्तो लाग्यो, आफ्नो विचार कक्षामा सुनाउनुहोस् ।

९. तल दिइएको चित्र वर्णन गर्नुहोस् :



१०. तपाईँले रिस उठेको बेला साथीलाई हानि हुने काम गर्नुभयो । केही समयपछि रिस शान्त भयो । त्यसपछि आफूले गरेको कामले तपाईँलाई पछुतो भयो । अब तपाईँ साथीसँग कसरी माफी माग्नुहुन्छ, कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. कोष्ठकबाट उपयुक्त शब्द छानी वाक्य पूरा गर्नुहोस् :

(क) मेरो भाइ बजार..............। (गयो, गई)

(ख) मेरी बहिनी गृहकार्य.............। (गर्छ, गर्छे)

(ग) विनोद खेतबारीमा काम ............। (गर्दै थियो, गर्दै थिई)

(घ) प्रतीक्षाले बजारबाट पुस्तक किनेर............। (ल्याइन्, ल्याए)

### २. तल दिइएका वाक्य सङ्गति मिलाई लेख्नुहोस् :

(क) उषा मिहिनेती छ ।

(ख) शम्भु गाडी चलाउँछे ।

(ग) निर्मला स्याउ टिप्न रुखमा चढ्यो ।

(घ) होमबहादुर भेँडेटार घुम्न गइन् ।

(ङ) भाइ माछा हेर्न खोलातिर गई ।

(च) चमेली पुस्तकालय जान्छ ।

### ३. तल दिइएको अनुच्छेदलाई विश्वराजका ठाउँमा कोपिला नाम राखेर सङ्गति मिलाई लेख्नुहोस् :

विश्वराज कविता लेख्छन् । उनी गीत पनि गाउँछन् । उनी साथी बनाउन मन पराउँछन् । उनी सबैसँग मिलेर खेल्छन् । उनी जेहेनदार पनि छन् ।

### ४. दिइएको अनुच्छेदबाट दीर्घ ईकार ( ी ) र दीर्घ ऊकार ( ू ) लागेका शब्द टिप्नुहोस् :

सूर्यको घर त्रिशूलीनजिकै थियो । उसको घर वरिपरि फूलबारी थियो । ऊ वेला वेलामा घरको कौसीमा जान्थ्यो । कौसीबाट पूर्णिमाको जून हेर्थ्यो । जून देखेर रमाइलो मान्थ्यो

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १२ का आधारमा तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) डोल्माले कृष्णलाई सय रुपियाँ दिइन् ।

(ख) कृष्ण पुस्तक पसलमा काम गर्थ्यो ।

(ग) डोल्माले कृष्णलाई चिन्न सकिनन् ।

(घ) कृष्णले डोल्मालाई पैसा फिर्ता दिन खोज्यो ।

(ङ) डोल्माले कृष्णले दिएको पैसा फिर्ता दिइन् ।

२. **सुनाइ पाठ १२ सुन्नुहोस् र तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) शिक्षक डोल्मासँग कुरा गर्ने केटाको नाम के हो ?

(ख) डोल्मालाई किन खुसी लाग्यो ?

(ग) डोल्माले किन कृष्णलाई दुई सय रुपियाँ दिएकी थिइन् ?

(घ) डोल्माले दोस्रो पटक भेट्दा कृष्ण कस्तो देखिन्थ्यो ?

(ङ) कृष्णले दुई सय रुपियाँ केमा खर्च गऱ्यो ?

## परियोजना कार्य


१. **तलका बुँदाका आधारमा शीर्षक दिएर एउटा छोटो कथा लेख्नुहोस् :**

- एउटा केटो ज्यादै चकचके हुनु
- कसैले भनेको नटेर्नु
- टाढा टाढासम्म खेल्न जानु
- जनावरहरूलाई जिस्क्याउनु
- एक दिन आमासित पशुपति जानु
- पशुपतिका बाँदरलाई जिस्क्याउनु
- आमाले बाँदरलाई नजिस्क्याउन भन्नु
- आमाले भनेको नटेर्नु
- बाँदरलाई ढुङ्गाले हान्दा बाँदरले चिथोर्नु
- ठुलाको अर्ती र आज्ञापालन नगर्दा दुःख पाउने कुरा उसले बुझ्नु

## पूर्व पठन | पाठ १३

**तल केही भ्रमण स्थलको चित्र दिइएको छ । तपाईंले पनि विभिन्न स्थलको भ्रमण गर्नुभएको होला । आफूले भ्रमण गर्दा थाहा पाएका बिषयवस्तुबारे कक्षामा छलफल गर्नुहोस् :**








हामी सबैलाई नयाँ नयाँ ठाउँ घुम्न मन पर्छ । आफूलाई मन पर्ने ठाउँको वर्णन गर्दा आनन्द लाग्छ । हामी रमाइला ठाउँ घुम्न कहिलेकाहीँ पैदल हिँडेर जान्छौँ । कहिलेकाहीँ यातायातका साधन प्रयोग गरेर जान्छौँ । तपाईं पनि आफूलाई मन पर्ने ठाउँ घुम्नु भएकै होला । नयाँ ठाउँमा देखेका कुरा अभिभावक र साथीलाई सुनाउनु भएकै होला । कुनै यात्रा रमाइलाका लागि गरिन्छ । कुनै यात्राबाट त्यस ठाउँको संस्कृतिको अनुभव लिन सकिन्छ । कतिपय यात्रा ऐतिहासिक वस्तुको अवलोकनका लागि पनि गरिन्छ । यात्रा गर्नुका उद्देश्य फरक फरक हुन्छन् । यस्तै यात्रा वर्णनसँग सम्बन्धित 'घले गाउँ' पाठ पढौँ :

मूल पाठ

# घले गाउँ



भदौको महिना थियो । बिहान छ बजिसकेको थियो । हामी चार कक्षाका विद्यार्थी विद्यालयमा जम्मा भइसकेका थियौँ । पदम गुरु, जयदेव गुरु र सम्झना गुरुआमा पनि आइसक्नुभएको थियो । बस तयारी अवस्थामा थियो । सबै जना जम्मा भएपछि हामी पालैपालो बसभित्र पस्यौँ । बस चल्नुभन्दा पहिले गुरुले हामीलाई केही निर्देशन दिनुभयो । एकछिनपछि बस चल्न सुरु गऱ्यो । वीरगन्जदेखि घले गाउँसम्मको हाम्रो यात्रा सुरु भयो ।

हामीले घले गाउँ नेपालको नमुना गाउँ हो भन्ने कुरा सुनेका थियौँ । त्यसैले त्यहाँ पुग्न आतुर थियौँ । हाम्रो बस वीरगन्ज बजारबाट पथलैयातिर हुइँकियो । पथलैयाबाट पूर्वतिर जाने सडक छुट्टिँदो रहेछ । हामी चढेको बस हेटौँडातिरको

*शब्दार्थ*

*यात्रा : एक ठाउँबाट अर्को ठाँउसम्म जाने काम, भ्रमण*

*आतुर : उत्सुक, हतारिएको*

बाटो लाग्यो । केहीछिनको यात्रापछि बस ध्याच्च रोकियो । घडी हेर्दा बिहानको ९ बजेको थियो । हामी बागमती प्रदेशको राजधानी हेटौँडा पुगेका रहेछौँ । हामी त्यहाँ खाजा खानलाई ओर्लियौँ । नजिकैका खाजाघरमा गएर हामी सबैले खाजा खायौँ ।

हेटौँडा बजारबाट बस नारायणघाटतर्फ अगाडि बढ्यो । सडकका दुवैपटटि सम्म परेका फाँट देखिन्थे । कतै धानबालीको मनमोहक दृश्य देखिन्थ्यो । कतै वनजङ्गलको सुन्दर दृश्य देखिन्थ्यो । हामी त्यो देखेर निकै रमायौँ । बसभित्र साथीले गीत गाइरहेका थिए । हाम्रो बस मनहरी, खैरहनी, रत्ननगर हुँदै नारायणघाट बजार पुग्यो । नारायणघाट बजार नारायणी नदीको किनारमा रहेछ । हामी पश्चिम जाने सडक छोडेर काठमाडौँ जाने सडकतर्फ मोडियौँ ।

केही समयपछि हाम्रो बस त्रिशूलीको किनारैकिनार अघि बढ्यो । गुरुआमाले त्रिशूली नदी रसुवाको गोसाइँकुण्ड हुँदै बगेको कुरा सुनाउनुभयो । सडकको दायाँबायाँ अग्ला अग्ला पहाडबाट झरना झरिरहेका थिए । हामीले पहिलो पटक झरना देख्यौँ । त्यो देख्दा मनै फुरुङ्ग भयो । हामी खुसीले चिच्यायौँ । बस आफ्नै गतिमा अगाडि बढिरहेको थियो । करिब १२ बजे हामी मुगलिन बजार पुग्यौँ । पदम गुरुले 'त्रिशूली बगेर मर्स्याङ्दीमा झरेछ...' भन्ने गीत गाउनुभयो । हामीले ताली बजायौँ ।

बस काठमाडौँ जाने बाटो छोडी बायाँतर्फ लागेर रोकियो । हामी खाना खानका लागि बसबाट ओर्लियौँ । एकछिन चारैतिरको दृश्य हेर्‍यौँ । मुगलिन बजार पहाडको फेदीमा रहेछ । यो ठाउँ मर्स्याङ्दी र त्रिशूलीको दोभान पनि रहेछ । खाना खाइसकेपछि हाम्रो बस मर्स्याङ्दी किनार हुँदै अगाडि बढ्यो ।

करिब एक घण्टापछि बस डुम्रे पुगेर दायाँतर्फ मोडियो । त्यहाँबाट कालीमाटी हुँदै मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना स्थल पुगियो । पदम गुरुले बस रोक्न लगाउनुभयो । हामी सबै जनाले मध्यमर्स्याङ्दीको बाँध हेर्‍यौँ । पालैपालो फोटो

| | | |
|---|---|---|
| *फुरुङ्ग* | : | *खुसीले फुलेको अवस्था, फुरुक्क* |
| *फेदी* | : | *पहाडको तल्लो भाग, पुछार* |
| *जलविद्युत्* | : | *पानीबाट निकालिने बिजुली* |
| *बाँध* | : | *पानी थुन्न बनाइने एक प्रकारको पर्खाल, तटबन्द* |

खिच्यौँ । बाँध निकै ठुलो रहेछ । जलविद्युत् निकाल्न पानीको बाँध बाँध्नुपर्ने कुरा सुनेका मात्र थियौँ । आज आफ्नै आँखाले देख्न पायौँ । एकछिनको रमाइलो पछि बस बेसीसहरतर्फ अगाडि बढ्यो । बेसीसहर लमजुङ जिल्लाको सदरमुकाम रहेछ । यसको उत्तरपश्चिमपट्टि करिब १९ किलोमिटरको दुरीमा घले गाउँ पर्दो रहेछ । हामी बेसीसहरको अवलोकन गर्दै घले गाउँतर्फ लाग्यौँ ।

बस अगाडि बढ्दै जाँदा नजिकै हिमाल देखिन थाल्यो । सूर्य अस्ताउन लागेका थिए । हिमाल मुसुक्क हाँसे जस्तो देखिन्थ्यो । अलि पर एउटा थुम्को जस्तो ठाउँ देखियो । त्यस थुम्कामा गुजुमुज्ज परेका घर देखिए । हामीले सम्झना गुरुआमालाई सोधिहाल्यौँ, "गुरुआमा त्यो कुन ठाउँ हो ?" गुरुआमाले भन्नुभयो, "घले गाउँ ।" हामी सबै जना एकै पटक चिच्यायौँ, "आहा ! घले गाउँ !" रमाउँदा रमाउँदै हामी घले गाउँ पुगिहाल्यौँ । बस टक्क रोकियो । हामी सबै जना ओर्लियौँ र यताउता हेर्न थाल्यौँ ।

माथिपट्टि हिमालको सुन्दर दृश्य थियो । तलपट्टि राता र निला जस्ताले छाएका चिटिक्क परेका घर थिए । गाउँमा प्रवेशका लागि स्वागतद्वार बनाइएको रहेछ । घर अगाडिका बाटामा दुवैपट्टि गाग्री राखिएका थिए । गाग्री सुन्दर फूलले सजाइएका थिए । घरलाई होटेल जस्तै बनाइएको रहेछ । ती घरलाई घरबास (होमस्टे) भनिँदो रहेछ ।

दिन ढल्किनै लागेको थियो । खाजा खान एउटा होटलमा छिर्‍यौँ । त्यो होटल पाल्देन दाइको रहेछ । हामी खाजा खान थाल्यौँ । खाजा खाँदै गर्दा जयदेव गुरुले पाल्देन दाइलाई घले गाउँका बारेमा सोध्नुभयो । पाल्देन दाइले भन्नुभयो, "यो गाउँ करिब छ सय वर्ष पुरानो हो । यस गाउँमा घले राजाले शासन गरेका थिए । तिनै राजाको नामबाट घले गाउँ नाम राखिएको हो । उनकै सम्मानमा मूर्ति पनि बनाइएको छ । यो सार्क राष्ट्रकै नमुना गाउँ हो । यहाँ घाटु, सोरठी र सेर्गा नाच देखाइन्छ । यहाँ गुरुङ र दलित समुदायको बसोबास रहेको छ । यस गाउँमा

*हिमाल : सधैँजसो हिउँले ढाकिरहने पर्वत*
*स्वागतद्वार : अतिथिलाई अभिनन्दन गर्न बनाइएको द्वार*
*गाग्री : पानी भर्न प्रयोग गरिने तामा, पित्तल आदि धातुको भाँडो*
*शासन : कुनै देशको प्रबन्ध वा सञ्चालनसम्बन्धी काम*

२०५७ सालमा १२ ओटा घरबाट घरबास सुरु गरिएको हो । अहिले दोब्बरभन्दा बढी घरमा यस्तो व्यवस्था रहेको छ । यहाँ आफ्नै घरको जस्तो वातावरणमा खाने र बस्ने व्यवस्था छ । मौलिक नाच हेरेर मनोरञ्जन लिने सुविधा छ । यहाँ विश्वका विभिन्न देशबाट पर्यटक पनि आउँछन् । पाखापखेरा र हिमालको अवलोकन गर्दै रमाउँछन् ।" पाल्देन दाइका कुरा सुनौँ सुनौँ लागिरहेको थियो तर रात परिसकेछ ।

हामी त्यस दिन घले गाउँका घरबासमै बस्यौँ । घरबासमा कोदो र चामलको सेलरोटी पाइँदो रहेछ । भिलिङ्गा र घरमै उत्पादन गरिएका तरकारी बनाइँदो रहेछ । हामी घाटु र सोरठी नाच हेरेर रमायौँ । त्यस दिन हामीले कुरिलाको तरकारीसँग खाना खायौँ । खानाका परिकार पनि उत्तिकै स्वादिष्ट थिए । खाना खाएपछि हामी सबै जना सुत्यौँ ।

अर्को दिन बिहानै हामी घुम्न निस्कियौँ । आकाश छङ्ङ थियो । गाउँमा पर्यटकका लागि नमुना चिया बगान बनाइएको रहेछ । चियाका बोट ससाना थुम्काथुम्की जस्ता हुँदा रहेछन् । चिया बगानमा पर्यटक रमाइरहेका देखिन्थे । कोही फोटो खिच्नमा व्यस्त थिए । कोही नाच्नमा व्यस्त थिए । हामी पनि चियाका थुम्कासँग फोटो खिच्दै रमायौँ । गाउँमा उत्तरकन्या मन्दिर रहेछ । यस मन्दिरमा स्थानीय संस्कृतिअनुसार पूजापाठ गरिँदो रहेछ । अलि पर भ्युटावर बनाइएको रहेछ । हामी पालैपालो भ्युटावर चढ्यौँ । त्यस टावरबाट घले गाउँको चारैतिर देखिँदो रहेछ। चाँदी जस्तै टल्किरहेका हिमाल देखिँदा रहेछन्। हामीले त्यहाँबाट माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लुलगायतका हिमालको अवलोकन गर्‍यौँ । गाउँमा परम्परागत गुरुङ सङ्ग्रहालयसमेत रहेछ। हामी एकछिन सङ्ग्रहालयभित्र पस्यौँ । त्यहाँ गुरुङ जातजातिलाई चिनाउने थुप्रै वस्तुको अवलोकन गर्‍यौँ ।

हामीलाई घले गाउँमा केही दिन बिताउने रहर थियो । हाम्रो भ्रमण दुई दिनको मात्र भएकाले धेरै दिन बस्न पाएनौँ । मनले नमान्दा नमान्दै पनि हामी वीरगन्ज फर्कियौँ । आहा ! घले गाउँ साँच्चै नै सुन्दर रहेछ ।

*भ्युटावर : चारैतिर अवलोकन गर्न मिल्ने गरी बनाइएको अग्लो ठाउँ*

## शब्दभण्डार

१. तल दिइएका अर्थ बुझाउने शब्द शिक्षकका सहायताले पाठबाट खोजेर लेख्नुहोस् :

(क) मनलाई मोहित पार्ने

(ख) अग्लो ठाउँबाट झरेको पानीको छाँगो

(ग) दुईतिरबाट बगेर आएका नदीहरू मिसिएको ठाउँ

(घ) भ्रमण गर्ने व्यक्ति

२. तल दिइएका नापतौलसँग सम्बन्धित एकाइ र तिनको मात्रा पढ्नुहोस् :

| एकाइ | मात्रा |
|---|---|
| एक माना | दश मुठी |
| एक पाथी | आठ माना |
| एक मुरी | बिस पाथी |
| एक बिसौली | एक किलो दुई सय ग्राम |
| एक धार्नी | दुई किलो चार सय ग्राम |
| एक मन | चालिस सेर |
| एक सेर | असी तोला |
| एक तोला | सय लाल |
| एक लाल | एक तोलाको सय भागको एक भाग |

३. तल दिइएका मुद्रासँग सम्बन्धित शब्द पढ्नुहोस् :

| एकाइ | मात्रा |
|---|---|
| एक दाम | एक पैसाको चार भागको एक भाग |
| एक पैसा | एक रुपियाँको सय भागको एक भाग |
| एक सुका | पच्चिस पैसा |
| एक मोहर | पचास पैसा |
| एक रुपियाँ | सय पैसा |

४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| एक मुरी | पच्चिस पैसा |
| एक सेर | दुई किलो चार सय ग्राम |
| एक धार्नी | दुई पैसे सिक्का |
| एक अधन्नी | पचास पैसा |
| एक सुका | बिस पाथी |
| एक मोहर | असी तोला |

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

बाँध, मुसुक्क, फुरुङ्ङ, होमस्टे, पर्यटक, भ्रमण

२. 'घले गाउँ' पाठको पाँचौँ अनुच्छेद शिक्षकद्वारा तोकिएको समयभित्र सस्वरवाचन गर्नुहोस् ।

३. 'घले गाउँ' पाठको सातौँ अनुच्छेदबाट सबैभन्दा छोटो र सबैभन्दा लामो वाक्य टिप्नुहोस् । ती वाक्यमा कतिओटा शब्द रहेका छन्, लेख्नुहोस् ।

४. तल दिइएको अनुच्छेद मनमनै पढ्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

दिन ढल्किनै लागेको थियो । खाजा खान एउटा होटलमा छिऱ्यौँ । त्यो होटल पाल्देन दाइको रहेछ । हामी खाजा खान थाल्यौँ । खाजा खाँदै गर्दा जयदेव गुरुले पाल्देन दाइलाई घले गाउँका बारेमा सोध्नुभयो । पाल्देन दाइले भन्नुभयो, "यो गाउँ करिब छ सय वर्ष पुरानो हो । यस गाउँमा घले राजाले शासन गरेका थिए । तिनै राजाको नामबाट घले गाउँ नाम राखिएको हो । उनकै सम्मानमा मूर्ति पनि बनाइएको छ । यो सार्क राष्ट्रकै नमुना गाउँ हो । यहाँ घाटु, सोरठी र सेर्गा नाच देखाइन्छ । यहाँ गुरुङ र दलित समुदायको बसोबास रहेको छ । यस गाउँमा

२०५७ सालमा १२ ओटा घरबाट घरबास सुरु गरिएको हो । अहिले दोब्बरभन्दा बढी घरमा यस्तो व्यवस्था रहेको छ । यहाँ आफ्नै घरको जस्तो वातावरणमा खाने र बस्ने व्यवस्था छ । मौलिक नाच हेरेर मनोरञ्जन लिने सुविधा छ । यहाँ विश्वका विभिन्न देशबाट पर्यटक पनि आउँछन् । पाखापखेरा र हिमालको अवलोकन गर्दै रमाउँछन् ।" पाल्देन दाइका कुरा सुनौँ सुनौँ लागिरहेको थियो तर रात परिसकेछ ।

**प्रश्नहरू**

(क) घले गाउँ कति वर्ष पुरानो हो ?

(ख) घले गाउँमा कुन कुन समुदायको बसोबास छ ?

(ग) घले गाउँमा कुन कुन नाच प्रसिद्ध रहेका छन् ।

(घ) घले गाउँमा कति सालदेखि घरबास सुरु गरिएको हो ?

**५. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) वीरगन्जदेखि घले गाउँसम्मको यात्रामा कुन कुन ठाउँ पर्दा रहेछन् ?

(ख) घलेगाउँका लोकप्रिय खाना के के रहेछन् ?

(ग) घले गाउँबाट कुन कुन हिमाल अवलोकन गर्न सकिने रहेछ ?

(घ) घले गाउँ जाने पर्यटक के गरेर रमाउँछन् ?

**६. 'घले गाउँ' पाठ पढिसकेपछि तपाईंको मनमा लागेका कुरा चार वाक्यमा लेख्नुहोस् ।**

**७. 'घले गाउँ' पाठको बाह्रौँ अनुच्छेदबाट चारओटा प्रश्न निर्माण गर्नुहोस् ।**

**८. 'घले गाउँ' पाठमा पाल्देन दाइले घले गाउँको वर्णन गरे झैँ तपाईंको ठाउँमा पर्यटक आउँदा तपाईं कसरी आफ्नो ठाउँको वर्णन गर्नुहुन्छ, लेख्नुहोस् ।**

**९. तपाईंले भ्रमण गरेको कुनै यात्राको वर्णन गर्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **कोष्ठकबाट मिल्ने शब्द छानी वाक्य पूरा गर्नुहोस् :**

उदाहरण : म पसल........................ । (जान्छु, जान्छौँ)

म पसल जान्छु ।

(क) हामी मिलेर ....................। (बस्छु, बस्छौँ)

(ख) ऊ असल ....................। (छ, छन्)

(ग) तिनीहरू छलफल ....................। (गर्छ, गर्छन्)

(घ) बिनोद, रमेश र राजु खेल्न मन ....................। (पराउँछ, पराउँछन्)

(ङ) उमा, सदीक्षा र राधा घुम्न ....................। (जान्छन्, जान्छ)

२. **तल दिइएका वाक्य शुद्ध गरी लेख्नुहोस् :**

(क) म बसभित्र पस्यौँ ।

(ख) हामी हेटौँडा बजार पुगेको रहेछु ।

(ग) पर्यटकहरू फोटो खिच्न व्यस्त थियो ।

(घ) घले गाउँ सुन्दर रहेछन् ।

३. **तलका क्रियापद प्रयोग गरी एक एक वाक्य तयार पार्नुहोस् :**

पढ्छु, भन्छिन्, लेख्छन्, खान्छिन्, हिँड्छन्, हाँस्छन्

४. **तल दिइएका शब्द पाठ हेरी शुद्ध गर्नुहोस् :**

मस्र्याङदी, बजार्, पश्चिम्, छुटटिने, दोभान्, विद्युत, पश्चिमपटटि

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १३ सुन्नुहोस् र तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) जगेनी जात्रा दार्चुला जिल्लामा मनाइने सांस्कृतिक जात्रा हो ।

(ख) जगेनी जात्राको तयारी दुई वर्षअगाडि देखि नै गरिन्छ

(ग) जगेनी भर्न आउने श्रद्धालुको समूहलाई गर्खाल भनिन्छ ।

(घ) जात्रा भर्न आउने श्रद्धालुलाई खाना नखुवाई बिदाइ गर्ने चलन छ ।

२. **सुनाइ पाठ १३ का आधारमा तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) सुनाइ पाठ १३ मा केको वर्णन गरिएको छ ?

(ख) जगेनी जात्रामा कहाँका श्रद्धालु सहभागी हुनैपर्ने चलन छ ।

(ग) जगेनी जात्रामा कहाँबाट आएका श्रद्धालुको पूजा सकिएपछि जात्रा आरम्भ हुन्छ ।

(घ) जगेनी जात्रालाई किन सबै जातजातिको साझा जात्रा मानिन्छ ।

३. **जगेनी जात्राका मुख्य मुख्य विशेषता कक्षामा सुनाउनुहोस् ।**

## सिर्जनात्मक कार्य

१. तपाईंले भविष्यमा कुन ठाउँको भ्रमण गर्ने सोच बनाउनुभएको छ ? त्यहाँ गएर के के गर्ने विचार गर्नुभएको छ, लेख्नुहोस् ।

## पूर्व पठन


# पाठ १४

**चित्रमा भएका व्यक्तिका बारेमा तपाईँलाई के जानकारी छ, भन्नुहोस् :**













मूल पाठ

# जूनतारा छुन


बालकृष्ण भट्टराई

सानो सानो फिलिङ्गाले धर्ती सारा पोल्छ
भविष्यको वक्ता आज तोते बोली बोल्छ
सानो भनी नहेप्नु है ! साना छौँ त के भो ?
देश हाँक्ने भविष्यका कर्णधारले हो ।

आज साना कोपिला छौँ भोलि राम्रा फूल
कोपिला नै चुँडाउने नगर है भूल
मलजल पाएर नै बोट राम्रो हुन्छ
धरतीलाई सौन्दर्य र सिर्जनाले छुन्छ ।

शिशुबाटै हुर्केका हुन् गोर्की र न्युटन
बुद्ध, गान्धी, टेरेसा र नेल्सन लिङ्कन
देवकोटा नि सानै थिए सानै थिए सम
जन्मैदेखि ठुलो मान्छे को पो थियो ? भन ।

समयमै राम्रो शिक्षा पायौँ भने हामी
पढी लेखी भविष्यमा पक्कै हुन्छौँ नामी
ज्ञान सिप सिक्छौँ हामी बुद्धिमानी हुन
माया पाए सक्छौँ हामी जून तारा छुन ।



शब्दार्थ

| | | |
|---|---|---|
| फिलिङ्गो | : | आगाको झिल्को |
| वक्ता | : | भन्ने वा बोल्ने व्यक्ति |
| कर्णधार | : | सिपालु, पोख्त |
| सौन्दर्य | : | सुन्दर हुनाको भाव |
| सिर्जना | : | नयाँ निर्माण |
| ज्ञान | : | कुनै विषयबारेको जानकारी |
| बुद्धिमानी | : | बुद्धिमानमा रहने गुण |

## शब्दभण्डार

१. तल दिइएका अर्थ बुझाउने शब्द शिक्षकका सहायताले पाठबाट खोजेर लेख्नुहोस:

(क) भर्खर फुल्न थालेका कलिला फूल

(ख) पछि आउने समय

(ग) नाम चलेको व्यक्ति

(घ) भर्खर जन्मेको बच्चा

२. उस्तै अर्थ बुझाउने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आकाश | सबै |
| सारा | गगन |
| देश | पुष्प |
| फूल | राष्ट्र |
| भूल | चन्द्रमा |
| शिशु | गल्ती |
| जून | बालक |

३. उल्टो अर्थ बुझाउने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सानो | मूर्ख |
| राम्रो | घृणा |
| ज्ञानी | नराम्रो |
| बुद्धिमानी | ठुलो |
| माया | अज्ञानी |

४. **कोष्ठकबाट मिल्दो शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) 'पृथ्वी' को उस्तै अर्थ बुझाउने शब्द ..... हो । (धर्ती, आकाश, पाताल)

(ख) 'माथि' को उल्टो अर्थ बुझाउने शब्द ........ हो । (वर, तल, पर)

(ग) 'असल' को उल्टो अर्थ बुझाउने शब्द........हो । (राम्रो, उत्तम, खराब)

(घ) 'समय' को उस्तै अर्थ बुझाउने शब्द........... हो । (दिन, रात, वेला

५. **'बोल्छ - पोल्छ', 'फूल - भुल' जस्तै अन्तिममा उस्तै उच्चारण हुने शब्द पाठबाट खोजेर लेख्नुहोस् ।**

६. **तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

वक्ता, माया, सिर्जना, ज्ञानी, जूनतारा

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

धर्ती, हाँक्ने, भविष्य, पक्कै, कर्णधार

२. **'जूनतारा छुन' पाठ लय मिलाई पढ्नुहोस् ।**

३. **तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) तोते बोली बोल्ने बालक भविष्यमा के बन्छ ?

(ख) धर्तीलाई केले छुन्छ ?

(ग) बुद्धिमान हुन के गर्नुपर्छ ?

(घ) के पायौँ भने जुनतारा छुन सकिन्छ ?

४. **पाठको दोस्रो र तेस्रो श्लोक कापीमा सार्नुहोस् ।**

५. तल दिइएका हरफलाई पदको क्रम मिलाएर लेख्नुहोस् :

पढीलेखी भविष्यमा पक्कै हुन्छौँ नामी ।
ज्ञान सिप सिक्छौँ हामी बुद्धिमानी हुन ।
माया पाए सक्छौँ हामी जूनतारा छुन ।

६. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) आजका कोपिला भोलिका के बन्छन् ?
(ख) भविष्यमा नाम कमाउन के गर्नुपर्छ ?
(ग) साना बालबालिकालाई किन हेप्नुहुँदैन ?
(घ) बालबालिकालाई भविष्यका कर्णधार किन भनिएको हो ?

७. तल दिइएका श्लोकको आशय तीन वाक्यमा वर्णन गर्नुहोस् :

सानो भनी नहेप्नू है ! साना छौँ त के भो ?
देश हाँक्ने भविष्यका कर्णधारले हो ।

८. पाठको अन्तिम हरफमा सबैको माया पाए जूनतारा छुन सकिन्छ भनेर किन भनिएको होला, कक्षामा छलफल गर्नुहोस् ।

९. 'जूनतारा छुन' पाठले दिन खोजेको सन्देश लेख्नुहोस् ।

१०. तपाईं भविष्यमा के बन्न चाहनुहुन्छ, कक्षामा साथीसँग कुराकानी गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. तल दिइएका शब्द राखी वाक्य पूरा गर्नुहोस् :

हामी, तँ, ऊ, तिमी, तपाईं, उनी

(क) .............................. पुस्तकालय जान्छौँ ।
(ख) .............................. कक्षाभित्र जाऊ ।
(ग) .............................. बजार जानुहोस् ।

(घ) ............................ खेतबारीमा जान्छ ।

(ङ) ............................ मेला हेर्न जान्छिन् ।

(च) ............................ विद्यालय जा ।

२. समूह 'क' र 'ख' बिच जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| म | पुस्तक पढ |
| तिमी | काम गर्छिन् |
| त्यो | असल हुनुहुन्छ |
| तिनी | गीत गाउँछु |
| तपाईं | खेल खेल्छ |

३. तल दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् :

(क) हामी कम्प्युटर चलाउँछु ।

(ख) उनी कुर्सीमा बस्छ ।

(ग) तपाईं विद्यालय जा ।

(घ) म पढ्न जान्छ ।

(ङ) तिमी घर जान्छस् ?

४. उदाहरणमा दिइए जस्तै तलका शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी गोलो घेरा लगाउनुहोस् :

उदाहरण : पिरका - (पिर्का)

भऱ्याङ - भर्‌याङ ऊरजा - ऊर्जा

परगति - प्रगति प्रथा - परथा

ऱ्याल - र्‌याल पराण - प्राण

कृपा - किर्पा पर्छ - पर्‌छ

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १४ सुनेर मौखिक उत्तर दिनुहोस् :**

(क) फूलबारीमा कस्ता फूल फुलेका छन् ?

(ख) हामीले कस्तो भुल गर्नुहुँदैन ?

(ग) फूलबारीमा फूल कसरी बसेका छन् ?

(घ) फूलबारीमा माहुरी किन आउँछन् ।

**२. फूलबारीको हेरचाह गर्न के के गर्नुपर्छ, कक्षामा छलफल गर्नुहोस् ।**

## सिर्जनात्मक कार्य

१. आफूलाई मन पर्ने विषयमा कविता तयार पार्नुहोस् ।

## पाठ १५

तपाईं के गर्न मन पराउनुहुन्छ ?

तपाईंका राम्रा बानी के के छन् ?

तपाईंलाई साथीका कुन कुन बानी मन पर्छ ?

तपाईंलाई कस्तो बानी मन पर्दैन ?

विद्यार्थीका आआफ्ना रुचि हुन्छन् । कोही साथीसँग खुलेर गफ गर्छन् तर शिक्षकसँग बोल्न डराउँछन् । कसैलाई पढ्न रमाइलो लाग्छ । कसैलाई अल्छी लाग्छ । कसैलाई धेरै साथी बनाउन मन लाग्छ । कोही अरूसँग बोल्न नरुचाउने खालका हुन्छन् । कोही शान्त स्वभावका हुन्छन् । कोही एक्लै बस्न रुचाउँछन् । कोही चकचक गर्ने हुन्छन् । कोही गफ गर्न रुचाउने हुन्छन् । यस्ता व्यवहार बोल्दा, पढ्दा, साथी बनाउँदा र कुराकानी गर्दा देखिन्छन् । यस्ता स्वभाव मनोविज्ञानसँग सम्बन्धित छन् ।

'साथी' कथामा पनि विद्यालयमा पढ्ने एक जना साथीका राम्रा बानी देखाइएको छ । उनले गरेको एउटा नराम्रो घटना देखाइएको छ । सबै कुरा बुझ्न तलको कथा पढौँ :

मूल पाठ

# साथी

*नीलम कार्की 'निहारिका'*

"आज नातिनी आउन अलि ढिलो हुन्छ रे !' म घर फर्किनासाथ सासूआमाले सुनाउनुभयो । 'किन ढिलो हुन्छ ?" तिर्खाएकी मैले पानी पिएपछि सोधेँ । 'विद्यालयबाट आज बाहिर लाँदै छन् रे । सभाहलमा कार्यक्रम छ भनेकी थिई," सपक्क पछ्यौरी ओढ्दै उहाँले जबाफ दिनुभयो । "मलाई त शिल्पाले केही भनिनँ," मैले बस्दै भनेँ ।



"मलाई पनि सबै कुरा भनेकी होइन । लुगा झोलामा हाल्दै थिई । मैले किन लिएर जान लागेकी भनेर सोधे । उसले विद्यालयमा लुगा फेरेर कार्यक्रममा जाने हो भनेकी थिई," सासूआमाले सोफामा बस्दै भन्नुभयो । "यसरी विद्यालयबाट विद्यार्थी बाहिर लैजाँदा सूचना आउने गर्थ्यो । यसपालि आएन," मैले भनेँ ।

विद्यालयबाट दिएको सूचना उसले दिन बिर्सिई कि ? म दुई दिन निकै व्यस्त थिएँ । कुरा गर्न पनि भ्याइनँ । बुवासँग भनी कि ? त्यो सम्भावना पनि कम थियो । उहाँ यो साता कामका सिलसिलामा घरबाहिर हुनुहुन्छ । पहिला अलि सानो कक्षामा हुँदा उसले चिठी दिन बिर्सिन्थी । त्यस वेला गृहकार्य गर्न सहयोग

*शब्दार्थ*

*सूचना : जानकारी*

*व्यस्त : फुर्सद नभएको अवस्था*

गर्थें, झोला मिलाइदिने गर्थें र आफैंले झोलामा चिठी भेटाउँथें। अब त अलि ठुलो कक्षामा पुगी । सहयोग गर्न पनि पर्दैन । त्यसकारण उसले चिठी दिन बिर्सिएका बेला मैले भेटाउने कुरै भएन ।

म उज्यालो हुनासाथ काममा गएकी थिएँ । त्यसैले भोक निकै लागेको थियो। खाना खान भान्सातिर पसेँ। खान रुचि भएन। घरको काम गर्न पनि मन लागेन । विद्यालयमा फोन गरेँ तर विद्यालयले त्यस्तो कुनै कार्यक्रम नभएको जबाफ दियो। त्यसो भए घरमा झुटो बोलेर किन जुत्ता र लुगा लिएर गई ?

मैले केही दिनअघि मात्र छिमेकी जिल्लामा घटेका नरामा घटना सम्झिएँ । पत्रपत्रिकामा आएका अरू समाचार पनि सम्झिएँ । बालिकालाई बेच्न लादै गर्दा प्रहरीले भेटाएर उद्धार गरेको समाचार आज पनि पढेकी थिएँ। "अपरिचित मान्छेको विश्वासमा नपर्नू", "दिएको केही नखानू" भनी रेडियो र टेलिभिजनले प्रचार गरिरहेको सम्झिएँ। मलाई पसिना छुट्यो ।

मनमा आयो, कसैले छोरीलाई ललाइफकाइ गरेको त होइन ? मुटुको ढुकढुकी बढ्यो। के गरूँ, कसो गरूँ भएर छटपटाइरहेका बेला विद्यालयबाट फोन आयो, "तपाईं तुरुन्त विद्यालय आउनुपर्‍यो।"

एक्कासि त्यसरी बोलाउँदा मेरो होसले ठाउँ छाड्यो। "किन, के भयो ?" निकै आत्तिएर मैले सोधेँ।

उताबाट आवाज आयो, "तपाईंकी छोरीबारे कुरा गर्नुपर्ने छ।"

"के कुरा होला ?" मैले अतालिएर सोधेँ।

"तपाईंकी छोरीलाई अफिसमा राखेका छौं। बाँकी कुरा यहीं आएर गरौँला नि, हुँदैन ?"

मैले कसरी आधा घण्टाको बाटो पूरा गरेँ, यकिन भएन। म पुग्दा छोरी र अर्की

*उद्धार* : *कुनै कष्टबाट छुटाउने काम*
*अपरिचित* : *नचिनेको*
*यकिन* : *निधो, निश्चित*

एक छात्रा प्रधानाध्यापकको कोठामा थिए । अरू दुई शिक्षक पनि त्यहीँ हुनुहुन्थ्यो ।

मलाई देख्नासाथ छोरीले बर्र आँसु खसाली । उसको फेरिएको अनुहारको रङ र काँपेको शरीरले भन्थ्यो, ऊ निकै डराएकी छ । डर त मलाई पनि लागेको थियो तर हाम्रो डर फरक फरक थियो ।

"शिल्पाका झोलामा लुगा, जुत्ता, घडी र पैसा भेटियो । त्यो सबै तपाईंले उनकी साथीका लागि पठाउनुभएको हो र ?" प्रधानाध्यापकले सोध्नुभयो ।

"हो", छोरीको डराएको अनुहार हेरेर मैले झुटो बोलिदिएँ । मेरो झुटो त्यति विश्वासिलो थिएन । गुरुका अनुभवी आँखाले पत्तो पाइहाले ।

एकछिन सोचेर प्रधानाध्यापकले भन्नुभयो, "छोराछोरीको गल्तीमा झुटो बोलेर छोपिदिनु आमाबुबाको अर्को ठुलो कमजोरी हो । हामीले विद्यार्थीको भविष्य बनाउन पूरा जीवन दिएका हुन्छौँ । त्यसैले हामीसँग लुकाउने कोसिस गर्नुहुँदैन । कुनै समस्या परे शिक्षक र अभिभावक मिलेर सुल्झाउनुपर्छ ।"

मेरो शिर लाजले झुक्यो । प्रधानाध्यापकले सोध्नुभयो, "ल भन त शिल्पा, आमाबुबालाई नसोधी किन लिएर आएकी यति धेरै सामान ?" ऊ केही बोलिन । "साथीले मागेको हो, तिमीसँग ?" प्रधानाध्यापकले आफ्ना दुवै छात्रातिर पालैपालो हेरेर सोध्नुभयो ।

"होइन, गुरु । मैले मागेको होइन । मेरी सानिमाले राम्रो स्कट ल्याइदिनुभएको छ । तिम्रो सबैभन्दा मन पर्ने साथीलाई दिनू भन्नुभएको छ भनेकी थिइन् । मैले पर्दैन, मलाई चाहिँदैन भनेकी थिएँ," सहपाठीले भनिन् । शिल्पा केही बोलिन । जमिनतिर हेरेर उभिरहेकी थिई ।

"ल, अहिलेलाई तिमी जाऊ," प्रधानाध्यापकले शिल्पाकी सहपाठीलाई बिदा दिनुभयो ।

"तपाईंकी छोरीले मसँग मात्र साथी बन्ने भए म विदेशी चकलेट र घडी

*अनुभवी* : *अनुभव भएको व्यक्ति*
*सहपाठी* : *सँगै पढ्ने*

ल्याइदिन्छु भनेर अर्को एक जनासँग पनि भनेको सुन्नमा आयो," सोफामा बसेका शिक्षकले भन्नुभयो ।

"हो, तिमीले त्यसो भनेको हो ?" मैले सोधेँ । जबाफमा छोरी एक शब्द बोलिन ।

"तिमी पहिला जेहेनदार विद्यार्थी हौ । आजभोलि पढाइमा त्यति मन लगाएको देखिँदैन । झगडालु पनि भएकी छौ भन्ने थाहा भयो । के हो ? तिमी सत्य कुरा भन," शिक्षकले सोध्नुभयो ।

"मेरा कोही पनि साथी छैनन् । मसँग कोही पनि साथी बन्दैनन्," उसले शिर झुकाएरै भनी ।

"साथी बनाउन यसो गरेको ?" मैले सोधेँ ।

"सानिमाले पनि साथीहरूलाई सामान ल्याइदिनुहुन्छ । उहाँका धेरै साथी छन्," छोरीले भनी ।

प्रधानाध्यापकले मेरो अनुहारमा हेर्नुभयो । म फेरि लज्जित भएँ । मैले भनेँ, "मेरी बहिनी विदेश जाने आउने गर्छिन् । आउँदा साथीहरूलाई उपहार ल्याएकी हुन्छिन् ।"

"साथीलाई उपहार दिनु नराम्रो होइन तर गलत नियत र स्वार्थले दिनु राम्रो होइन । घरमा नभनी यस्तो गर्नुहुँदैन । यसरी सरसामान दिएर बनाएको साथी सच्चा साथी पनि हुँदैनन् । स्वार्थले साथी बन्दैनन्," प्रधानाध्यापकले शिल्पातिर हेरेर भन्नुभयो ।

"कसरी बन्छन् राम्रा साथी ?" यही प्रश्न सोधे झैँ शिल्पाले आफ्ना गुरुतर्फ हेरी ।

उहाँले बुझे जस्तै गरी भन्नुभयो, "साथीलाई अप्ठ्यारो परेका वेला सहयोग

*जेहेनदार* : *समझदार, बुद्धिमान्*
*झगडालु* : *झगडा गर्ने बानी भएको*
*लज्जित* : *लाज मानेको, लजाएको*
*उपहार* : *कोसेली, सौगात*
*नियत* : *मनसाय, भित्री लक्ष्य*
*स्वार्थ* : *आफ्नो भलाइ, निजी लाभ*

गर्नुपर्छ । उनीहरूका कुरा सुन्नुपर्छ । आफू पनि छलफलमा सक्रिय सहभागी हुनुपर्छ । साथीसँग बोल्ने गर्नुपर्छ । घमन्डी हुनुहुँदैन । पढाइमा मिहिनेत गर्नुपर्छ । अनुशासनमा बस्नुपर्छ । आफूले जानेका कुरा सिकाउन पछि हट्नु हुँदैन । कसैको शारीरिक वा आर्थिक अवस्थालाई हेरेर होच्याउनु हुँदैन । झुटो पनि कहिल्यै बोल्नुहुँदैन । त्यति गरे आफैँ नजिक हुन्छन् र साथी पनि बन्छन् ।"

"किन मेरा साथी हुन खोज्दैनन् ? सबैका मिल्ने साथी छन् । मेरा मात्र छैनन्," शिल्पाले सहज रूपमा भनी ।

"प्रधानाध्यापकले भनेअनुसार गर्दै जाऊ, साथी हुन्छन् । अरू तरिकाले साथी बन्छु र बनाउँछु भन्ने कहिल्यै नसोच्नू । साथी बनाउने आफ्नो व्यवहारले हो । तिमी प्रयास गर । हामी पनि तिमीलाई सहयोग र साथ दिने छौँ," यतिन्जेल नबोली बसेका शिक्षकले भन्नुभयो ।

"आइन्दा गल्ती कहिल्यै नदोहोऱ्याउनू" भन्दै शिक्षकले थप सम्झाउनुभयो । त्यसपछि हामी बिदा भएर निस्कँदै थियौँ । अर्का शिक्षकले शिल्पालाई भन्नुभयो, "कुनै समस्या परेको छ, कुनै कुराले पीडा दिएको छ भने हामीलाई भन्नुपर्छ । कतै जाँदा अभिभावक वा विद्यालयलाई जानकारी गराएर मात्र जानुपर्छ ।"

छोरी ढोकाबाहिर पुगेकी थिई । म निस्कँदै थिएँ ।

प्रधानाध्यापकले भन्नुभयो, "जतिसुकै व्यस्त भए पनि आमाबुबाले छोराछोरीका लागि समय निकाल्नुपर्छ । उनीहरूसँग साथी जस्तै भइदिनुपर्छ । "

विद्यालय भवनको प्राङ्गणमा पुगेपछि छोरी बोली, "मैले चकलेट, घडी त ल्याइदिन्छु भनेको होइन । उसले नै ल्याइदेऊ भनेकी हो ।"

छोरीका कुराले म टक्क रोकिएँ । म फेरि फर्किएर जाऊँ या अघि बढूँ, दोधारमा थिएँ ।

*प्रयास : कोसिस*

*प्राङ्गण : आँगन*

*दोधार : दोमन, गरौँ कि नगरौँ भन्ने विचार*

## शब्दभण्डार

१. **तल दिइएको अनुच्छेद पढ्नुहोस् र समूह 'क' र 'ख' बिच जोडा मिलाउनुहोस् :**

मेरो बुबा वकिल हुनुहुन्छ । उहाँ मुद्दामामिला हेर्नुहुन्छ । मेरा बुबाका दुई जना मिल्ने साथी हुनुहुन्छ । एक जना शिक्षक र अर्को कृषक हुनुहुन्छ । शिक्षकले विद्यालयमा पढाउनुहुन्छ । कृषकले खेतीपातीको काम गर्नुहुन्छ । मेरी साथीकी आमा नर्स हुनुहुन्छ । उहाँ बिरामीको हेरविचार गर्नुहुन्छ । समाजमा सबैका आआफ्ना पेसा हुँदा रहेछन् ।

| समूह 'क' | समूह 'ख' |
|---|---|
| कृषि | पत्रिका, रेडियो, पत्रकार |
| शिक्षण | नर्स, डाक्टर, बिरामी |
| व्यापार | वकिल, न्यायाधीश, मुद्दा |
| वकालत | मालसामान, पसल, पसले |
| चिकित्सा | विद्यालय, शिक्षक, विद्यार्थी |
| पत्रकारिता | कुटो, कोदालो, खेतबारी |

२. **आमाका दाजुभाइलाई मामा, बुबाका दिदीबहिनीलाई फुपू भनिए जस्तै कसलाई के भनिन्छ, लेख्नुहोस् :**

(क) बुबाका बुबा

(ख) बुबाका दिदीबहिनी

(ग) दिदीबहिनीका छोराछोरी

(घ) फुपूका श्रीमान्

(ङ) आमाको भाइ

(च) आमाकी बहिनी

## ३. दिइएको अनुच्छेद पढ्नुहोस् र उपयुक्त शब्द छानी वाक्य पूरा गर्नुहोस् :

हजुरआमा भन्नुहुन्छ, "हाम्रा पालामा भएभरका गहना लगाएर मेलापर्व जाने चलन थियो । शिरमा शिरबन्दी लगाइन्थ्यो । कानमा मारबाडी र नाकमा बुलाकी लगाइन्थ्यो । गुन्युचोली लगाएर पटुकी बाँधिन्थ्यो । घाँटीमा नौगेडी लगाइन्थ्यो । हातमा चुरा र बाला लगाएर नाँचिन्थ्यो । अहिले जमाना फेरिएको छ । पहिलेका गहना लगाउने चलन कम हुँदै गएको छ ।"

(क) नाकमा ....... लगाइन्छ । (फुली, ढुङ्ग्री)

(ख) कानमा ....... लगाइन्छ । (नत्थी, झुम्का)

(ग) घाँटीमा ....... लगाइन्छ । (तिलहरी, औँठी)

(घ) नाडीमा ....... लगाइन्छ । (बाला, पाउजु)

(ङ) औँलामा ....... लगाइन्छ । (सिक्री, औँठी)

(च) खुट्टामा ...... लगाइन्छ । (पाउजु, मारबाडी)

## ४. तल दिइएका बाजाका चित्र हेरी नाम लेख्नुहोस् :









५. **तलका शब्द कुन वर्गमा पर्छन्, समूहमा छलफल गरी तालिकामा भर्नुहोस् :**

कृषक, पाउजु, मादल, फुपू, मुरली, फुली, वकिल, सानिमा,
नौगेडी, शिक्षक, काका, भिनाजु, सिकर्मी, दमाहा, बाँसुरी, मुन्द्री

| पेसा जनाउने शब्द | नाता जनाउने शब्द | गहनाका नाम | बाजाका नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

६. **तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

सहयोग, उपहार, छलफल, सहभागी, प्रयास

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

पछ्यौरी, पत्रपत्रिका, उद्धार, विश्वास, एक्कासि, प्रधानाध्यापक, अप्ठ्यारो, यतिन्जेल

२. **'साथी' पाठको पहिलो अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् ।**

३. **'साथी' पाठ पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

४. **'साथी' कथामा जम्मा कतिओटा अनुच्छेद रहेका छन् ? सबैभन्दा लामो अनुच्छेदमा कतिओटा वाक्य रहेका छन्, बताउनुहोस् ।**

५. **'साथी' पाठको तलको अनुच्छेद मनमनै पढ्नुहोस् र उत्तर दिनुहोस्**

एकछिन सोचेर प्रधानाध्यापकले भन्नुभयो, "छोराछोरीको गल्तीमा झुटो बोलेर छोपिदिनु आमाबुवाको अर्को ठुलो कमजोरी हो । हामीले विद्यार्थीको भविष्य बनाउन पुरा जीवन दिएका हुन्छौँ । त्यसैले हामीसँग

लुकाउने कोसिस गर्नुहुँदैन । कुनै समस्या परे शिक्षक र अभिभावक मिलेर सुल्झाउनुपर्छ ।"

प्रश्नहरू

(क) प्रधानाध्यापकले के भन्नुभयो ?

(ख) कसले विद्यार्थीको भविष्य बनाउन पूरै जीवन दिएको हुन्छ ?

(ग) कुनै समस्या परे विद्यार्थीले के गर्नुपर्छ ?

६. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) आमालाई किन खाना खान मन लागेन ?

(ख) शिल्पाले सामान किन लगेकी रहिछिन् ?

(ग) छोरी आउन ढिला हुँदा आमाका मनमा कस्ता कुरा खेले ?

(घ) हामीले कसरी असल साथी बनाउन सक्छौँ ?

७. 'साथी' पाठका आधारमा तलका घटनाको क्रम मिलानुहोस् :

( ) सहयोग र राम्रो व्यवहारले सबै असल साथी बन्ने कुरा शिक्षकले बताउनुभयो ।

( ) शिल्पाले गल्ती भएको महसुस गरिन् ।

( ) साथीलाई चकलेट, लुगा दिन लाग्दा शिक्षकले थाहा पाउनुभयो ।

( ) हजुरआमाले सोधेपछि कार्यक्रममा जाने भनेर नातिनीले ढाँटिन् ।

( ) विद्यालयमा छोरी भएको थाहा पाएपछि आमा तुरुन्तै विद्यालय पुग्नुभयो ।

( ) प्रधानाध्यापकले आमा र छोरी दुवैलाई सम्झाउनुभयो ।

( ) आमाको मनमा चिन्ता परेकै वेला विद्यालयबाट फोन आयो ।

( ) छोरी घर आउन अलि ढिलो हुने कुरा हजुरआमाबाट आमाले थाहा पाउनुभयो ।

( ) छोरीले कुनै सूचना नदिएकामा आमाको मनमा धेरै कुरा खेले ।


८. 'साथी' पाठबाट कुनै चारओटा प्रश्न तयार पार्नुहोस् र तिनको उत्तर साथीलाई सोध्नुहोस् ।

९. 'साथी' पाठकी पात्र शिल्पाका बारेमा पाँच वाक्य लेख्नुहोस् ।

१०. 'साथी' पाठको सन्देश एक अनुच्छेदमा लेख्नुहोस् ।

११. तपाईंका राम्रा बानी पाँच वाक्यमा लेख्नुहोस् ।

१२. तलको चित्रका आधारमा कथा बनाउनुहोस् :



१३. तल दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

हामी हिजो वनभोज गयौँ । विद्यालयबाट बिहान सात बजे बस चढ्यौँ । सबै जना रमाइलो गर्ने विचारमा थियौँ । बसभित्र गीत गाउन र नाच्न चाहन्थ्यौँ । बसभित्र नवराज गुरु पनि हुनुहुन्थ्यो । गुरुका अगाडि कसैले केही बोल्न सकेका थिएनौँ । सबै चुपचाप बसेका थियौँ ।

म अली बढी नै उत्सुक थिए । मैले नम्र भएर नवराज गुरुसँग सोधे "गुरु, आज हामी अन्ताक्षरी खेल्छौँ नि !" मेरो कुरा सुनेर गुरु मुसुक्क हाँस्नुभयो । उहाँले भन्नुभयो, "अघि नै सुरु गर्नुपर्ने यति बेलासम्म किन चुप लागेर बसेको त ?" उहाँको कुरा सुनेर हामी सबै खुसी भयौँ । कसैले हुर्रे भन्यौँ । कसैले आहा ! भन्यौँ । कोही उफ्रेर नाच्न थाल्यौँ । कसैले गीत गाउन सुरु गर्‍यौँ । मलाई लाग्यो, "हत्तेरिका ! अघि नै भन्नुपर्ने रहेछ ।"

हामी सबैले खुब रमाइलो गर्‍यौँ । शान्ति अलि लजालु स्वभावकी थिइन् । उनलाई शिक्षकको अगाडि गीत गाउन र नाच्न लाज लाग्यो । सबैले कर गरेपछि उनी पनि नाचिन् । अचानक बसले ब्रेक लगायो । हामी सबै जना हुत्तियौँ । सबै एकै स्वरमा चिच्यायौँ, "आम्मै ! के भयो ?" सबैको मनमा डर र त्रास उत्पन्न भयो । हामी सबै बसबाट ओर्लियौँ । अगाडि बाटो बिग्रिएको रहेछ । हामीलाई दिक्क लाग्यो । केही बेरमै बाटो बन्यो । हामीहरू वनभोज खाने ठाउँमा पुग्यौँ ।

माथिको घटना जस्तै तपाईंले अनुभव गरेको कुनै डरलाग्दो वा रमाइलो घटना हाउभाउसहित कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **तालिकामा दिइएका वाक्य पढ्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :**

| निम्न आदर | मध्यम आदर | उच्च आदर |
|---|---|---|
| तँ पाठ पढ्छस् । | तिमी पाठ पढ्छौ । | तपाईं पाठ पढ्नुहुन्छ । |
| उसले कथा सुनी । | उनले कथा सुनिन् । | उहाँले कथा सुन्नुभयो । |
| त्यो गीत गाउँछ । | तिनी गीत गाउँछन् । | उहाँ गीत गाउँनुहुन्छ । |

२. **तलका वाक्यलाई शिक्षकको सहायता लिई परिवर्तन गर्नुहोस् :**

| तँ खाना पकाउँछस् । | तिमी खाना पकाउँछौ । | तपाईं खाना पकाउनुहुन्छ । |
|---|---|---|
| तँ तरकारी किन्छेस् । | | |
| तैँले कथा लेखिस् । | | |
| ऊ हामीलाई बोलाउँछ । | | |
| ऊ बिदाका दिन घुम्न गयो । | | |

३. **'साथी' पाठका आधारमा तल दिइएको अनुच्छेद शुद्ध गरी लेख्नुहोस् :**

| |
|---|
| म उज्यालो हुनासाथ काममा गएकी थिएँ । त्यसैले भोक निकै लागेको थियो । खाना खान भान्सा तिर परेँ । खान रुचि भएन |

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १५ सुनेर तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कथामा कुन कुन प्राणी छन् ?

(ख) पुतली कसरी टाढा टाढासम्म पुगी ?

(ग) 'आँटी पुतली' कथाको मुख्य सन्देश के हो ?

२. गड्यौलो र पुतलीमध्ये तपाईंलाई कुन जीव मन पर्‍यो, मन पर्नुको कारण कक्षामा सुनाउनुहोस् ।

## सिर्जनात्मक कार्य

१. शिक्षकका सहायताले तल दिइएका बुँदाका आधारमा कथा लेख्नुहोस् र मिल्ने शीर्षकसमेत दिनुहोस् :

(क) गौतम बुद्धले आफ्ना चेलालाई उपदेश दिँदै गरेका

(ख) यो कुरा एक जना मानिसलाई मन नपरेको

(ग) त्यस मानिसले बुद्धलाई धेरै गाली गरेको

(घ) जति गाली गर्दा पनि बुद्ध शान्त बसेका

(ङ) गाली गर्दा गर्दा त्यो मानिस थाकेको

(च) बुद्धले त्यो मानिसलाई छेउमा बोलाएका

(छ) तिमीले दिएको सामान कसैले लिएन भने कहाँ रहन्छ ? भनेर बुद्धले सोधेका

(ज) कसैले लिएनभने सामान मसँगै रहन्छ भनेर त्यस मानिसले उत्तर दिएको

(झ) त्यसो भए तिमीले दिएको गाली मैले लिएको छैन भनेर बुद्धले भनेका

(ञ) त्यस मान्छेलाई विनाकारण बुद्धलाई गाली गरेकोमा पछुतो भएको

(ट) बुद्धले त्यस मानिसलाई माफी दिएका

(ठ) त्यस मानिसले कसैलाई कहिल्यै गाली नगरेको

# परिशिष्ट

## सुनाइ पाठ १

### उपदेश

माता पिता र गुरुको मान राख उनीहरू
जो भन्दछन् उही काम गर्ने गर खुरुखुरु
काममा जाँगरी होऊ छाडेर आलसीपन
मेल राख सबैसाथ नदेऊ डुल्नमा मन ।

खराब कामको भारी खराबै फल फल्दछ
असली कामको खास असलै फल फल्दछ
बडाको बिष झैँ अर्ती ठान्यो मानिसले जहाँ
कमायो दुःखको बाटो खान्छ धोका जहाँ तहाँ ।

*चक्रपाणि चालिसे*

## सुनाइ पाठ २

### मुसाको घमण्ड

एक दिनको कुरा हो । एक साधुले एउटा मुसालाई बिरालाले लखेट्दै गरेको देखे । त्यो देखेर साधुलाई दया लाग्यो । उनले मुसालाई बिरालो बनाइदिए । अर्को दिन त्यो बिरालालाई एउटा कुकुरले लखेटिरहेको थियो । साधुलाई त्यो देखेर फेरि दया पलायो । उनले त्यसलाई कुकुर बनाइदिए । केही समयपछि त्यो कुकुरलाई सिंहले आक्रमण गऱ्यो । साधुले त्यो हेरिरहेका थिए । उनलाई फेरि दया लाग्यो र कुकुरलाई सिंह नै बनाइदिए ।

सिंह बनेको मुसा यताउति हिँड्न थाल्यो । अब उसलाई सिंहसँग कुनै डर भएन । न त बिरालो वा कुकुरले केही गर्न सक्थ्यो । गाउँलेलाई यो रहस्य सबै थाहा थियो । गाउँलेहरू उसलाई देखेर हाँस्थे र भन्थे, “त्यो साधुले तँलाई कुनै पनि दिन मुसो बनाइदिन सक्छ, धेरै फूर्ति नगर ।”

सिंह बनेको मुसालाई लाग्यो, "यो साधु रहेसम्म म योसँग सधैं डराउनुपर्ने भयो । कुनै पनि दिन मलाई मुसो बनाइदिन सक्छ ।" उसले त्यो साधुलाई मारिदिने विचार गऱ्यो । आफ्नो कुटीतिर आउँदै गरेको सिंहको मनको कुरा साधुले बुझिहाले । मुसाको यस्तो निच बुद्धि थाहा पाएर साधु खिन्न भए । त्यसपछि साधुले भने, "तँ एकदमै स्वार्थी रहेछस् । तँलाई दया गरेर मैले गल्ती गरेको रहेछु । तँलाई सिंह बन्न सुहाउँदैन । त्यसैले अहिल्यै मुसो भई जा ।" त्यत्ति भन्नेबित्तिकै सिंह बनेको मुसो पहिले कै मुसो भयो ।

सुनाइ पाठ ३

## पैसाको बचत

पैसा सजिलैसँग कमाउन सकिँदैन । यसका लागि कडा परिश्रम गर्नुपर्छ । परिश्रम गरी कमाएको पैसा जोगाउनुपर्छ । पैसा जोगाउनु नै बचत गर्नु हो । पैसा उचित काममा खर्च गर्नुपर्छ । आफूलाई नभई नहुने वस्तु मात्र किन्नुपर्छ । पैसा खर्च गर्दा अरूको देखासिकी गर्नुहुँदैन । पैसा खर्च गर्ने योजना बनाउनुपर्छ । योजना बनाई खर्च गरे पैसा बचत गर्न सकिन्छ ।

कैयौँ मानिसले बचत गरेको पैसाबाट असल काम गरेका छन् । कतिपयले पाटीपौवा बनाएका छन् । कतिपयले धारा बनाएका छन् । कतिपयले पुस्तकालय र विद्यालय खोल्न मदत गरेका छन् । कतिपयले दीन दुःखीलाई सहयोग गरेका छन् । हामीले पनि पैसा बचत गरेर असल काममा लगाउन सक्छौँ । असल काम गर्ने मानिसलाई सबैले आदर गर्छन् । बचत गरेको पैसाले असल काम गर्न सके मानिस अमर बन्छ । समाजमा उसको मान मर्यादा बढ्छ । पैसा बचत गरेर समाजको भलो हुने काम गर्नुपर्छ ।

## सुनाइ पाठ ४

# आधुनिक सञ्चार

सञ्चार भनेको खबर वा सूचनाको आदानप्रदान हो । रेडियो, टेलिफोन, टेलिभिजन सञ्चारका साधन हुन् । इमेल र इन्टरनेट सञ्चारका माध्यम हुन् । विद्युतीय माध्यमबाट पठाइने सञ्चारलाई विद्युतीय सञ्चार भनिन्छ । रेडियो, टेलिभिजन र कम्प्युटर चलाउन विद्युत् शक्ति चाहिन्छ । आजभोलि ब्याट्री र सौर्यशक्तिबाट पनि यस्ता साधन चलाउन सकिन्छ । विद्युत् नपुगेका ठाउँमा भने विद्युतीय साधन चलाउन गाह्रो पर्छ ।

सुरु सुरुमा सञ्चारका लागि हुलाकको विकास भयो । त्यसपछि मानिसले हुलाकबाट चिठी पठाउन थाले । चिठी पठाउँदा धेरै समय लाग्ने भएपछि वैज्ञानिकले खबर छिटो पठाउने उपायको खोजी गर्न थाले । यही क्रममा टेलिफोनको आविष्कार भयो । टेलिफोनबाट मानिसले घरमै बसेर संसारभरका मानिससँग कुराकानी गर्न सक्ने भए । मानिसको सुविधाका लागि वैज्ञानिकले कम्प्युटरको पनि आविष्कार गरे । कम्प्युटर को आविष्कारसँगै इन्टरनेटको पनि विकास भयो । यससँगै चिठी पठाउने माध्यमका रूपमा इमेलको प्रयोग गर्न थालियो । आजभोलि हुलाकमा गएर चिठी पठाउनुभन्दा इमेल पठाउन सजिलो भएको छ ।

## सुनाइ पाठ ५

# साधु र युवक

कुनै गाउँमा एउटा युवक थियो । ऊ खेती किसानी गर्थ्यो । उसको जीवन सुखी थियो । एक दिन बजार जाँदा उसको भेट एक जना धनी मानिससँग भयो । धनी मानिसलाई देखेपछि उसलाई पनि धनी बन्न मन लाग्यो । उसले धन कमाउन धेरै काम गऱ्यो । केही पैसा पनि कमायो ।

केही समयपछि उसको भेट एक जना विद्वान् मानिससँग भयो । विद्वान् मानिससँग कुरा गर्दागर्दै उसलाई पनि विद्वान् बन्न मन लाग्यो । अर्को दिनदेखि काम गर्न छाड्यो र पढ्न थाल्यो । केही समयपछि उसको भेट एक जना सङ्गीतज्ञसँग भयो । सङ्गीत सुनेर ऊ मक्ख पऱ्यो । उसलाई सङ्गीतज्ञ बन्न मन लाग्यो । त्यसै दिनदेखि उसले पढ्न छोडेर सङ्गीत सिक्न थाल्यो । केही समयपछि उसको भेट एक जना

खेलाडीसँग भयो । खेलाडीको सम्मान देखेर उसलाई खेलाडी नै बन्न मन लाग्यो । ऊ खेल्न थाल्यो तर खेलाडी पनि बन्न सकेन । यसरी अनेक काममा लाग्दा लाग्दै धेरै वर्ष बिते । ऊ कुनै काममा पनि सफल हुन सकेन ।

ऊ निकै दुःखी भयो । यसै बेला उसको भेट एक जना साधुसँग भयो । साधुलाई उसले सबै कुरा बतायो । आफूले जीवनमा केही गर्न नसकेको गुनासो पनि गर्‍यो । उसका कुरा सुनेर साधु मुसुक्क हाँसे । उनले भने, "बाबु, यो संसारमा अरूले गरेको काम देखेर हामी लोभिन्छौँ अनि त्यसकै पछि लाग्छौँ । हामीले त आफूले गर्न थालेको काममा मन दिनुपर्छ अनि सफल भइन्छ । तिमी जे बन्ने हो, त्यही काममा लाग । तिमी सफल हुने छौ । पटक पटक रुचि बदल्दा कोही पनि सफल हुन सक्दैन ।"

साधुका कुरा सुनेर त्यस दिनदेखि उसले फेरि खेती गर्न थाल्यो । ऊ सधैँ सुखी भयो ।

## सुनाइ पाठ ६

### पछुतो

एउटा गाउँमा एक जना किसान बस्थे । उनले घोडा र गधा पालेका थिए । एक दिन उनले बारीको तरकारी बेच्न बजार जाने विचार गरे । उनले तरकारीका बोरा तयार पारे र गधालाई बोकाएर बजारतिर लागे । घोडा भने भारी नबोकी फुर्तीसाथ हिँडिरहेको थियो । यत्तिकैमा गधाले मलिन स्वरमा घोडालाई भन्यो, "घोडा दाइ, मेरो भारी धेरै नै गह्रुँगो भयो । तिमी रित्तै हिँडिरहेका छौ । अलिकति बोकेर मलाई सघाइदेऊ न ।"

गधाको कुरा सुनेर घोडाले भन्यो, "हेर भाइ म घोडा हुँ । मेरो काम तिम्रो जस्तो भारी बोक्ने होइन । मैले त मान्छेलाई बोक्ने हो ।" यति भनेर घोडा खुरुखुरु अगाडि बढ्यो । घोडाको कुरा सुनेर गधालाई रिस उठ्यो तर चुपचाप हिँडिरह्यो । भारी गह्रुँगो भएकाले गधालाई गाह्रो भइरहेको थियो । गधा हिँड्दाहिँड्दै थाक्यो र उठ्नै नसक्ने गरी लड्यो ।

गधा लडेपछि किसानलाई गल्ती महसुस भयो । उनले तरकारीको भारी घोडालाई बोकाइदिए । भारी कति गह्रुँगो थियो भन्ने कुरा घोडाले बल्ल थाहा पायो । उसले सोच्यो गधाले भनेको मानेको भए गधा लड्ने थिएन र यति ठुलो भारी म एक्लैले बोक्नुपर्ने थिएन । अरूलाई सहयोग नगर्दाको फल भोग्नुपरेकामा घोडाले पछुतो मान्यो ।

## सुनाइ पाठ ७

### भक्तराज आचार्य

भक्तराज आचार्यको जन्म वि.सं. १९९९ सालमा धनकुटामा भएको हो । उनका पिताको नाम बलभद्र आचार्य र माताको नाम रेणु आचार्य हो । भक्तराज आचार्य भजन शिरोमणिका नामले प्रसिद्ध रहेका छन् ।

आचार्य बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । उनी नेपालका चर्चित गायक हुन् । उनले सयौँ गीतमा स्वर दिएका छन्। उनी असल गीतकार हुन्। उनले दुई दर्जनभन्दा बढी गीत लेखेका छन् । उनी कुशल सङ्गीतकार पनि हुन् । उनले सयौँ गीतमा सङ्गीत भरेका छन् ।

आचार्यले सानै उमेरदेखि गीत गाउने गर्थे । कुनै राम्रो रचना भेटे भने त्यसमा धुन हाली गीत बनाएर गाउँथे । वि. स. २०३० सालमा रेडियो नेपालले आयोजना गरेको राष्ट्रिय गीत प्रतियोगितामा उनले उत्कृष्ट गायकको पुरस्कार पाएका थिए। त्यसपछि उनी गीत सङ्गीतको यात्रामा निरन्तर लागिरहे ।

आचार्यका 'मुटु जलिरहेछ', 'जति चोट दिन्छौ, 'जहाँ छन् बुद्धका आँखा' जस्ता गीत निकै चर्चित रहेका छन्। उनका गीतमा मानवीय भावना समेटिएको पाइन्छ। नेपाली गीत सङ्गीतको विकासमा उनको विशेष योगदान रहेको छ।

## सुनाइ पाठ ८

### स्याउ खेती

मङ्गल शेर्पा स्याउ किसान हुन् । उनले आफ्नो बारीभरि स्याउका बोट लगाएका छन्। उनी स्याउ बेच्न स्याउ सङ्कलन केन्द्रसम्म पुग्छन्। उनले स्याउबाट मनग्य आम्दानी गरेका छन्। स्याउको आम्दानीबाट छोराछोरीलाई राम्रो शिक्षा दिएका छन्।

शेर्पाले बारीमा फरक फरक प्रजातिका स्याउ लगाएका छन् । उनले आफ्नो स्याउ खेतीलाई मङ्गल स्याउ उत्पादन प्रा. लि. का नाममा दर्ता गराएका छन् । उनलाई जिल्ला कृषि कार्यालयले केही पैसा अनुदानसमेत दिएको छ। उनले अनुदानबाट प्राप्त पैसा स्याउका बोट थप्नमा खर्च गरेका छन् ।

शेर्पाले स्याउ खेतीबाट चार जनालाई रोजगारसमेत दिएका छन् । उनी स्याउबारीमा आफैँ पनि खटिन्छन्। फुर्सद हुनासाथ छरछिमेकमा जान्छन् र स्याउको बखान गर्न थाल्छन्। उनी छिमेकीलाई स्याउ खेतीको फाइदा र महत्त्वबारे सबै कुरा

बताउँछन् । उनी भन्छन्, "स्याउ खानाले कब्जियत हुँदैन । मुटु रोग लाग्दैन । हड्डी बलियो हुन्छ । खाना पचाउन मदत मिल्छ । यसले मोटोपन घटाउँछ । बोक्रासहित स्याउको सेवन गर्नाले पित्त थैलीमा पत्थरी हुँदैन ।" उनी स्याउ खेती गर्न सबैलाई यसैगरी प्रोत्साहन गर्छन् । मङ्गल शेर्पा छिमेकीमाझ स्याउ बाजेका रूपमा परिचित छन् ।

## सुनाइ पाठ ९

### बिच्छी र महात्मा

चुरे पर्वतनजिकै एउटा ठुलो नदी थियो । वरपरका मानिस त्यस नदीको किनारतिर घुम्न जान्थे । घुरहु पनि बिदाका दिन साथीहरूसँग घुम्न गएका थिए । उनले एक जना महात्मा खोलामा नुहाउँदै गरेको देखे । अचानक उनका अगाडि एउटा बिच्छी बग्दै आयो । महात्माले बिच्छीलाई देखे । उनले बिच्छीलाई समाए । अचानक बिच्छीले उनको हातमा टोक्यो । महात्मा आत्तिए र हात हल्लाए । त्यो फेरि पानीमै पऱ्यो । महात्माले पुनः त्यसलाई समाएर किनारतिर ल्याउन खोजे । त्यसले फेरि टोक्यो । महात्माले फेरि हात झड्कारे । बिच्छी फेरि पानीमा झऱ्यो । महात्माले पटक पटक बिच्छीलाई बचाउने प्रयास गरे । जति पटक बचाउन खोज्दा पनि बिच्छीले डस्न छोडेन । महात्माले त्यसलाई बचाउने प्रयास गरिरहे ।

यो सबै हेरिरहेका घुरहु महात्माको नजिकै गएर सोधे, "बिच्छीले हजुरलाई पटक पटक टोक्छ । हजुर किन त्यसलाई बचाउन खोजिरहनुभएको छ ?" घुरहुको कुरा सुनेर महात्मा मसुक्क हाँसे । उनले भने, "बिच्छी पानीमा डुब्न लागेको थियो । यसलाई बचाउनु मेरो कर्तव्य थियो । आपत्‌मा परेकालाई सहयोग गर्नु मेरो धर्म पनि हो । टोक्ने त बिच्छीको स्वभाव नै हो । बिच्छीले जस्तै अरूले पनि दुःख दिन सक्छन् । हामीले आफ्नो कर्तव्य कहिल्यै भुल्नुहुँदैन !"

## सुनाइ पाठ १०

### पिँजराको चरा

चरा ! किन ठुङ्छ्यौ तिमी पिँजराको डन्डी ?
मन पर्दैन कत्ति मलाई यस्तो घेराबन्दी ।
यो त घर बुट्टेदार हेर कति झ्याल
तर यहाँ देख्छु म त ज्युँदै आफ्नै काल ।
खानलाई दाना छ नि पिउनलाई पानी
जिन्दगानी दानापानी मात्र होइन नानी ।
कसो गरे हुन्छ तिम्रो जिन्दगानी राम्रो ?
सिङ्गै आकाश अँगालेर हिँड्ने बानी हाम्रो ।

*दुर्गालाल श्रेष्ठ*

## सुनाइ पाठ ११

### अर्घा दरबार

नेपाल पुरातात्त्विक दृष्टिले सम्पन्न मुलुक हो । नेपालमा थुप्रै प्राचीन दरबार रहेका छन्, जसमध्ये अर्घा दरबार पनि एक हो । अर्घा दरबार अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकामा पर्छ । यो दरबार सात सय वर्षअघि चौबिसे राजाको शासनकालमा निर्माण गरिएको हो । यस दरबारमा चारओटा प्राचीन भवन रहेका छन् । यहाँबाट चारैतिरको प्राकृतिक दृश्य अवलोकन गर्न सकिन्छ ।

अर्घा दरबार ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण रहेको छ । यस दरबारमा महाकालीदेवी भगवतीको मन्दिर पनि रहेको छ । त्यसैले यो दरबार अर्घा भगवती मन्दिरका नामले समेत चिनिन्छ । यस दरबारमा बर्सौं पुराना घण्ट, मूर्ति र हतियार राखिएका छन् । अर्घा दरबारमा विजया दशमीका दिन मानिस जम्मा भई सामूहिक रूपमा टीका लगाउने चलन रहेको छ । यहाँ कोजाग्रत पूर्णिमाका दिन ठुलो मेला लाग्छ । मेला भर्न नेपाल र भारतका विभिन्न ठाउँबाट हजारौँ धर्मावलम्बी आउँछन् । अर्घा भगवतीको पूजाआजा गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ ।

## सुनाइ पाठ १२

# प्रेरणा

काठमाडौँमा नयाँ सडक भन्ने ठाउँ छ । नयाँ सडकमा एउटा पिपलको बोट छ । त्यहाँ पत्रपत्रिका किन्नेको भिड हुन्छ । मान्छे भेटघाट गर्ने थलाका रूपमा पनि त्यस ठाउँलाई लिइन्छ । शिक्षक डोल्मा त्यहीँ पत्रिका किन्दै थिइन् । "नमस्कार, गुरुआमा ।" यो आवाज सुनेर डोल्मा झस्किइन् । उनले पछाडि फर्केर हेरिन् । सुकिलो लुगा लगाएको एउटा मोटो र हँसिलो केटो उनका अगाडि उभिएको थियो । उनले त्यस केटालाई तलदेखि माथिसम्म हेरिन् । "हजुरले मलाई चिन्नुभएन र ।"

डोल्माले कृष्णलाई बिर्सिसकेकी थिइन् । उनी अलमलिएको देखेर त्यस केटाले फेरि भन्यो, "हजुरले मलाई काम गर भनेर दुई सय रुपियाँ दिनुभएको होइन ? मैले त्यसैले जुत्तामा पालिस लगाउने सामान किनेँ । अहिले यही पिपलको बोटमुनि बसेर पालिस लगाउने काम गर्छु । मैले डेरा पनि लिइसकेँ ।" एकछिन रोकिएर उसले फेरि भन्यो, "हजुरले त्यति बेला दिनुभएको दुई सय रुपियाँ म आज फिर्ता गर्छु । हजुरले गर्दा नै मैले मिहिनेत गर्न जानेँ, स्वावलम्बी बन्न सिकेँ । कृपया यो पैसा लिनुहोस् ।" यति भनी उसले डोल्मालाई दुई सय रुपियाँ फिर्ता दियो ।

"ए...। के गरेको ।" डोल्मालाई अचम्म लाग्यो । डोल्माले एक डेढ वर्ष पहिलाको कुरा सम्झिन्, एउटा केटो बाटामा एक रुपियाँ पाऊँ भनी माग्दै थियो । उनले त्यस केटालाई दुई सय रुपियाँ दिएकी थिइन् । कृष्णले झुत्रो र मैलो लुगा लगाएको थियो । डोल्माले दिएको पैसाले एउटा माग्ने केटाले आज राम्रो काम गर्‍यो । यो देख्दा उनलाई ज्यादै खुसी लाग्यो । उनका आँखाबाट खुसीका आँसु झरे । उनले कृष्णको टाउकामा हात राख्दै भनिन् "अहो ! तिमीले त ज्यादै राम्रो काम गर्‍यौ, स्याबास ।"

डोल्माले त्यो दुई सय रुपियाँ कृष्णलाई फिर्ता दिँदै भनिन् "यो दुई सय रुपियाँ तिमी जस्तै कोही पनि नभएको मानिसलाई देऊ । उसलाई पनि कुनै काम गरेर खाऊ, भन । तिमी आफू कसरी माग्नेबाट स्वावलम्बी केटो बन्यौ, त्यो पनि उसलाई भन ।" अब तिमी चाहिँ पढ्न पनि थाल है ।" यति भनेर शिक्षक डोल्मा फटाफट हिँडिन् ।

## सुनाइ पाठ १३

### जगेनी जात्रा

जगेनी जात्रा दार्चुला जिल्लाको व्याँस गाउँपालिकामा मनाइने सांस्कृतिक जात्रा हो । यो जात्रा हुतीमा रहेको ब्रह्म मन्दिरको प्राङ्गणमा मनाइन्छ । जगेनी जात्रा तीन तीन वर्षको अन्तरालमा पर्छ । यो मङ्सिर पुस महिनामा लगातार तीन दिनसम्म मनाइन्छ । यसलाई सबै जातजातिको साझा जात्रा मानिन्छ । जगेनी जात्रामा जुमा, स्याँकु र हिकिलाका श्रद्धालु सहभागी हुनैपर्ने चलन छ । यस जात्राको तयारी एक वर्ष अगाडि देखि नै गरिन्छ । जात्रा मनाउनुभन्दा एक महिना अगाडिबाट श्रद्धालु महिला रातभरि जाग्राम बस्छन् । जाग्राम सकिएको दिन स्याँकुबाट भक्तजन जात्रा स्थल आइपुग्छन् । स्याँकुबाट आएका श्रद्धालुको पूजाकार्य सकिएपछि मात्रै जात्रा आरम्भ हुन्छ ।

जगेनी भर्न गाउँअनुसार फरक फरक समूहमा श्रद्धालु आउँछन् । यसरी आउने श्रद्धालुको समूहलाई गर्खाल भनिन्छ । यस जात्रामा १०/१५ ओटा गर्खाललाई निम्तो गरिन्छ । गर्खाल पालैपालो पञ्चेबाजा बजाउदै जात्रा स्थल प्रवेश गर्छन् । तीन दिनसम्म निरन्तर पूजाआजा गर्छन् । जात्रा स्थलमा देउडा नाच नाच्छन् । आरती गर्छन् । एकापसमा खुसी साटासाट गर्छन् । जगेनीको अन्तिम दिन सम्पूर्ण गर्खाललाई आयोजकले खाना खुवाएर बिदाइ गर्नुपर्ने चलन छ । जात्राले सबैको मनोकामना पूरा गर्ने जनविश्वास रहेको छ ।

## सुनाइ पाठ १४

### फूलबारी

फूलबारीमा फुलेका छन् राता सेता फूल
फूलबारीमा फोहोर गर्ने गर्दिनँ है भुल ।

भुइँभरि पलाउँछन् धेरै झारपात
झार गोडी सधैँ आफैँ धुने गर्छु हात ।

आफैँ रोप्छु बोटबिरुवा आफैँ हाल्छु पानी
गोडमेल आफैँ गर्छु बन्छु सधैँ ज्ञानी ।

सधैँ मिली बसेका छन् फूलबारीका फूल
फूलको रस चुस्न आउँछन् माहुरीका हुल ।

फूलसँगै खेल्छु म त फूलसँगै हाँस्छु
फूलसँगै अब म त नयाँ नाता गाँस्छु ।

## सुनाइ पाठ १५

### आँटी पुतली

पुतली र गँड्यौलो साथी साथी थिए । उनीहरू माटामुनि सँगसँगै बस्थे । एक दिन पुतलीले भनी, "कति माटामुनि बस्नु ! बाहिरी संसार पनि हेरौँ न ।"

"बाहिर खतरा छ ! भो नजाऔँ । यही माटामुनि कति आनन्द छ ।" गड्यौलाले भन्यो । उनीहरू माटामा अझै घुस्रिए ।

अर्को दिन फेरि पुतलीले भनी, "म त ज्यादै आत्तिए । यसो बाहिर हेर्छु है ।"

"हेर्नसम्म हेर । तर पर पर नजाऊ नि । फेरि ज्यान जाला । आफ्नो ज्यान आफैँले बचाउनुपर्छ ।" गड्यौलाले भन्यो ।

पुतलीले यसो बाहिर हेरी । केही पर एउटा फट्याङ्ग्रो देखी । ऊ बुर्लुक्कबुर्लुक्क उफ्रँदै थियो । पुतलीलाई फट्याङ्ग्रो भएको ठाउँसम्म जान मन लाग्यो तर डराई । टाढा टाढाबाट उसले नसुनेका अनेक आवाज आइरहेका थिए । ऊ माटाभित्रै फर्किई ।

दुईतीन दिनपछि पुतलीलाई फेरि बाहिर जाऊँ जाऊँ लाग्यो । एक पटक त्यो फट्याङ्ग्रालाई भेटेर फर्कन्छु भन्ने सोची । ऊ बाहिर निस्की । डराई डराई फट्याङ्ग्रानिर पुगी र सोधी, "साथी, तिमी कता जाँदैछौ ?"

संसारको यात्रामा निस्केको नि । कता जाने भन्नु ।

हामीले पनि संसारको यात्रा गर्न सक्छौँ ?

किन नसक्नु ? आँट चाहिन्छ, आँट ।

तिमीलाई यो आँट कसले दिएको नि ?

आँट पनि अरूले दिनु पर्छ र ? आफै आँट्यो, आफै हिँड्यो ।

यसरी हिँड्दा खतरा हुँदैन ?

डरपोकलाई खतरा हुन्छ । आँटीलाई केको खतरा ?

फट्याङ्ग्राका कुराले पुतलीलाई छोयो । तर पनि ऊ आफ्नै बासस्थानतिर फर्की । उसले साथीलाई फट्याङ्ग्रासँग भएका सबै कुरा भनी । साथीका कुराले गड्यौलामा भने कुनै परिवर्तन आएन ।

पुतलीले भने कम्मर कसी । गड्यौलासँग बिदावारी भएर भोलि पल्टै निस्की । फट्याङ्ग्रो केही मात्र पर पुगेको थियो । ऊ एक फड्को मारेपछि के के न जिते ठान्थ्यो । पुतलीले उसलाई पनि छाडिदिई । ऊ पर पर पुगी । उसलाई बाहिरी संसार राम्रो लाग्यो ।

कतै फूल फुलिरहेका । कतै झरना झरिरहेका । कतै चरी उडिरहेका । कतै समथर । कतै पहाड । आहा ! कति रमाइलो संसार ।

संसार हेरेर पुतली मक्ख परी । डाँडापारि के होला ? उसलाई उडेर डाँडापारि पुग्न मन लाग्यो । प्रकृतिले उसलाई साथ दियो । उसले जे जे मागी त्यही त्यही दियो । पुतली रङ्गीविरङ्गी भएर संसार घुम्न थाली ।

गड्यौलो साथीबाट धेरै पर भयो । माटामुनि घुस्रेर बस्दा न उसले नाक पायो न कान पायो । न आँखा पायो न पखेटा पायो । न हात पायो । न त खुट्टा पायो । चाहेको भए पो पाउनु । पुतलीले भने धेरै कुरा चाही । चाहेका सबै कुरा पाई । प्रकृतिले जसले जे चाहन्छ, त्यही दिँदो रहेछ ।

रामबाबु सुवेदी